# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

श्रीओम श्रेष्ठ 'रोदन' (वि.सं. २०१९) नेपाली साहित्यमा विविध विधाहरू निबन्ध, कथा, नियात्रा र लघुकथा कलम चलाएपनि उनको मूल विधा निबन्ध हो । कला, साहित्य र साहित्यिक पत्रकारितामा योगदान गरिरहेका 'रोदन' साहित्यको फाँटमा वि.सं. २०३८ सालदेखि झुल्किएका हुन् । "संवेदनाका स्वरहरू" (२०५४) साहित्यकार 'रोदन' को प्रकाशनका दृष्टिले तेस्रो कृति भएता पनि निबन्ध विधाको प्रकाशित पहिलो निबन्ध सङ्ग्रह हो । यसभित्र जम्मा सोह्रा वटा निबन्धहरू सङ्कलित छन् । त्यस्तै, "अर्थहीन अर्थहरू" (२०५५) निबन्ध सङ्ग्रह, "समयमा सम्भावनाहरू" (२०५९) निबन्ध संग्रह, "एक्लो परिचय" (२०६९) "समुन्द्रवारि समुन्द्र वारि" (२०६०) नियात्रा सङ्ग्रह, "नविर्सने दिनहरू" (२०६२) नियात्रा सङ्ग्रह समेत गरी आधा दर्जनभन्दा बढी निबन्धहरू लेखेका छन् ।

नेपाली साहित्यको फाँटलाई फैलाउनमा महत्त्ववपूर्ण भूमिका निर्वाह गर्ने श्रीओम श्रेष्ठ 'रोदन' को निबन्धकारिताको अध्ययन हालसम्म नभएको र यसको अध्ययन गरी निष्कर्षमा पुग्नु आवश्यक देखिएकाले विषयलाई शोधको विषय बनाइएको हो ।

## १.२ समस्या कथन

निजात्मक निबन्धकार श्रीओम श्रेष्ठ 'रोदन' को निबन्धकारिता र उनका निबन्धहरूको विस्तृत व्याख्या विश्लेषण र विवेचनात्मक केन्द्रित रहने यो शोधपत्र निम्न लिखित मुख्य शोध समस्याको विवेचनामा केन्द्रित रहेको छ ।

- श्रीओम श्रेष्ठ 'रोदन' को निबन्ध यात्रा कस्तो छ ?
- श्रीओम श्रेष्ठ 'रोदन' का निबन्ध सङ्ग्रहको विषयगत विशिष्टता कस्तो छ ?

- श्रीओम श्रेष्ठ 'रोदन' का नियात्रा सङ्ग्रहको विषयगत विशिष्टता कस्तो छ ?
- श्रीओम श्रेष्ठ 'रोदन' का निवन्ध र नियात्राका प्रमुख प्रवृत्ति के हुन् ?

## १.३ शोधको उद्देश्य

साहित्यकार श्रीओम श्रेष्ठ 'रोदन' को निबन्धकारितामा आधारित यो शोधकार्यको समस्या समाधानका लागि निम्नानुसार उद्देश्यहरू निर्धारण गरिएको छ ।

- श्रीओम श्रेष्ठ 'रोदन' को निबन्ध यात्राको अध्ययन गर्नु ।
- श्रीओम श्रेष्ठ 'रोदन' को निबन्ध सङ्ग्रहरूको विषयगत विशिष्टता अध्ययन गर्नु ।
- श्रीओम श्रेष्ठ 'रोदन' को नियात्रा संङ्ग्रहरूको विषयगत विशिष्टता अध्ययन गर्नु ।
- श्रीओम श्रेष्ठ 'रोदन' को निबन्ध र नियात्रागत प्रवृत्तिहरूको पहिचान गर्नु ।

## १.४ पूर्व कार्यको समीक्षा

नेपाली साहित्यको इतिहांसमा श्रीओम श्रेष्ठ 'रोदन' को आफ्नै स्थान छ । विगत दुई दशकदेखि सक्रिय रूपमा नेपाली साहित्यमा साधनारत साहित्यकारका बारेमा कुनै खोज अनुसन्धान नभएपनि विभिन्न व्यक्ति तथा समालोचकहरूले विभिन्न दृष्टिकोणबाट उनका कृतिहरूलाई कुनै एक पक्षमा रही विभिन्न समालोचकीय दृष्टिकोण पेश गरेको पाइन्छ । उनका निबन्धकारिताका बारेमा भएका अध्ययन अनुसन्धन, टीका टिप्पणी, समीक्षा, समालोचना आीद जे छन् तिनको कालक्रमिक समीक्षा प्राप्त भएसम्म यहाँ प्रस्तुत गरिएको छ ।

भट्टराईले हिमालय टाइम्स (वर्ष ३, अङ्क ३१२२, २०५५) दैनिक “संवेदनाका स्वरहरू” निबन्ध सङ्ग्रहको समीक्षा गर्दै 'युवतीका संवेदना जस्तै संवेदना का स्वरहरू' शीर्षकमा श्रीओमको निबन्धको प्रशंसा गर्दै आफ्ना जीवनका अनुभूतिलाई अरुको जस्तै पार्न सक्नु उनको लेखाइको सफलता हो । भनेर उल्लेख गरेका छन् ।

शारदा अधिकारीले मधुपर्क मासिक (वर्ष ३१, अङ्क ३४८, २०५५) मा साहित्य क्षेत्रमा केही गर्ने सोच लिएर निबन्ध लेखेको र पछिल्ला निबन्धकारहरूलाई नपछ्याई नयाँ युवा र जोशका साथ नयाँ आयम थप्न सक्ने भनेर 'कम्मर कसेका युवा पुस्तका सङ्ग्रह' शीर्षकमा श्रीओमको 'संवेदनाका स्वरहरू' निबन्ध सङ्ग्रहको समीक्षा गरेकी छिन् ।

रामेश्वर राउत 'मातृदास' ले 'अर्थहीन अर्थहरू' निबन्ध सङ्ग्रहको समीक्षा गर्ने क्रममा रूपरेखा पत्रिका (वर्ष ३, अङ्क १६, २०५५) मा 'अर्धहीन अर्थ भित्रका अर्थहरू' शीर्षकमा विकृति विकार र कुसंस्कार हटाउँदै मानव कल्याण र परोपकारको निम्ति लेखिएको निबन्धहरू भनेर श्रीओमको निबन्ध सङ्ग्रहका बारेमा चर्चा गरेका छन् ।

रमेश गोर्खालीले समिष्ट पत्रिका (वर्ष २३, अङ्क ६, २०६०) 'समयका सम्भावनाहरूमा स्रष्टाको आयामिक अनुभूति' शीर्षकमा श्रीओमको निबन्धगत प्रवृत्ति छुट्याउँदै सत्यम शिवम् सुन्दरम्द्वारा आधुनिक नेपाली निबन्धलाई गौरवान्वित तुल्याउने स्रष्टाका रूपमा श्रीओमलाई चिनाएका छन् । 'समयका सम्भावनाहरू' नवमनोविश्लेषणबादी उत्तर आधुनिकतावादी मतले सङ्ग्रहीत निबन्धहरू सञ्चित भएको चर्चा गरेका छन् ।

मनोजले कान्तिपुर दैनिक (वर्ष ११, अङ्क १०९, २०६०) मा 'समयका सम्भावनाहरू निबन्ध सङ्ग्रह श्रीओमले जीवन जगतका विसङ्गतिहरूबीच सुधारको आशा गर्दैलेखिएको निबन्धहरूको सङ्ग्रह भन्दै 'राम्रोसँग नवुनेका निबन्ध' शीर्षकमा सङ्ग्रहभित्रका निबन्धमा बारेमा चर्चा गरेका छन् ।

कृष्ण गौतमले अभिव्यक्ति पत्रिका (पूर्णाङ्क ११८, २०६१) मा 'श्रीओमको निबन्धकला' शीर्षक दिएर श्रीओमका निबन्धहरू शैलीशिल्प र कथ्य विषयमा सचेत मानवताको पक्षधर र भावनायुक्त बौद्धिकताको सहज सम्प्रेषण भएको चर्चा गर्दै सङ्ग्रहले विविध विषयहरूलाई समेटेको बताएका छन् ।

स्वागत नेपालले नेपाल समाचार पत्र दैनिक (वर्ष ९, अङ्क १९५, २०६१) मा प्रकाशित लेखमा 'समुन्द्रपारि समुन्द्रवारि' नियात्रा सङ्ग्रहले यात्रा वर्णन लेख्ने नयाँ पिंढीका लेखकहरूमा श्रीओम श्रेष्ठले यात्रा वर्णन साहित्यमा नयाँ इटा थपिदिने काम गरेको उक्त कुरालाई वाङ्देलले पनि स्वीकार गरेको भनी 'वाङ्देलको अन्तिम भूमिका रोदन' शीर्षकमा उल्लेख गरेका छन् ।

कृष्ण ढकालले गरिमा मासिक (वर्ष २३, अङ्क १००, २०६१) मा 'यात्रामा साहित्य' शीर्षकमा श्रीओमले यात्रा वर्णनका क्रममा भोगेका घटनाहरूलाई अत्यन्त रोक, मर्मस्पर्शी र संवेदनशील रूपमा लेखेर पाठक समक्ष ल्याएको नियात्रा सङ्ग्रह समुन्द्रपारि समुन्द्रवारि र यसले् पाठकहरूको सजिलै मन जित्न सक्ने कुरा व्यक्त गरेका छन् ।

लक्ष्मी प्रसाद गौतमले गरिमा मासिक (वर्ष २६, अङ्क ४) मा 'समयका सम्भावनाहरूमा प्रतिध्वनित यथार्थ' शीर्षकमा श्रीओमका निबन्धात्मक प्रवृत्ति एवम् कृतिभित्रका निबन्धहरूको अर्न्तवस्तु र उपकरण खुट्याउँदै सङ्ग्रहभित्र प्रस्तुत समसामयिक यथार्थ अनुभूतिको विर्कीणता तथा लेखनीय आत्मप्रकाशनको समेत चर्चा गरेका छन् ।

ठाकुर प्रसाद पोखरेलले गरिमा मासिक (वर्ष २६, अङ्क ३, २०६४) मा 'रोदनको निबन्धकारिता' शीर्षकमा श्रीओमको कथा र कवितामा मात्र नभएर निबन्धको फाँटमा पनि उनको योगदान देखिन्छ । सङ्ख्या गुणस्तर र विविध सार्थक चिन्तनले नेपाली निबन्धकारको पङ्क्तिमा उनको उल्लेखनीय स्थान रहेको छ । उनका निबन्धमा आफ्नै स्वत्व झल्किन्छ भनी उल्लेख गरेका छन् ।

साहित्यकार श्रीओम श्रेष्ठ 'रोदन' ले नेपाली साहित्यका विविध विधामा कलम चलाएका छन् । उनले अन्य विधाको तुलनामा निबन्धमा क्षेत्रमा महत्त्वपूर्ण साहित्यिक योगदान दिइसकेका छन् । उनका निबन्धहरूको बारेमा विभिन्न पत्रपत्रिकाहरूमा विविध विषयमा प्रकाशित भएपनि ती व्यवस्थित अध्ययन अनुसन्धानका निम्ति

गरिएका होइनन् । तसर्थ उनको निबन्धकारिता सम्बन्धी व्यवस्थित अध्ययन गर्न यो शोधकार्यको उद्देश्य रहने छ ।

## १.५ अध्ययनको औचित्य

नेपाली भाषा साहित्य र संस्कृतिका क्षेत्रमा कलम चलाउने श्रेष्ठ 'रोदन' विशेषतः निबन्धकार हुन् । आधुनिक नेपाली निबन्ध परम्पराको समसायमिक मोडमा देखापर्ने निजात्मक शैलीका निबन्धकार श्रेष्ठ 'रोदन' को निबन्धकारिता र उनका सबै निबन्धहरूमा विस्तृत र व्यवस्थित अध्ययन गरिएको छैन । श्रेष्ठ 'रोदन' को निबन्धकारिताको व्यवस्थित रूपमा गरिने अध्ययनले उनको र उनका निबन्धहरूको बारेमा सम्पूर्ण जानकारी पाठक समक्ष प्रस्तुत हुने भएकाले यो शोधप्रस्ताव स्वतः औचित्यपूर्ण हुनेछ । यो शोध प्रस्तावको सैद्धान्तिक आधारमा गरिने अनुसन्धानबाट श्रीओम श्रेष्ठ 'रोदन' को निबन्धकारिताको खोज अन्वेषण गर्ने अन्वेषकहरू लाभान्वित हुने र तथ्य सङ्कलनमा सहयोग पुग्ने हुनाले यो शोधपत्रको आफ्नै महत्त्व छ ।

## १.६ सामग्री सङ्कलन

प्रस्तुत शोध तयार पार्ने क्रममा पुस्तकालयीय कार्यलाई सामग्री सङ्कलनका लागि अङ्गिकार गरिएको छ । यसका साथै शोधनायकसँग प्रत्यक्ष भेट गरी प्रश्नावली र अन्तर्वार्ताका माध्यमबाट लिखित एवम् मौखिक रूपमा आवश्यक जानकारी लिइएको छ ।

## १.७ अध्ययन विधि

प्रस्तुत शोधकार्यमा निबन्धकारिताको लागि संक्षिप्त वर्णनात्मक पद्धति अपनाइएको छ । सङ्कलित सामग्रीहरूलाई विश्लेषण गर्दा कृतिपरक समालोचना प्रणालीका आधारमा निबन्धात्मक कृतिको विश्लेषण गरिएको छ भने विश्लेषणात्मक पद्धतिमा आधारित भई निबन्धात्मक कृतित्वको विश्लेषण गरिएको छ । उनका मूलभूत प्रवृत्तिहरूको निरूपण गरी उनको योगदानको मूल्याङ्कन गर्दै वस्तुगत निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

साहित्यकार श्रीओम श्रेष्ठ 'रोदन' का नेपाली साहित्यका विविध विधाहरूमा कविता, लघुकता निबन्ध र नियात्रा जस्ता पुस्तककार कृतिका रूपमा प्रकाशित भएका छन् । यस शोध कार्यमा श्रीओम श्रेष्ठ 'रोदन' को निबन्धकारिताका विविध आयामहरू माथि प्रकाश पार्दै समकालिन नेपाली साहित्यमा उनको योगदान बारे चर्चा गरिएको छ । साथै उनका उपलब्ध निजात्मक शैलीका निबन्धहरूको वस्तुपरक चर्चा गरिएको छ ।

श्रीओम श्रेष्ठ 'रोदन' को निबन्धकारिता को खोजी गर्नु मूल क्षेत्र रहेकाले यस शोधकार्यमा उनको निबन्ध र नियात्रा सङ्ग्रह बाहेक अन्य साहित्यिक कृतिहरूको सूक्ष्म र सर्वपक्षीय अध्ययन विश्लेषण गरिएको छैन ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित र सङ्गठित रूपमा प्रस्तुत गर्न निम्नलिखित ६ परिच्छेदमा विभाजन गरिएको छ । यस शोधपत्रको मुख्य रूपरेखा वा सङ्गठन यस प्रकार रहेको छ :

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : निबन्ध र यात्रा साहित्यको सैद्धान्तिक परिचय

तेस्रो परिच्छेद : श्रीओम श्रेष्ठ 'रोदन' को निबन्ध यात्रा

चौथो परिच्छेद : श्रेष्ठ 'रोदन' को निबन्ध सङ्ग्रहरूको विश्लेषण

पाँचौं परिच्छेद : श्रीओम श्रेष्ठ 'रोदन' को नियात्रा सङ्ग्रहरूको विश्लेषण

छैटौं परिछेद : श्रीओम श्रेष्ठ 'रोदन' को निवन्ध र नियत्रागत  प्रवृत्तिको विवेचना

सातौं परिच्छेद : उपसंहार

यस शोधका अन्त्यमा परिशिष्ट र सन्दर्भग्रन्थ सूची दिइएको छ ।

# परिच्छेद दुई

# निबन्ध र यात्रा साहित्यको सैद्धान्तिक परिचय

## २.१ निबन्धको सैद्धान्तिक चिनारी

साहित्यका श्रव्य र दृष्य गरी दुई भेद छन् । साहित्यको श्रव्य भेद अन्तर्गत दुई हाँगा गद्य र पद्य मध्य निबन्ध गद्य भाषामा लेखिन्छ । साहित्यको कविता, आख्यान र नाटक जस्तै निबन्ध पनि एक हो । 'निबन्ध विषयकेन्द्रित लेखन हो । यसमा विचार विमर्शको रूपमा आएको हुन्छ । निबन्ध विषयको केन्द्रीयता भित्र लेखन वा चिन्तकको आत्मप्रकाशन पनि हुनुपर्दछ ।[१] निबन्धलाई साहित्यिक र साहित्यत्तेर गरी दुई प्रकारका छुट्याउन सकिन्छ ।

### २.१.१ निबन्धको पूर्वीय मान्यता

निबन्ध तत्सम शब्द हो । 'नि' उपसर्ग रहने 'बन्ध' धातुमा 'घञ' प्रत्यय लागेर निबन्ध शब्दको निर्माण भएको छ ।[२] 'नि' उपसर्ग रहने 'बन्ध' धातुमा 'अच' प्रत्यय लगाएर पनि निबन्ध शब्दको निर्माण भएको पाइन्छ । यसको व्युत्पत्तिगत अर्थ भने 'निबध्नातीति निबन्ध' भन्ने हुन्छ ।[३] हेमचन्द्रले यसको प्रयोग मूत्ररोधन रूपी रोग तथा बन्धनको अर्थमा गरेका छन् ।[४] वासवदता र न्यायमञ्जरीमा ग्रन्थ रचनाका अर्थमा र तत्व दीपनको अनेक तत्वहरूको सङ्गृहीत सानो साहित्यि कलाको चमत्कृत शब्दको प्रयोग भएको देखिन्छ ।[५] वर्तमान समयमा निबन्धले जुन अर्थ दिन्छ त्यो अर्थ प्राचीन युगमा पाइदैनथ्यो । यसको मुख्य कारण संस्कृत साहित्यमा अर्को जस्तो निबन्ध विधाको सिर्जना भएको थिएन । नेपाली साहित्यमा आधुनिकताको प्रभाव पाश्चात्य साहित्यको वरदान भएकोले निबन्ध विधा पनि पाश्चात्य साहित्यको उपज मान्न सकिन्छ ।

---

१ गोपीकृष्ण शर्मा, नेपाली निबन्धको परिचय

२ राजेन्द्र सेवदी, स्रष्टा सृष्टि : द्रष्टा दृष्टि, ते.से.

३ ऐजन ।

४ ऐजन ।

५ देवीगौतम र खगेन्द्र लुइटेल, नेपाली निबन्ध

## २.१.२ निबन्धको पाश्चात्य मान्यता

अङ्ग्रेजीमा निबन्धलाई एस्से भनिन्छ । यो फ्रान्सेली शब्द एसाइबाट आएको हो । यसको अर्थ प्रयास वा प्रयत्न हुन्छ ।[६] पाश्चात्य साहित्यमा निबन्ध प्रयोग गर्ने प्रथम व्यक्ति फ्रान्सेली साहित्यकार मोन्तेन हुन् । साह्रौं शताब्दीको अन्त्यतिर उनले आफ्नो रचनालाई एसाई भन्ने नाम दिएका थिए, जसको अर्थ 'प्रयास' हुन्छ ।[७] मोन्तेनले आफ्ना रचनामा आफूलाई विषयवस्तु बनाएर प्रस्तुत गरेका छन् । म नैं मेरो निबन्धको विषयवस्तु हुँ र मलाई सबभन्दा नजिकबाट चिन्ने व्यक्ति म हुँ । फ्रान्सिस बेकन, "निबन्धलाई वस्तुपरक ढङ्गबाट चिनाउँदै विकीने चिन्तनको समग्र प्रस्तुतीकरण निबन्ध हो भन्दछन् ।"[८]

पाश्चात्य साहित्यमा निबन्धका नामहरू विभिन्न रूपमा प्रचलित छन् । ग्रिसेली भाषामा निबन्धलाई 'एसिज' भनिन्छ । जसको अर्थ हुन्छ प्रयास गर्नु । यसलाई फ्रान्समा मोन्तेनले एस्से नाम दिए जसको अर्थ पनि प्रयास गर्नु हुन्छ । तसर्थ आजको निबन्ध पाश्चात्य साहित्यको देन हो ।

पूर्वीय संस्कृति साहित्यमा निबन्ध शब्दको प्रयोग हुँदै आए पनि त्यसले साहित्यको विशिष्ट गद्य विधालाई बुझाउन सकेको देखिदैन तर पाश्चात्य 'एस्से' शब्दले आरम्भदेखि नैं साहित्य रचनाको अर्थ वहन गरेर व्यापक अर्थमा गद्यविधा विषयलाई समेट्दै आएको छ । त्यसर्थ नेपाली निबन्ध शब्दको अर्थ पूर्वीय व्युत्पत्तिमूलक अर्थभन्दा पाश्चात्य एस्सेसँग नै निकट रहेको देखिन्छ । एस्सेको समनार्थी शब्दको रूपमा नेपाली 'निबन्ध' शब्द प्रचलिन भएको छ ।

## २.१.३ निबन्धको परिभाषा

साहित्यको चार विधाहरूमध्ये निबन्ध सबैभन्दा कान्छो विधा हो । निबन्ध हुनाका निम्ति के के कुराहरू आवश्यक पढेछन् भनी धेरै विद्यानहरूले आ-आफ्नो

---

६ मोहन हिमांशु थापा, साहित्य परिचय, दो.सं. २०४२

७ खर्ट पी, ग्वीन, दि न्यु इन्साइक्लोपिडिया, ब्रिटानिका

८ राजेन्द्र सुवेदी, पूर्ववत्

मान्यतामा रहेर परिभाषा गरेका छन् । परिभाषा दिनेक्रममा पाश्चात्य जगतका निबन्धका प्रमथा स्रष्टा मोन्तेनका अनुसार, “मेरो इच्छा हुन्छ निबन्धमा बिना आडम्बर सहज र साधारण तरिकाले स्वयं स्थापित होऊँ, त्यसमा म कुनै वाग्मिता वा कला भर्न चाहन्न मेरो निबन्धको विषय म नै हुँ भनी निबन्धको चिनारी दिएका छन् ।”[९] त्यस्तै फ्रान्सि बेकन, “निबन्ध एउटा छरिएको चिन्तन हो भन्छन् ।”[१०]

लक्ष्मीप्रसाद देवकोटा, “यो रौचिरा दर्शन होइन न हो पाण्डित्य दर्शनको ठ्यासफु । यसमा गृहीत विषयलाई सर्वदृष्टिकोण र समीक्षणको जरुरत पर्दैन । यो एक किसिमका धुर्त बदमास, ठिटो हो । जो सडकमा हिडँदा कहिले ढुङ्गा हान्छ, कतै कतै आदन्दले फुलेर हेर्छ तर घोरिदैन ।”[११] पैठ घोकुवा हलन्त मिजासले यो एक किसिमको मनको जालीले जगत्मा तहडी माछो मार्ने कला हो ।

दयाराम श्रेष्ठ र मोहनराज शर्मा, “अन्तरङ्ग विचार वा भावना अभिव्यक्त भएको अथवा बहिरङ्ग वर्णन र विवरण प्रस्तुत भएको समय र स्थानगत सीमभित्र बाँधनि बाध्य नभएर पनि निश्चित प्रकारको सिलसिला तथा अनुक्रमयुक्त विषय विशेषतामा केन्द्रित गद्यात्मक रचनालाई निबन्ध भनिन्छ ।”[१२]

माथि उल्लेखित परिभाषालाई समग्रमा केलाएर हेर्दा निबन्धकारका विचारहरू निबन्धात्मक वा वस्तुपरक ढङ्गबाट पाठक सामु प्रस्तुत गर्ने र जुन प्रस्तुतिमा लेखकका विचार पाठकलाई मान्न बाध्य पारिएको हुन्छ । निबन्ध वास्तवमा आत्म प्रतिपादक, संवेदना आदिको समष्टिरूप हो भन्ने निष्कर्षमा आउन सकिन्छ ।

### २.१.४ निबन्धको स्वरूप

पाश्चात्य र पूर्वीय निबन्धकारहरूमा मान्यता र परिभाषालाई हेर्दा निबन्धको स्वरूप यसरी निर्धारण भएको पाइन्छ :

---

९ गोपीकृष्ण शर्मा, पूर्ववत्

१० ऐजन ।

११ लक्ष्मीप्रसाद देवकोटा, लक्ष्मी निबन्ध सङ्ग्रह, बाह्रौं सं भूमिका खण्ड

१२ दयाराम श्रेष्ठ र मोहनराजशर्मा, नेपाली साहित्यको संक्षिप्त आठौं सं.

१) निबन्ध छोटो साहित्यिक विधा हो ।

२) यो मनको बहु पोख्ने माध्यम हो ।

३) निबन्ध संक्षिप्त, लघु आयतनमा सिर्जित हुन्छ ।

४) निबन्ध कुनै विषयवस्तुमा केन्द्रित वा तटस्थ भएर गरिने वर्णन हो ।

५) निबन्ध निरन्तर साधनालाई सुन्दर सुललित बन्न सक्ने गद्यात्मक रचना हो ।

६) निबन्धमा परमाणुदेखि बृहत् पिण्डसम्म यसका विषयवस्तु भएका हुन्छन् ।

७) निबन्ध स्रष्टाको प्रकृति झल्किने, परिष्कृत भाषाशैली भएको विचारात्मक अभिव्यक्ति हो ।

निबन्ध भनेको कुनै एउटा शीर्षकमा लेखकद्वारा प्रस्तुत गरिएको निजी धारणाहरूको अभिव्यक्ति हो । यसमा आन्तरिक शृङ्खलाबद्ध र काल्पनिक तथा वस्तुनिष्ठ, तार्किक र निजी शैलीमा उक्त अवधारणाको प्रस्तुति हुन्छ । यो समीक्षात्मक, ऐतिहासिक र अन्वेषणात्मक पक्षमा वस्तुपरक ढङ्गमा पनि लेखिन्छ । हरेक निबन्धमा विषयगत र शैलीगत विविधता रहेको पाइन्छ । निबन्ध एक स्वतन्त्र रचना भएकोले श्रृड.खलित र निश्चित आयाम यसमा नभई नहुने विषय हुन् ।

### २.१.५ निबन्धका तत्वहरू

कुनै पनि साहित्य सिर्जना गर्नका लागि केही आधार वा संरचना निर्धारण गरिएका हुन्छन् । यसैगरी निबन्धका लागि पनि आफ्नै संरचना हुन्छ । संरचना निर्माण त्यसका अवयव वा तत्वले गर्दछ । तिनीहरूलाई तत्व भनिन्छ ।[१३] निबन्ध गतिशील बिधा भएकोले यसको स्वरूपगत भिन्नता देखिएको पाइन्छ । यी भिन्नतालाई यसरी हेर्न सकिन्छ ।

विनयले निबन्धका तत्वहरूलाई विषयको प्रतिपादक, आत्मतत्वको प्रमुखता, कलात्मकता र एकान्विति भनी समेटेको छन् ।[१४] त्यस्तैगरी नेपाली साहित्यका मोहनराज शर्माले निबन्धका उपकरण वा तत्व भनेर विषय, शैली र प्रयोजनलाई

---

१३ मोहनराज शर्मा, समकालीन समालोचना : सिद्धान्त र प्रयोग

१४ विनय, (सम्पा.), निबन्धालोक, (दिल्ली : साहित्य केन्द्र, १९६८)

यसरी औल्याएका छन् ।[१५]शर्माका अनुसरा विषय भनेको निबन्धको शीर्षक हो । जसको सेरोफेरोमा नै निबन्धकार आफ्नो विचार व्यक्त गर्दछ । विषय अति समान्यदेखि विशिष्टसम्म हुन सक्छ ।

राजेन्द्र सुवेदीले निबन्धमा विषय, संवेदना निजात्मक उद्देश्य यथार्थको प्रतिपादक लघु आयातम, पूर्णता, गद्य र रचनात्मक शैलीलाई तत्वका रूपमा निर्धारण गरेको पाइन्छ ।[१६] यसरी नै देवी प्रसाद गौतम र खगेन्द्र प्रसाद लुइटेलले निबन्धका विषयवस्तु उद्देश्य, हार्दिकता, बौद्धिकता, भाषाशैली र दृष्टिविन्दुलाई तत्व भनी उल्लेख गरेका छन् ।[१७] गोपीकृष्ण शर्माले निबन्धको तत्वलाई वस्तु, शैली र उद्देश्य भनी प्रसतुत गरेका छन् ।[१८]

यसरी विभिन्न स्वदेशी तथा विदेशी विद्धानहरूको निबन्धका तत्वलाई आ-आफ्नै तरिकाले प्रस्तुत गरेको पाइए पनि सबैका मान्यतालाई आत्मसात गरी समग्रमा निबन्धका तत्वका रूपमा निम्नलिखित पक्ष समेट्ने उपयुक्त देखिन्छ ।

### २.१.५.१ विषयवस्तु

जुन विषयबारे कुनै निबन्ध लेखिएको छ, त्यसलाई त्यस निबन्धको विषय भन्दछन् । "विषयलाई निबन्धको आत्मा मानिएको पाइन्छ । प्रत्यक निबन्ध कुनै विषयको मूर्तरूप हुन्छ । यसको विषय जुन देखि कसिङ्गरसम्म र भ्रुण देखि मानिससम्म हुन्छ भन्ने मानिन्छ । कुनै पनि विचार भाव, घटना, व्यक्ति र स्थान आदि यसको विषय हुन सक्छ ।"[१९]

---

१५ मोहनराज शर्मा, पूर्ववत्

१६ राजेन्द्र सुवेदी, पूर्ववत्

१७ गौतम र लुइटेल, पूर्ववत्

१८ गोपीकृष्ण शर्मा, पूर्ववत्

१९ ऐजन ।

निबन्धमा बुद्धितत्व र भावतत्व रहेको हुन्छ । तत्व निबन्धको मेरुदण्ड हो । विषयवस्तुको ज्ञानबिना निबन्धको कल्पना पनि गर्न नसकिने हुनाले यसको क्षेत्र व्यापक हुन्छ ।

### २.१.५.२ भाव वा विचार

जेका निम्ति कुनै निबन्ध लेखिएको छ, त्यसलाई त्यस निबन्धको भाव भनिन्छ । भाव तथा प्रयोजन विना कुनै पनि विधा सिर्जना भएको हुँदैन । प्रत्यक निबन्ध कुनै न कुनै प्रयोजन पूरा गर्नको लागि लेखिन्छ । यो विचार पक्षसँग नजिक हुन्छ । यसकै माध्यमबाट आफ्नो धारणा पाठक सामु प्रस्तुत गरिएको हुन्छ । विचारको प्रस्तुति गर्दै जायज पक्ष यो वा त्यो हो भनी निष्कर्षमा पुग्ने काम भाव वा विचारबाट गरिन्छ ।

### २.१.५.३ भाषाशैली

निबन्धको तेस्रो महत्त्वपूर्ण तत्व भनेको भाषाशैली हो । यो गद्य विधा भएकोले यसको प्रस्तुति पनि गद्यमा लेखिन्छ । निबन्धका शैलीको विश्लेषण भाषिक विचलन, समानान्तरता, विविधता, शब्दभण्डार, सादृष्य विधान आदिका आधारमा गरिन्छ । यसको प्रस्तुत औपचारिक वा अनौपचारिक शैली, उच्च वा सामान्य शैली, काव्यात्मक वा पत्रपत्रिका शैली आदि विविध शैलीय रूपहरूमा गरिन्छ ।[२०]

लेखकको विचार पाठक समक्ष प्रसारित गर्न निर्माण गरिएको शब्द, वाक्य र अनुच्छेदको वुनोटलाई शैली भनिन्छ । शैली भाषा र भावलाई समन्वय गर्दछ । क्रम सङ्गति सङ्गठन र अन्विति शैली आन्तरिक गुण हुन् । भावका दृष्टिले शैली तीन प्रकारका हुन्छन् । संयम शैली, भावुक शैली, व्यङ्ग्क शैली हुन्छन् भने भाषामा दृष्टिले शैली दुई प्रकारका हुन्छन । १. प्रसाद शैली २. समास शैली हुन्छन् ।[२१]

माथिका तत्वहरू निबन्ध लेखनका लागि अनिवार्य तत्वहरू हुन् । यी तत्वहरूलाई प्रयोग गरी निबन्ध लेखिएको खण्डमा निबन्धको परिभाषाले भने

---

२० गोपीकृष्ण शर्मा, पूर्ववत्

२१ राजेन्द्र सुवेदी, सृजनात्मक लेखन : सिद्धान्त र विश्लेषण

अनुसारको निबन्ध रचना हुन सक्दछ । नेपाली साहित्यमा हालसम्म लेखिएका निबन्धहरूमा प्रत्यक्ष वा प्रकारात्तर रूपले यी तत्वहरूलाई आत्मसात गरेर लेखिएका छन् ।

### २.१.६ निबन्धको वर्गीकरण

साहित्यका अन्य विधाहरू मध्य निबन्ध अत्यन्त वैयक्तिक विधा हो । यो विषयवस्तु र भाषाशैलीको विविधता तथा रचनात्मक अनेकताका कारण स्वयम् जटिल बन्न पुगेको छ । त्यसकारण निबन्धको वर्गीकरणका लागि कुनै निश्चित आधार भेटाउन निकै कठिन छ । अतः यसको प्रकार विभाजन साहित्य अन्य विधाको जस्तो सहज र स्पष्ट रूपमा हुन सकेको पनि देखिदैन । विभिन्न विद्वानहरूले आ-आफ्नै दृष्टिकोण अनुरूप यसलाई वर्गीकरण गरेको पाइन्छ । यही विविधतालाई निबन्धको उपयुक्त वर्गीकरण विषय ग्रहण र प्रस्तुतीकरण ढाँचाका आधारमा समग्रमा वर्गीकरण गर्न सकिन्छ ।

#### २.१.६.१ आत्मपरक निबन्ध

लेखकको निजी अनुभूतिको आत्मप्रकाशन गरिएको निबन्धलाई आत्मपरक निबन्ध भनिन्छ । आत्मपरक निबन्धलाई निजात्मक निबन्ध पनि भनिन्छ । आत्मपरक निबन्ध विचारत्मक, भावनात्मक र वैयक्तिक गरी तीन प्रकारका हुन्छन् ।[२२]

##### २.१.६.१.१ विचारात्मक निबन्ध

विचारको प्रबलता र वुद्धि पक्षको सम्बर्द्धन भएको निबन्धलाई विचारात्मक निबन्ध भनिन्छ । यस खालका निबन्धमा चिन्तनको निजात्मकता र सार्वभौम स्वीकृतिको अवस्था आग्रहमा प्रवाहित हुन्छ ।[२३] गृहीत विषयलाई सिङ्पुच्छर जाँच्दै त्यसका पक्ष विपक्ष वा सिद्धान्तको आग्रह भएजस्तो देखिने यस प्रकारको निबन्धमा भाषा साङ्केतिक र संक्षिप्त हुनाका साथै समास शैलीको प्रयोग गरिएको हुन्छ । यस खालका निबन्धमा थोरै शब्दमा धेरै भन्नुपर्ने भएकोले प्रत्यक शब्द र वाक्यले एक न एक विचार दिइरहेका हुन्छन् ।

---

२२ केशव प्रसाद उपाध्याय, साहित्य प्रकाशन, पा.से.

२३ गोपीकृष्ण शर्मा, पूर्ववत्

### २.१.६.१.२ भावनात्मक निबन्ध

भावनात्मक पक्षको प्रवलता भएका निबन्धहरू भावनात्मक निबन्ध हुन् । “विचार र वैयक्तिक अभिव्यक्ति भन्दा भाव पक्ष प्रवल भएको निबन्ध भावनात्मक निबन्ध हो । यसमा विशेष गरी हृदयको आग्रह हुन्छ । यसमा जीवन भोगाईको आशा, निराशा, प्रेम, करुणा परोपकार, देशभक्ति जस्ता विषयवस्तुलाई संवेदनात्मक तुल्याई सरल आलङ्कारिक पदावलीमा प्रस्तुत गरिन्छ ।”[२४] यसमा तर्क वितर्कको कुनै स्थान हुँदैन । हृदयका उदात्त अनुभूतिहरू, तिव्र भावना र चरम भावुकता भावनात्मक निबन्धमा पाइन्छ । भावनात्मक निबन्धमा हार्दिकता, संवेदनशीलता र सौकुमार्यको प्रयोग गरिएको हुन्छ ।[२५] यस्ता निबन्धहरू बढी रागात्मक र साङ्गीतिक हुन्छन् । भावनात्मक निबन्धलाई अधिकतम् सरल, सुमधुर कोमल र हृदय संवेद्य बनाउन निबन्धकारले कल्पनाको सहायता लिनुपर्दछ ।

### २.१.६.१.३ वैयक्तिक निबन्ध

व्यक्तिको बढी प्रवलता भएको निबन्धलाई वैयक्तिक निबन्ध भनिन्छ ।” निबन्धकारले आफ्ना भावनाहरूलाई निजी स्वरूप दिएर वा जलप लगाएर निबन्ध रचना गर्दा वैयक्तिक निबन्धको सिर्जना हुन्छ । यसमा निबन्धकारले व्यक्तिगत निर्णयका आधारमा यथार्थलाई आफ्नै निष्कर्षमा उभ्याएर आफ्नै अभिमत सिद्ध गर्ने प्रयत्न गरेको हुन्छ ।[२६] यस्ता निबन्धमा निबन्धकार एउटा कथा वाचक नै देखिन्छ । वस्तुलाई टिप्दै त्यसलाई आत्म रागमा मुछेर जीवनका सुख दुःख, हाँसो, आँसु, हर्ष, विस्मात् र भाव अभावहरू व्यक्त गर्नु वैयक्तिक निबन्धको मूल पहिचान हो ।

### २.१.६.१.२ वस्तुपरक निबन्ध

निबन्धकार तटस्य रही कुनै खास विषयमा केन्द्रित हुने निबन्धलाई वस्तुपरक निबन्ध भनिन्छ । “यसमा वस्तुगत तथ्याङ्क, प्रमाण तर्क आदि अघि सारेर ठोस

---

२४ राजेन्द्र सुवेदी, सृजनात्मक लेखन : सिद्धान्त र विश्लेषण, पूर्ववत्

२५ महादेव अवस्थी, “निबन्धको सैद्धान्तिक परिचय र निबन्ध लेखनका औचित्य एवम फाइदा” कुञ्जिनी, वर्ष ६, अंक ४ ।

२६ राजेन्द्र सुवेदी, ‘आधुनिक नेपाली निबन्ध शिक्षण’, पूर्ववत्

किसिमले बौद्धिक भाषा शैलिको प्रयोग गरी लेखिएको निबन्धलाई वस्तुपरक निबन्ध भनिन्छ ।" [२७] यसलाई परात्मक निबन्ध पनि भनिन्छ । "लेख, प्रलेख, जीवनी, शोधलेख, शोधप्रबन्ध भूमिका, सन्धिपत्र, सम्पादकीय प्रतिवेदन, टिप्पणी, अन्तर्वार्ता र अभिलेख गरी विभिन्न उपविधामा रहेको खास निबन्धहरू वस्तु र तथ्यमा आधारित हुन्छन् । वस्तुपरकमा आत्मपरक गौण र वस्तुपरकता प्रधान हुन्छ ।[२८] वस्तुविश्लेषणका क्रममा कतै कतै भाव र कल्पना तत्व समेत प्रयोग हुन सक्ने यस खालका निबन्धहरूमा विषय वा वस्तुमा बारेमा प्राप्त ज्ञानलाई क्रमबद्ध, व्यवस्थित, संक्षिप्त एवम् मौलिक पाराले प्रस्तुत गरिएको हुन्छ ।

लेखकको दृष्टि, विचार र लेखाइलाई प्रत्यक्ष रूपमा त्यस्ता निबन्धमा प्रस्तुत गरिएको हुन्छ । वस्तुपरक निबन्धलाई वर्णनात्मक र विवरणात्मक गरी दुई भागमा विभाजन गर्न सकिन्छ ।

### २.१.६.२.१ वर्णनातमक निबन्ध

विषयको वर्णनमा केन्द्रित निबन्धलाई वर्णनात्मक निबन्ध भनिन्छ । "कुनै विषयका बारेमा नालीबोली खुट्टाएर त्यसको वास्तविक रूप अगाडि ल्याउनका साथै वस्तु तथ्यबारे लेखकको वस्तुपरक दृष्टिले स्पष्टसँग पाठक सामु हस्तान्तरण गरिदिनु वर्णनात्मक निबन्धका गुण हुन्" ।[२९] यसमा विषयवस्तको बाह्य पक्षको यथार्थ चित्रण गर्ने पद्धति भए तापनि यस्ता लेखकमा सूक्ष्म निरीक्षणको अपेक्षा गरिएको हुन्छ । लेखकमा विषयगत सचेतता सूक्ष्म निरीक्षण र वर्ण्य विषयलाई मौलिकताको जलप लगाएर वर्णन गर्न सक्ने क्षमता अनिवार्य हुन्छ । वर्णनात्मक निबन्धमा सरल तथा सुवोध शैलीको प्रयोग हुनाका साथै अलङकृत र प्राञ्जल भाषाको प्रयोग हुने भएकोले यो प्रभावकारी जीवन्त हुन्छ ।

---

[२७] गोपीकृष्ण शर्मा, पूर्ववत्

[२८] ऐजन ।

[२९] राजेन्द्र सुवेदी, स्नातकोत्तर नेपाली निबन्ध, पूर्ववत्,

### २.१.६.२.२ विवरणात्मक निबन्ध

घटना वा वृत्तान्तको वेलीविस्तार गरिएको विवरण प्रधान निबन्धलाई विवरणात्मक निबन्ध भनिन्छ ।" यसमा घटनाको क्रमबद्ध वर्णन र निबन्धकारको आत्मीयता हुनु अनिवार्य मानिन्छ । यसरी विवरणात्मक निबन्धमा घटनाको पूर्वापार सम्बन्ध परिमाणत जन्मेका उत्तरोत्तर घटनाहरू र समाजमा तत्काल परेका प्रतिक्रिया आदिको रोचक तथा संक्षिप्त चर्चा गरिन्छ ।"[३०]

यस्ता निबन्धमा प्रायः प्राचीन एवम् आधुनिक सत्य, काल्पनिक तथा अतितकालीन घटना, युद्ध, यात्रा, शासन प्रणाली, जीवनी, कुनै जातिविशेषको रीति, स्थिति, ऐतिहासिक तथा पौराणिक आख्यानको समावेश गरिन्छ ।[३१] यसरी निबन्धलाई विभिन्न विद्धानहरूको मतलाई समग्रमा मिलाई आत्मपरक र वस्तुपरक गरी विभाजन गरिएको छ । यही आधार नै उपयुक्त आधारको रूपमा देखिन्छ ।

## २.२ नियात्राको सैद्धान्तिक परिचय

'यात्रा' शब्दमा 'नि' उपसर्ग लागेर 'नियात्रा' शब्दको निर्माण भएको हो । जसको कोशगत अर्थ यात्रा निबन्धको औपन्यासिक वा उपाख्यानात्मक रूप, यात्रा वर्णनबारे कथात्मक शैलीमा लेखिएको निबन्ध हो ।[३२] स्रष्टाले आफूले यात्रा गर्दाको स्थान, वस्तु, कार्य, दृष्य, मार्ग यातायात वा अन्य कुनै वस्तुको वर्णन गरेर लेखिएका गद्य रचनालाई संस्मरण वा नियात्रा शब्दले बुझाउनु गर्दछ । यो बिधा निबन्धकै ढाँचा र शैलीले प्रस्तुत भएको हुँदा र यात्रा वर्णनसँग सम्बन्धित रहेकाले यसलाई यात्रा, सस्मरण तथा नियात्रात्मक निबन्ध भनिएको पाइन्छ । यात्राकारले यात्रामा भोगेको वा देखेका कुराहरूलाई आत्मपरक ढङ्गले प्रस्तुत गर्दा यस विधाको जन्म भएको हो गद्य लेखनको एक प्रकारको रूपमा देखापर्ने यो यात्रावर्णन नियात्रात्मक निबन्धका रूपमा विकसित भई निबन्धकै एक भेद भएर देखापरेको छ । स्रष्टाका तथा यात्राकारका आफ्ना भोगाई र अनुभवहरूको वर्णनमा सविस्तार वर्णनात्मक अभिव्यक्तिले यो विधा

---

[३०] पोखरेल, २०४० : ७४३ ।

निबन्ध भन्दा भिन्न पाराका नियात्रात्मक निबन्धका रूपमा देखापर्छ । निबन्धका वस्तुतथ्य र कल्पनाको सन्तुलित समायोजना जस्तै यस निबन्धमा नियात्राका विषय र रागात्मकताको सन्तुलित र व्यवस्थित संयोजन हुन आवश्यक छ । यस लेखन परम्परा राजा गगनिराजको यात्रा देखि जङ्गबहादुरको बेलायत यात्रा हुँदै युरोप र बेलायतिर बरालिदासमेतमा आएर विकसित भएको छ ।

निबन्ध स्वच्छन्द हुन्छ, वादरहित हुन्छ, बन्धनरहित हुन्छ तर जीवन्त र सरस हुन्छ । यसमा प्रयुक्त भावहरू झरना जस्तै छ्वाङ-छ्वाङ् र सरिता जस्तै कलकल गर्दछन् । निबन्ध क्षितिजिय वेगमा तरंगीत भएर मन मस्तिष्कलाई प्रकृतिको अतुलनीय सुन्दरतासँग अर्न्तक्रिया गराउनमा सफल भए नभएको जाँच्ने कडी एउटा कलाकार सँग हुन्छ, त्यही कलाको प्रयोग नियात्रामा भएको हुन्छ । मौलिकता यसको अपरिहकार्य गुण हो ।[३३]

## २.२.१ नियात्राका तत्वहरू

अन्य विधाहरूमा जस्तै यसमा पनि स्वतन्त्र तत्वहरू रहेकाले एउटा स्वतन्त्र, पूर्ण र प्रभावकारी बनाउन उसका आधारभूत तत्वहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।[३४] यस सन्दर्भमा नियात्रालाई पूर्ण प्रभावकारी र सजीवता दिने आधारभूत तत्वहरू निम्नानुसार छन् :

### २.२.१.१ विषयवस्तु

साहित्य सृजना गर्दा विषयवस्तुलाई मुख्य उपकरण मानिन्छ । विषयवस्तुको सेरोफेरोमा रही नियात्राको सृजना गरिन्छ र कुन विषयमा लेख्न खोजिएको हो त्यो भाव त्यहाँ रहन्छ, त्यसैले यो अपरिहकार्य तत्व पनि हो । कृतिमा बाह्य प्रकाशनको सारतत्व वा गुदीलाई विषयवस्तु भनिन्छ । यो जुनसुकै कृतिलाई अस्तित्व प्रदान गर्ने सर्वप्रमुख तत्व हो । वस्तुविनाको कृतिको संरचना हुन सक्दैन । यस अन्तर्गत विषयतत्व, आधारतत्व र यथार्थ पर्दछन् । नियात्रामा पनि अन्य विधामा जस्तो नै आदि,

---

[३३] देवी पन्थी, दिग्दर्शन साप्ताहिक, वर्ष १९, अङ्क २६, २०५७ माघ १७ विराटनगर ६२ ।

[३४] रेग्मी, २०६६: ३९ ।

मध्य र अन्त्यगरी तीन भाग हुन्छन् । आदि भागमा चिनारी र सङ्घर्ष विकास, मध्य भागमा उत्कर्ष र अन्त्य भागमा सङ्घर्षह्रास र उपसंहार भई विषयवस्तु समाप्त हुन्छ ।[३५]

## २.२.१.२ सहभागी र गतिशीलता

कृतिभित्र संलग्न पात्र नै सहभागी हो । मानव, मानवेत्तर तथा निर्जीव वस्तुहरू पनि यात्रा साहित्यमा सहभागी हुन सक्छन् । नियात्रामा साहित्यकार आख्यानात्मक विधाहरू कथा उपन्यासका जस्तो प्रमुख, सहायक तथा गौण जस्ता पात्रहरूको भीड लाग्दैन । रमरम आख्यान भएको रचना हुनाले नियात्रामा पनि पात्रको भूमिका रहन्छ । नियात्रामा यात्रा गर्ने व्यक्ति नै प्रमुख पात्र हुन्छ भने त्यस्तो रचनामा प्रथम पुरुष दृष्टिविन्दुमा प्रस्तुत गरिन्छ । यात्राको क्रममा उनले देखेका, भोगेका र अनुभव गरेका कुरालाई निजात्मक रूपमा व्यक्त गर्दा उसको अभिरुचि, दृष्टिकोण, ज्ञानसम्पदा जस्ता कुराले नियात्रालाई गुणवान् बनाउँछ ।[३६] यसैमा उसको चारित्रिक विशेषता पनि प्रष्ट हुन आएँछ । अन्य सहयात्रीहरू सहायक मात्र रहन्छन् । कहीकतै अपवाद स्वरूप केन्द्रीय पात्र नियात्रामा नरहन पनि सक्छ । जङ्गबहादुरको बेलाइत यात्रा कृतिमा जङ्गबहादुर केन्द्रीय चरित्र हुन तर नियात्राकार उनी होइनन् ।[३७] यस्तो प्रयोग तृतीयपुरुष दृष्टिविन्दुमा गरिएको हुन्छ । यस्ता एक दुई अपवाद बाहेक नियात्राकार स्वयंले देखे भोगेको र अनुभव गरेका सन्दर्भहरूलाई नियात्रामा व्यस्त गर्ने हुँदा नियात्राकार नै नियात्राको पात्र हो भने उसको भ्रमणशीलता अभिरुचि, दृष्टिकोण, आचार र प्रकृति उसको चरित्र हो ।

नियात्राका लागि गतिशीलता अनिवार्य तत्व मानिन्छ । यात्रा उडेर, हिँडेर तथा गुडेर विभिन्न प्रकारले गरिन्छ । यात्रा टाढाको र नजिकको पनि गरिन्छ ।यात्रा भन्नु एक ठाउँबाट अर्को ठाएँमा गरिने भ्रमण हो । भ्रमणबाट जीवनमा नयाँ अनुभव ज्ञान मनोरञ्जन प्राप्त हुन्छ । यात्रा नगरिकनै वास्तविकतालाई अनुभूत गर्न नसकिने

---

[३५] लुइटेल, २०६२ : २०९ ।

[३६] हरिमोहन, १९९० : १६३ ।

[३७] घिमिरे, २०५८ : २०५ ।

भएकाले यात्रागत गतिशीलता नियात्राका लागि आवश्यक मानिन्छ । गतिशीलता यस्तो तत्व हो जसले यात्रा साहित्यका पाठकलाई लेखकसँगै तत्तत् स्थानको यात्रा गरिरहेको जीवन्त अनुभूति प्रदान गर्दछ ।

### २.२.१.३ परिवेशगत स्थानीयता र तथ्यात्मकता

नियात्राकारले यात्रा गरेको भौगोलिक क्षेत्र नियात्राको परिवेश हो । त्यहाँको जनजीवन, प्राकृतिक एवम् सांस्कृतिक पर्यावन नियात्राको स्थानियता हो । स्वप्निल, काल्पनिक परिवेश नभएर नियात्रामा वास्तविक परिवेशको समग्र वैभव तथा प्राकृतिक सौन्दर्य, रीतिरिवाज, आचारविचार, आमोद प्रमोद, जीवन दर्शन उपस्थापन गरिन्छ । नियात्राकारले यात्रा गरेको क्षेत्र, यात्राको अवधि, यात्राक्रम देखेको प्राकृतिक दृष्यावली त्यस ठाउँको मानवीय जनजीवन परम्परा, संस्कार र रीतिस्थिति नै परिवेशगत स्थानीयताको झलक हो । परिवेशगत स्थानियता नै नियत्राको आधारभूत भएकोले यो आधारभूमि बिना नियात्रा सृजना हुन सक्दैन । त्यसैले परिवेशगत स्थानीयताको सशक्त उपस्थितिले नियात्रा प्रभावकारी बन्न सक्छ ।

नियात्रा यात्रारत स्थलहरूको विवरण प्रस्तुत गरिन्छ । यात्रागत सत्यतथ्यको कलात्मक प्रस्तुत नै नियात्रा हो । नियात्राकारले आफूले गर्दा देखेका, भोगेका र अनुभव गरेको दृष्य घटना र यथार्थलाई सजीवताका प्रस्ततु गर्नु नै सत्य तथ्यको प्रस्तुत हो । नियात्रामा तथ्यहरूको वर्णन झन्झटिलो नभई छरितो, आस्वाद्य र कलात्मक गरिनु पर्दछ । अन्यथा त्यो लेखन नियात्रा हुन सक्दैन । सत्य तथ्यको प्रस्तुतीले लेखक र पाठक दुवैलाई सूचना तथा ज्ञान प्राप्त हुन्छ ।[३८] नियात्राकारले यात्रारत अवस्थामा अधिकाधिक सत्य तथ्य जानकारी हासिल गरेर पस्कने काम नियात्राकारले गरेको हुन्छ । त्यसैले नियात्रालाई जीवन्त तुल्याउने तत्वका रूपमा सत्यतथ्यात्मकताको सर्वोपरि महत्त्व रहेको हुन्छ ।

---

[३८] उपाध्या, २०६६: ५९ ।

### २.२.१.४ चित्रात्मकता  र कुतुहलता

चित्रात्मकता नियात्राको उल्लेखनीय विशेषता हो । यो नियात्राको आवश्यकीय तत्व पनि हो । 'यात्राकारले नियात्रामा आफूले साक्षात्कार गरेको भूगोल, पर्यावरण, विविध घटना र परिदृष्यको सजीव चित्राङ्क नियात्रामा उतारेको हुन्छ[३९] आलङ्कारिक र ओजस्वी नियात्रामा घटना परिदृष्यहरू पाठकले पढ्दै गरेको नभई नियाल्दै हिंडेको छ भन्ने भ्रमात्मक स्थिति सिर्जना हुन्छ, जसले गर्दा नियात्राको वैशिष्ट्य बढ्छ । नियात्रा निजात्मक प्रस्तुती भएकोले लेखकीय अभिरुचि, दृष्टिकोण र व्यक्तित्वको चित्र पनि नियात्रामा अङ्कित हुन्छ । यसर्थ चित्रात्मक नियात्राको आवश्यक तत्व रूपमा विद्यमान रहेको छ ।[४०]

'यात्राकारलाई यात्रा गर्नुपूर्व नै यात्रा गरिने स्थल प्रति प्रवल कौतुहल उत्पन्न भएको हुन्छ । साथै यात्राका क्रममा आउने परिदृष्यहरू तथा भौगोलिक, सामाजिक, आर्थिक र सांस्कृतिक जनजीवन एवम् घटना प्रसङ्गप्रति यात्राकारको कुतूहलता यात्राको गति सँगै क्रमकरूपले बढदै जान्छ र यात्राको अन्त्य हुनासाथ कुतूहलताको पनि अन्त्य हुन्छ' ।[४१] नियात्रामा एकपछि अर्को घटना कसरी उद्घाटिक हुन्छ भन्ने कुतूहल जागृत हुनुपर्छ । यसर्थ नियात्रा यात्रा पाठकका लागि उत्प्रेरकका रूपमा समेत सम्प्रेषित हुने हुँदा यसलाई नियात्राको लागि आवश्यक र सर्वोपर तत्वको रूपमा लिइन्छ ।

### २.२.१.५  भाव वा विचार

सम्बद्ध यात्रास्थलको बहुपक्षीय वस्तुगत यथार्थको प्रकटीकरणका साथै अनुभूति र कल्पनाको प्रगाढ रङ्ग एवम् यात्राकारको निजात्मकताको संवदेनाद्वारा त्यसलाई पाठक वर्गको मनमष्तिस्कको चित्रपटमा चित्रित गरी सत्यम् शिवम्, सुन्दरम्को भावनालाई अभिव्यञ्जित तुल्याउनु नै नियात्राको मूल उद्देश्य हो । नियात्रा एउटा

---

३९  हरिमोहन, १९९०: १६४ ।

४० क्षेत्री, २०६६: १२ ।

४१  उपाध्याय, २०६६: ६२ ।

निश्चित स्थान र समयावधिमा आवद्ध हुन्छ । कुनै उद्देश्यको परिपूर्तिको कामनाले आरम्भ भई परिपूर्ति पछि त्यो समाप्त हुन्छ ।[४२]

### २.२.१.६ भाषाशैली

साहित्यको सबै विधाको भाव भाषाका माध्यमबाट अभिव्यक्ति हुन्छ । त्यसैले भाषा अभिव्यक्तिको माध्यम हो भने शैली अभिव्यक्तिको तौरतरिका हो । भाषाशैलीको प्रयोगबाट भावाभिव्यक्ति प्रभावकारी ढङ्गले प्रकट गरिने हुदाँ साहित्यका अन्य विधामा जस्तै नियात्रामा पनि शैलीको प्रयोग महत्तम मानिन्छ । भाषाशैली व्यक्तिपिच्छे फरक हुने हुदाँ लेखकको निजी शैलीगत विशेषता नियात्रामा पाउन सकिन्छ । सरल, सहज, पाञ्जल सम्प्रेष्य र काव्यात्मक भाषाशैलीमा लेखिएको रचना विशेष किसिमको पठनीय, आस्वाद्य र प्रभावकारी बन्ने हुदाँ नियात्रामा निम्ति भाषाशैली उपयोगी र प्रभावकारी तत्व मानिन्छ ।[४३]

नियात्राको यिनै विधागत तत्वका आधारमा साहित्यका श्रीओम श्रेष्ठ 'रोदन' का नियात्रा सङ्ग्रहरूको विश्लेषण प्रक्रिया अपनाइएको छ ।

## २.३ निष्कर्ष

संस्कृतबाट नेपालीमा आएको निबन्धशब्द अंग्रेजीमा प्रचलित Essay को समानार्थी साहित्य गद्य रचना हो । यो स्रष्टाको विशेष मनोदशाबाट उत्पन्न हुने ब्यक्ति प्रधान संक्षिप्त आकारको कृति मानिन्छ । प्राश्चात्य साहित्यबाट विकशित हुदै नेपाली साहित्यमा भित्रिएको निबन्ध अहिले साहित्यको प्रभावकारी विधाको रूपमा विकसित भइसकेको छ । निबन्ध मूलत : बस्तुप्रधान र आत्मप्रधान हुने भएता पनि लेखकीय अहमको प्रवलतामा यो विशेषतः रमाउँछ । नेपाली साहित्यमा निबन्ध लेखन पृश्वीनारायण शाहको एकीकरण अभियान शुरु भए पछि आरम्भ भएको भएता पनि पुर्णतः निबन्धात्मक स्वरूप भएका कृतिहरू प्राप्त भएनन् 'गोरखापत्र' को प्रकाशन

[४२] उपाध्याय, २०६६: ७० ।

[४३]उपाध्याय,२०६६: ८१ ।

(१९५८) पछि निबन्ध लेखनमा ब्याप्ति त देखियो तर ती पनि लेख र निबन्धका दोसाँधका रचना भन्न सुहाउँने देखिए । 'शारदा' (१९९१) को प्रकाशन पछि नेपाली निबन्धले विधागत पूर्णता प्राप्त गरी  देवकोटा र समको नेतृत्वमा आधुनिक स्वरूप प्राप्त  गरेको हो ।

नियात्रा विधा निबन्धकै ढाँचा र शैलीले प्रस्तुत हुने हुँदा र यात्रा वर्णन सँग सम्बन्धित रहेकाले यसलाई यात्रासंस्मरण तथा नियात्रात्मक निबन्ध भनिएको हो । यात्राकारले यात्राका क्रममा देखेका  र भोगेका कुराहरूलाई आत्मपरक ढंगबाट प्रस्तुत गर्ने क्रममा यस विधाको जन्म भएको हो । गद्य लेखनकै एक रूपमा देखा पर्ने यो यात्रा वर्णन नियात्रात्मक निबन्धका रूपमा विकसित भएर निबन्धकै एक भेद भएर देखा परेको छ । नियात्रा लेखन परम्परा 'राजा गगनीराजको यात्रा' देखि 'जङ्गबहादुरको बेलायत यात्रा' हुदै 'युरोपयात्रा र बेलायततिर बरालिदा' मा आएर विकसित भएको छ । यसरी विकसित भएको नियात्रा साहित्य तारानाथ शर्मा जनकलाल शर्मा, लैनसिंह वाङ्देल, रमेश विकलको नेतृत्वमा आधुनिक स्वरूप प्राप्त गरेको छ ।

# तेस्रो परिच्छेद

## श्रीओम श्रेष्ठ 'रोदन' को निबन्ध यात्रा

### ३.१ श्रीओम श्रेष्ठ 'रोदन' को सामान्य चिनारी

श्रीओम श्रेष्ठ रोदन वि.स. २०१९ साल लक्ष्मीपूजाको दिन ललितपुरको झम्सिखेलमा जन्मिएका हुन् । उनको बुबाको नाम शिव प्रसाद श्रेष्ठ र आमाको नाम बेलकुमारी श्रेष्ठ हो उनको बुबाले आइ.ए.सम्मका शिक्षा हासिल गर्नुभएको छ भने आमा सामान्य साक्षर हुनुहुन्छ । मध्यम वर्गीय परिवारमा जन्मेका श्रीओमले मानविकि र शिक्षातर्फ स्नातकतहसम्मको औपचारिक शिक्षा हासिल गरेका छन् । विभिन्न सामाजिक संस्थाहरूमा सेवामुखी कार्यहरू गरेकमा श्रीओमले नेपाल वैंक लिमिटेडमा वि.स. २०४० देखि आठ वर्षसम्म काम गरेका थिए । वि. स. २०४८ देखि गोरखापत्र संस्थानको मधुपर्क पत्रिकाको प्रधान सम्पादकको रुपमा हालसम्म कार्यरत छन् यिनको कला क्षेत्रमा विशेष अभिरुचि रहेको छ । यिनले रंगमञ्चमा मञ्चनका लागि नाटक लेख्ने र निर्देशन गर्ने काम पनि गरेका छन् भने स्वयम अभिनय गर्ने उनी कुशल अभिनेता पनि हुन् । सञ्चारको क्षेत्रमा उनको प्रर्याप्त पँहुच रहेको देखिन्छ । उनले वि.स. २०५२ देखि २०५८ सम्म एफ एम्. रेडियोको लागी समाचार अन्तरर्वाता लिने काम गरेका थिए । पत्रकारिता कला साहित्य र संस्कृति सँग सम्बन्ध विविध सरकारी र गैरसरकारी संस्थाहरूमा संलग्न भई काम गरेका श्रीओमले जनसेवा र समाजसेवा मुलक कार्यहरू गर्दै आएका छन् । उनले कविता र कथाका साथै विशेषतः निबन्धलाई स्वनुभूत अनुभुतिहरूको कलात्मक अभिव्यक्ति गर्ने थलो बनाएका छन् । यिनको दुइवटा कविता संग्रह, चारवटा निबन्ध संग्रह दुइवटा लघु कथासङ्ग्रह र एउटा अन्तर्वाता सङ्ग्रह प्रकाशित भई सकेका छन् । यसरी निबन्ध लघुकथा र कविता विद्यामा कलम चलाएर विषय प्रस्तुति र शैलिशिल्पमा आफ्नो निजी परिचयका साथ देखापरेका श्रीओम मूलतः निबन्धकार हुन् ।

उनको साहित्यिक कृति र योगदानको कदर गर्दै विभिन्न क्षेत्रबाट उनलाई एक दर्जनजति सम्मान र पुरस्कार प्रदान गरिएको छ । उनले एकाङ्की नाटक प्रतियोगिता २०४१ र २०४३ सालमा तृतीय स्थान हासिल गरेका थिए । यसका अतिरिक्त -

उत्तम शान्ति पुरस्कार २०५४

प्रतिभा युवा सम्मान-२०५४

वीरगञ्ज साहित्य परिषद् सम्मान - २०५५

श्रीविक्रम राणा स्मृति साधना सम्मान - २०५६

युवा वर्ष मोती पुरस्कार - २०५७

त्रिचन्द्र देवकोटा सम्मान - २०६१

शंकर लामिछाने युवा निबन्ध पुरस्कार - २०६३

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज पुरस्कार (अमेरिका) - २०६४

महाकवि देवकोटा शतवार्षिकी सम्मान - रौतहट २०६५

भद्रकुमारी घले सेवा सहन पुरस्कार - २०६८

हरिकला गुणाकार दायित्व रचना पुरस्कार - २०६८

गोरखापत्र संस्थानमा कविता प्रतियोगितामा प्रथम, यसरी उत्कृष्ट रचनाहरू, प्रकाशित गरेर नेपाली साहित्यलाई योगदान दिएका र विभिन्न सामाजिक संघ संस्थाहरूमा रहेर समाज सेवा गरेकाले श्रीओमलाई नेपाली समाज र साहित्य जगतले विभिन्न मान सम्मान प्रदान गरेको छ ।

## ३.२ श्रीओम श्रेष्ठ रोदनको स्रष्टा व्यक्तित्व

श्रीओम श्रेष्ठ 'रोदन' ले बाह्र, तेह्र वर्षकै उमेरबाट फाट्ट फुट्ट रूपमा कविता लेख्ने भएपनि उनको प्रथम प्रकाशित कविता भने २०३८ सालमा 'तिमी जाउ' शीर्षकमा 'प्राञ्जल' पत्रिकामा प्रकाशित गरेर औपचारिक रूपमा नेपाली साहित्यमा चिनिने सुअवसर प्राप्त गरेको देखिन्छ । विविध पत्रपत्रिकामा आफ्नो कविताहरू छपाएर

ख्याती पाएका श्रीओमको पहिलो पटक 'ललिता' शीर्षकमा वि.सं. २०४५ सालमा कविता सङ्ग्रह प्रकाशित भयो । त्यस कविता सङ्ग्रहमा ४२ वटा कविताहरू छन् । यस पछि उनको 'सरगम' संयुक्त कविता सङ्ग्रह २०४७ सालमा प्रकाशित भएको छ । जसमा 'रोदन' का पनि सातवटा कविता छापिएका छन् ।

श्रीओम श्रेष्ठ 'रोदन' को कथाकारिता कवि व्यक्तित्वसँगै सुरु भएको हो । उनले नेपाली कथा साहित्यको क्षेत्रमा विशेषतः लघुकथाहरूको सिर्जना गरेका छन् । विभिन्न पत्रपत्रिकाहरूमा उनका लघुकथाहरू प्रकाशित भएका छन् । उनले पुस्तकाकार कृतिको रूपमा प्रथम प्रकाशित लघुकथा सङ्ग्रह 'आँखीझयाल' २०५८ हो । पहिलो हस्तलिखित लघुकथा भएर यसमा मूलतः छोटा प्रवृत्तिका बयालिस वटा कथाहरू समेटिएका छन् । त्यस्तै उनको अर्को लघु कथा सङ्ग्रह 'भ्रममार्ग' वि.सं. २०६७ सालमा प्रकाशित भएको छ ।

कविताबाट आरम्भ भएको उनको साहित्य लेखन विद्यागत रूपमा निबन्धमा पनि प्रभाव परेको छ । श्रीओम श्रेष्ठ 'रोदन' को कसले भन्छ म बहुला ? शीर्षकको निबन्ध २०४६ सालमा 'शृङ्खला' साहित्यिक पत्रिकामा प्रथम प्रकाशित निबन्ध हो । पहिलोपटक 'संवेदनाका स्वरहरू' शीर्षकमा संयुक्त निबन्ध सङ्ग्रह वि.स.. २०५४ सालमा प्रकाशित भएको थियो । यो नै उनको प्रथम पुरस्कार निबन्धात्मक कृति हो । भीष्म उप्रेति, युवराज नयाँघरे, ज्ञानेन्द्र विवश जस्ता निबन्धकारहरूका निबन्ध भएको उक्त निबन्ध सङ्ग्रहमा श्रीओमका चारवटा निबन्धहरू छापिएको छ । यसको एक वर्ष नपुग्दै अर्थात् २०५५ सालमा उनको निबन्ध सङ्ग्रह 'अर्थहीन अर्थहरू' प्रकाशित भयो र त्यसैगरी २०५९ सालमा 'समयका सम्भावनाहरू' शीर्षकमा अर्को निबन्ध सङ्ग्रह प्रकाशित भयो । यी दुई निबन्ध सङ्ग्रहमा क्रमशः सत्र/सत्र गरी जम्मा ३४ वटा निबन्धहरू छन् ।

प्रकृतिसँग खेल्न र रम्न मन पराउने श्रीओम श्रेष्ठ 'रोदन' ले नेपालका विभिन्न मनोरम स्थल र विदेशका विभिन्न स्थानहरूको समेत भ्रमण गरेका छन् । यस फाँटको उनको पहिलो पुस्तकाकार कृति 'समुन्द्रपारि समुन्द्रवारि' वि.सं.२०६० सालमा

प्रकाशित भएको छ । यसको दुईवर्षपछि अर्थात् वि.स. २०६२ सालमा उनको दोस्रो नियात्रा सङ्ग्रहरू 'नबिसने दिनहरू' प्रकाशित भयो । त्यसपछी लामो समयको अन्तरालमा वि.स. २०६९ मा एक्लो परिचय निबन्ध सङ्ग्रह प्रकाशित भयो यो उनको पछिल्लो पुस्तकाकार कृतिको रूपमा रहेको छ । हाल निबन्ध लेखनमा क्रियाशिल छन् ।

## ३.३ श्रीओम श्रेष्ठ 'रोदन' को निबन्धयात्रा

वि.सं. २०३८ सालमा विविध पत्रपत्रिकामा प्रकट भएर साहित्यिक लेखन यात्र शुभारम्भ गरेका श्रीओमले निबन्धको फाँटमा वि.सं. २०४६ सालदेखि आरम्भ गरेका हुन् । उनले २०४६ सालदेखि २०७२ सालसम्मको पच्चसी वर्ष लामो साहित्यि यात्रामा निरन्तर कलम चलाउँदै नेपाली निबन्धको क्षेत्रमा योगदान गरिरहेका छन् । प्रारम्भकाल देखि नै उनको निबन्धलेखन क्रमिक रूपले गतिशिलतातर्फ उन्मुख रहेको पाइन्छ । नेपाली निबन्धको फाँटमा उनको संयुक्त निबन्ध सङ्ग्रह समेत गरी चारवटा निबन्ध सङ्ग्रह र दुईवटा नियात्रा सङ्ग्रह गरी ६ वटा पुस्तकाकार कृति प्रकाशित भइसकेका छन् । यस बाहेक सयभन्दा बढी फुटकर रचनाहरू समसायमिक पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् । केही निबन्धहरू विद्यालयीय पाठ्यपुस्तक समेत समावेश भएको छ ।[२]

श्रीओमको पच्चीस वर्षे लामो निबन्धयात्रालाई मुख्यतः निम्नानुसार तीन चरणमा विभाजन गर्न सकिन्छ ।

### ३.३.१ प्रथम चरण अभ्यास चरण वि.सं. २०४६-वि.सं. २०५४ सम्म)

आधुनिक नेपाली निबन्ध विधाका सशक्त निबन्ध स्रष्टा श्रीओम श्रेष्ठ 'रोदन' को वि.सं. २०४६ मा 'श्रृङ्खला' साहित्यिक पत्रिकाको भैरव अर्याल विशेषाँकमा 'कसले भन्छ म बहुला ?' शीर्षक निबन्ध प्रकाशित भएपछि निबन्ध लेखन सुरु गरेका हुन् । यो चरण उनको अभ्यासिक चरण भएकोले एउटा संयुक्त निबन्ध सङ्ग्रह मात्र प्रकाशित

२. लेखकबाट प्राप्त जानकारी

भएको पाइन्छ । यस निबन्ध सङ्ग्रह भित्र अन्य समसामयिक निबन्धकाहरू भीष्म उप्रेती, युवराज नयाँघेर, ज्ञानेन्द्र विवश र श्रीओम श्रेष्ठ 'रोदन' लगाएका युवापुस्तका चारजना निबन्धकारहरूको संयुक्त निबन्ध सङ्ग्रह 'संवेदनाका स्वरहरू' प्रकाशन भएको पाइन्छ । यस निबन्ध सङ्ग्रहभित्र श्रेष्ठ 'रोदन' का चारवटा निबन्धहरू कलम खोज्नेहरूको जुलुस, श्रृङ्खलाहीन मनोदेशाहरू, प्रदूषित रंगीन जिजीविषाहरू र विपनामा सपनाको इतिवृति रहेका छन् । यसरी हेर्दा यस चरणका एउटा मात्र संयुक्त निबन्ध सङ्ग्रह र त्यसमा रहेका चारवटा निबन्धकृति देखापरेको हुनाले यस समयावधिलाई अभ्यासकालको रूपमा पाइन्छ ।

आत्मपरक निबन्ध शैलीलाई अँगालेका 'रोदन' ले वस्तुमा मन तरङ्गिएपछि दार्शनिकता थप्दै यथार्थको चिरफार गर्नमा बढी उत्सुकता देखाएको यी निबन्धको अध्ययनबाट प्रष्ट हुन्छ । समसायमिक मानव जीवन तथा जीवनका विसङ्गतिहरूलाई आत्मपरक विश्लेषणात्मक शैलीमा प्रस्तुत गर्नुलाई निबन्धगत मूल प्रवृत्ति बनाएको पाइन्छ । यस सँगसँगै प्रयोगधर्मीता, व्यङ्ग्यात्मकता, चिन्तनशीलता र समकालिन सामाजिक यथार्थवोध पनि उनका निबन्धगत प्रवृत्तिहरू हुन् । सानो विषयलाई समातेर कहालीलाग्दो वर्णन गर्न सक्नु निबन्धकारको लेखन शिल्प रहेको छ ।

### ३.३.२ दोस्रो चरण (वि.सं. २०५५ देखि वि.सं. २०६२ सम्म)

यस चरणमा निबन्धकार 'रोदन' को निबन्ध सँगसँगै नियात्रा सङ्ग्रह पनि देखापरेका छन् । उनको वि.सं. २०५५ मा 'अर्थहीन अर्थहरू' निबन्ध सङ्ग्रह र वि.सं. २०५९ मा 'समयका सम्भावनाहरू' गरी दुईवटा निबन्ध सङ्ग्रह प्रकाशित भएका छन् । त्यस्तै वि.सं. २०६० मा 'समुद्रपारि-समुद्रवारि' नियात्रा सङ्ग्रह र वि.सं. २०६२ मा 'नबिर्सने दिनहरू' नियात्रासङ्ग्रह प्रकाशित छन् । यस चरणमा 'रोदन' का दुई निबन्धसङ्ग्रह र दुई नियात्रा सङ्ग्रह गरी चारवटा पुस्तककार कृति प्रकाशित छन् । उनका 'अर्थहीन अर्थहरू' निबन्ध सङ्ग्रहमा जम्मा सत्र वटा निबन्धहरू सङ्कलन भएक छन् भने यस सङ्ग्रह भित्रका निबन्धहरू आठ कक्षादेखि दस कक्षासम्मका

विद्यार्थीहरूको पाठ्यक्रमका लागि उपयुक्त देखिन्छ । अर्को 'समयका सम्भावनाहरू' निबन्ध सङ्ग्रहमा विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित पन्ध्र वटा निबन्ध सहित जम्मा सत्रवटा निबन्धहरू सङ्कलित छन् । निबन्धकार 'रोदन' यात्रा गर्न अत्यन्त मन पराउनुहुन्छ । नियात्राको रस्वास्वादन गर्दा पाठक ती ठाउँको मानसिक यात्रा गर्दछ जहाँ उ पुगेको हुँदैन । तसर्थ पाठकको भौतिक शरीरलाई स्थिर राखेर मन र मस्तिष्कलाई विचारण गराउन सक्नु निबन्धकारको सफलता हो ।[५] यही सफलताको कसीमा रहेर लेखिएका नियात्रा सङ्ग्रह समुद्रपारि-समुद्रवारि' मा जम्मा पन्ध्र वटा नियात्रा र 'नविर्सने दिनहरू' मा जम्मा पन्ध्रवटा नियात्रा संकलित छन् । त्यसैले निबन्धको क्षेत्रमा यो समयावधि अत्यन्त उर्वर रहेको मान्न सकिन्छ ।

यस चरणमा निबन्धहरूमा सूक्तिमय काव्यात्मक भाषामा निबन्धकारद्वारा जीवन जीउने क्रममा भोगेको गहन अनुभवहरूको प्रकटन भएको छ । समसामयकिता, राष्ट्रियता र मानवताको परिवृत्तमा मानवीय विकृत र स्वार्थी मनोवृत्ति, भ्रष्ट राजनीति, विसङ्गत सामाजिक जीवन आदि प्रति प्रभावकारी व्यङ्ग्य गरेको छ । अनुभूतिको प्रवलता, सफल व्यङ्ग्यविधान, सामाजिक विकृतिको चिरफार, वर्तमान गृहद्वन्द्वको यथावत् प्रस्तुति लगाएत कृतिमताको सट्टा प्राकृतिक सौन्दर्यलाई प्राथमिकता दिदै शब्द शब्दमा ध्वनि उत्पादन गर्न 'रोदन' को प्रवृत्तिगत विशेषता रहेको छ । नयाँ नयाँ विम्ब र प्रतीकहरूको रोचक प्रयोग नवीनतम् सावित भएको छ । यिनका नियात्राहरू भाषाशैली शिल्प र उद्देश्यमा सुनिर्दिष्ट छन् ।

### ३.३.३ तृतीय चरण (वि.सं.

यस अवधिमा 'रोदन' का वि.सं. २०६२ देखि वि.सं. २०६८ सम्मका कुनै निबन्धात्मक कृति देखा परेको छैन । एकैचोटी वि.सं. २०६९ सालमा 'एक्लो परिचय'

---

२. रामेश्वर राउत, मातृदास, खवरकागज, २०५६ माग ६ गते

३. देवीपन्थी 'निबन्ध लेखन र रोदनको अर्थहिन अर्थहरु' दिग्दर्शन साप्ताहिक वर्ष १९, अंक २६, २०५७ ।

४· रमेश गोर्खाली नबिसने दिनहरुको केही सराहनीय पैरवी एवम् प्रस्तुती अभिव्यक्ति वर्ष ४० पूर्णङ्क १४६ , २०६६

५. रमेश गोर्खाली 'नबिर्सने दिनहरु' को केही सराहनीय पैरवी एंव प्रस्तुति अभिव्यक्ति वर्ष ४० पूर्णङ्क १४६, २०६६ ।

निबन्धसङ्ग्रह देखा परेको छ । अन्य चरणका निबन्ध सङ्ग्रह नियात्रा सङ्ग्रहको तुलनामा त्यस चरणको निबन्ध सङ्ग्रह सङ्ख्या र आकारका दृष्टिले ठूलो रहेको छ । यस निबन्ध सङ्ग्रहभित्रका केही निबन्धहरू नियात्रा शैलीमा लेखिएका छन् । निबन्धकार हालसम्मका लेखन यात्रामा सक्रिय रूपमा क्रियाशील रहेको पाइन्छ ।

आत्मपरक र संस्मरणात्मक मानिने उनका यस चरणका निबन्धहरू निजात्मक शैलीका रहेका छन् । विसङ्गत पक्ष प्रतिको व्याङ्ग्यात्मकता, राष्ट्र प्रतिको इमान्दारीता, मानवीय संवेदना, संस्कृतिका नाममा भएका विभेद, राजनीतिज्ञले नबुझेका गर्भ गरिबीभित्र पनि इमान्दारिता, विदेश मोहले पलायन भएका नेपालीका भोगाइका यथार्थता प्रस्तुत गर्न निबन्धकारको यस चरणका निबन्धहरूको मूल प्रवृत्तिगत विशेषता हुन् ।

## ३.४ श्रीओम श्रेष्ठ 'रोदन' समकालीक निबन्धकार

निबन्धकार श्रीओम श्रेष्ठ 'रोहन' देवकोटाले थालनी गरेको आत्मपरक निबन्धका स्रष्टा हुन् । उनका सम्पूर्ण निबन्धहरू आत्मपरक देखिन्छन् । सामान्य देखि अन्तराष्टिय सम्मका समस्याहरूको विश्लेषण र समिश्रण गर्ने श्रेष्ठ 'रोदन' ले निबन्धमा धर्मसंस्कृति, अर्थ, शिक्षा राजनीति, व्याङ्ग्य, यात्रा भ्रमणहरूलाई स्थान दिएका छन् । अझ उनका निबन्धका मुल विषयहरू भनेका आफूद्वारा अनुभूतिहरूनै हुन् । अनुभूतिको गहिराईमा डुबेर बिचार, कल्पना र यर्थाथलाई सँग सँगै डोऱ्याएर निबन्ध रचना गर्ने सिप उनको वैयक्तिक हो । प्रगतिवादी बिचारहरूले पनि श्रीओमका निबन्धले स्थान पाएका छन् । वर्तमान शोषण अन्याय अत्याचारको भण्डाफोर गर्दै जातीगत विभेद, धनी र गरिव बिचको आर्थिक विषमता र त्यस्ता समस्याहरूप्रति चनाखो भई उनका निबन्धहरूले सबै प्रकारको विभेद रहित स्वस्थ्य समाजको कल्पना गरेका छन् । पछिल्लो समयमा साहित्यिक क्षेत्रमा देखिएका विकृति, अग्रज साहित्यकारहरूको अनुदारता, साहित्यक प्रतिष्ठानहरूको संकीर्ण दृष्टि र धारणा

५. लेखकबाट प्राप्त जानकारी ।

लगायतका साहित्यक परिवेश सँग सम्बन्ध पक्षहरूलाई यिनले यर्थाथ रूपमा प्रस्तुत गरेका छन् ।

मानव समाजमा व्याप्त विकृति, विसङ्गति र अराजकता प्रति व्याङ्ग्य गर्दै मानवतावाद देश प्रेम र विश्ववन्धुत्व भावना जागृत गराउन र सामाजिक यर्थार्थको उद्घाटन गर्न सक्षम यिनका निबन्धहरू औपचारिकता काव्यात्मकता, सफल व्याङ्ग्यबिधान दर्शनप्रतिको स्पष्ट वैज्ञानिक दृष्टि भाव र संरचना बिचको सन्तुलन, अनुभूति र विषयगत समसामयिकता जस्ता विशेषताहरूले ग्रहणीय बनेका छन् भने यिनै विशेषताहरूले श्रीओम श्रेष्ठ 'रोदन' लाई समसामयिक प्रतिनिधि निबन्धकारको रूपमा स्थापित गराएको देखिन्छ,

## ३.५ निष्कर्ष

श्रीओम श्रेष्ठ 'रोदन' ले वि.स. २०४५ 'ललिता' कविता संग्रहबाट काव्यविधामार्फत साहित्य क्षेत्रमा प्रवेश गरी 'सरगम' २०४७ बाट आफ्नो कवि व्यक्तित्वलाई परिपक्क बनाएका भएपनि त्यसपछिका दिनहरूमा यिनी कथाकार व्यत्तित्वको सबलीकरणमा प्रवृत्त भएका देखिन्छन् । कविता लेखन कथा लेखन हुँदै साठीको दशकको पूर्वाद्धदेखि मूलतः निबन्ध लेखनमा लागेका श्रीओमको कथा र कविता भन्दा निबन्धको फाँट अत्याधिक उर्वर देखिन्छ । यसरी हेर्दा उनी कवि हुन्, कथाकार हुन् र त्यसभन्दा बढी निबन्धकार हुन् । जीबन जगतको सूक्ष्म निरिक्षण र गहन अध्ययन गरी सामाजिक भोगाइका क्रममा आफूद्धारा अनुभूत यथार्थ अनुभूतिहरूको प्रकटन गर्न उनी निबन्धलाई माध्यम बनाउछन् ।

श्रेष्ठ 'रोदन' को निबन्ध यात्राको प्रथम चरण अभ्यास चरणको रूपमा रहेको छ । यस चरणका निबन्धहरूमा आत्मपरक शैली मूल प्रवृत्तिका रूपमा आएका छन् । त्यस्तै दोस्रो चरण निबन्धकारको अत्यन्त उर्वर चरण हो । यस चरणका निबन्धहरूमा शैलीमा परिष्कृत विधागत सचेतना रहेको देखिन्छ । भावलाई कलात्मक दिने क्रममा आत्मपरकता व्यक्ति भावको सार्वभौमिकता चिन्तन र भावको समिश्रण विधागत विविधता, व्यङ्ग्यात्मकता समसामयिकता, राष्ट्रियता आदि यस चरणका मूल प्रवृति

रहेका छन् । तेस्रो चरणमा निबन्धमा न्यून संलग्नता देखिन्छ । उनी मूलतः आत्मपरक निबन्धकार हुन् । वैयक्तिक जीबनमा देखेका भोगेका जानेबुझेका अनुभव र अनुभूतिलाई विषयवस्तु वनाई निबन्ध रचना गर्ने काम गरेका छन् । उनले आफूलाई आफ्नो निबन्धको विषयवस्तु वनाएर आफ्ना जीवनका सुख, दुःख आँशु हासो हर्ष विश्मात आदिको अभिव्यक्ति गरेका छन् । उनले आफ्ना निवन्धको माध्यमबाट देशभक्ति राष्ट्रभक्तिको भावना प्रकृतिप्रेम र साहित्यानुरागको भावनालाई व्यक्त गरेका छन् । अतः लेखकीय आत्मप्रकाशनमा समसामयिक लोकजीवनको यथार्थ शव्दचित्र उतार्दै राजनीतिक सामाजिक आर्थिक, साँस्कृतिक, धार्मिक, साहित्यिक आदि विविध पक्षहरूका विकृतिहरूलाई निरुत्साहित गर्न व्यङ्ग्यको झटारो हानी सुधारको चाहना राख्न उनका संग्रहहरू प्रयुक्त भएका देखिन्छन् ।

# चौथौ परिच्छेद

## श्रीओम श्रेष्ठ 'रोदन' को निबन्ध सङ्ग्रहहरूको विश्लेषण

### ४.१ विषय परिचय

वि.सं. २०३८ सालमा विविध पत्रपत्रिकामा प्रकट भएर साहित्यिक लेखनयात्रा शुभारम्भ गरेका श्रीओमले निबन्धको फाँटमा वि.सं. २०४६ सालदेखि आरम्भ गरेका हुन् । उनले २०४६ सालदेखि २०७२ साल सम्मको पच्चीस वर्षे लामो साहित्यिक यात्रामा निरन्तर कलम चलाउँदै नेपाली निबन्धको क्षेत्रमा योगदान गरिरहेका छन् । श्रेष्ठ 'रोदन' को संवेदनाका स्वरहरू (संयुक्त निबन्ध सङ्ग्रह) २०५४ प्रकाशित कृति हो । त्यसपछि 'अर्थहीन अर्थहरू' (निबन्ध सङ्ग्रह) २०५५, 'समयका सम्भावनाहरू' (निबन्ध सङ्ग्रह) २०५९, र 'एक्लो परिचय' (निबन्धसङ्ग्रह) २०६९ प्रकाशित भएका छन् । निबन्धकारले विभिन्न प्रयोजनलाई लिएर स्वभाविक रूपमा आफूले समय समयमा देखे भोगेको वास्तविकता, यात्रानुभव, वर्तमान अवस्था प्रतिको व्यङ्ग्यालाई मुख्य विषयवसतु बनाएर उनले निबन्ध रचना गरेका छन् । श्रेष्ठ 'रोदन' का हालसम्म प्रकाशित एक संयुक्त निबन्ध सङ्ग्रह तीनवटा निबन्ध सङ्ग्रह गरी जम्मा ४ वटा निबन्ध सङ्ग्रहरूको विश्लेषण प्रस्तुत परिच्छेदमा गरिएको छ ।

अध्याय तीनमा बनाइएको निबन्धमा तत्वहरूको आधारमा निबन्धसङ्ग्रहरूको विश्लेषणमा विषयवस्तु, भाव वा विचार र भाषाशैलीलाई मुख्य आधार मानिएको छ भने निबन्ध सङ्ग्रहरूलाई कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

### ४.२ 'संवेदनाका स्वरहरू' संयुक्त निबन्ध सङ्ग्रहको विश्लेषण

'सवेदनाका स्वरहरू' साहित्यकार श्रीओम श्रेष्ठ 'रोदन' को प्रकाशनका दृष्टिले तेस्रो कृति भएतापनि निबन्ध विधाको प्रकाशित पहिलो निबन्ध सङ्ग्रह हो । यो निवन्ध संग्रह वि.सं. २०५४ सालमा पहिलो पटक प्रकाशित भएको हो । वि.सं. २०५४ सालमा यस निबन्ध सङ्ग्रहमा चारजना युवा निबन्धकारहरू श्रीओम श्रेष्ठ 'रोदन' भीष्म उप्रेती, युवराज नयाँघरे र ज्ञानेन्द्र विवशका चार चार प्रतिनिधि निबन्धहरू रहेका छन् । निबन्धकार श्रीओमले २०४८ देखि २०५३ सालसम्म रचित निबन्धहरू समावेश

गरेका छन् । 'सवेदनाका स्वरहरू' निबन्ध सङ्ग्रहभित्र सङ्कलित निबन्धहरू यस प्रकार रहेका छन् :

| क.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १ | कलम खोज्नेहरूको जुलुस | २४ |
| २ | शृङ्खलाहीन मनोदशाहरू | २९ |
| ३ | प्रदूषित रङ्गीन जिजीविषाहरू | ३३ |
| ४ | विपनामा सपनाको इतिवृत्ति | ३७ |

### ४.२.१ विषयवस्तु

'कलम खोज्नेहरूको जुलुस' निबन्धभित्र मानव जीवनमा रहेको कलमको महत्त्वको चर्चा गरिएको छ तथा यसको शाक्तिको गायन गरिएको छ भने कमलजीवीहरूले नै कलमको महत्त्व नबुझी कलमलाई सस्तो मोलमा बिकाइदिँदाको पीडां व्यक्तिएको छ । कलमको हरेक रहस्यको उद्घाटन गर्ने भएपनि वर्तमान समयमा कलमहरूको दुरूपयोग गरिएको कुरामा दुःख प्रकट गरेका छन् । लेखन कार्यमा आफू आस्थावान् रहेको कुरा निबन्धकारले व्यक्त गरेका छन् । समयले जस्तो मोड लिएपनि कमलाई कहिल्यै हराउन नसक्ने धारणा व्यस्त गर्दै लेखन क्षेत्रमा बढ्दो विसङ्गति, विकृति र बिडम्बनाको यथार्थ चर्चा गरेको छ । जस्तोसुकै दुःख आएपनि कलमजीविहरूले लेख्न नछाड्ने कुरालाई यस निबन्धमा प्रकट गरिएको छ । कलमको बारेमा प्रस्तुत निबन्धमा यसरी व्याख्या गरिएको छ *"विज्ञानको सारदेखि वाङ्मयको फाँटसम्म चिकित्साको प्रयोग देखि युद्धको मैदानसम्म र मानव अस्मिताको परिचयदेखि अन्त्यसम्म कलम कलमै भएर नित्य उदाइरहेको छ ।"* (पृष्ठ २८)

'शृङ्खलाहीन मनादेशाहरू 'निबन्धमा मानव जीवनमा आइपर्ने आरोह अवरोह उतार चढावहरूको तथा मावनका अवचेतन मनमा उर्लिएका मानव जीवन तथा मावन समाज सम्बन्धी छालहरूको अभिव्यक्तिका रूपमा प्रस्तुत गरिएको छ । जीवन भोगाइका क्रममा आइपर्ने विभिन्न दृष्टिकोणहरूका साथै आफ्नो सुखद बालापनको पनि चित्रण गरिएको पाइन्छ । समयको परिवर्तनसँगै मानवीय मनोवृत्तिहरू पनि

परिवर्तन हुँदै स्वार्थी, हेपाहा मनोवृत्तिहरू बढिरहेछन् तर समाजमा स्वार्थी प्रवृत्तिका मानिसहरू मात्र नभई स्वार्थ रहित उदार भावनाका व्यक्तिहरू पनि पाइने कुरा व्यक्त गरिएको छ । जहाँ जे भएपनि आफूले आफ्नो धरातल भुल्नु हुन्न भन्ने मनसाय रहेको छ । जुन सुकै परिवर्तन्न भएपनि आफू अपरिवर्तन हुने कुरा र मानव जीवनका दु:ख र सु:ख दुई पाटा हुन् भन्ने अभिव्यक्ति दिएका छन् । जीवनलाई नाटक ठानिएको यस निबन्धमा जीवन र नाटकका बारेमा प्रस्तुत निबन्धमा यसरी अभिव्यक्त भएको छ । *"नाटक जस्तो जीवन भार र जीवन जस्तो नाटक भएर समय जस्तो हामी बाँचेर र हामीजस्तो समय रोकिएन, विगत होस् या वर्तमान । वर्तमान होस वा भविष्य नै । कुरो उही हो ।"* (पृ. ३२)

'विपनामा सपनाको इतिवृत्ति' निबन्धमा श्रीओमले सपना प्रतिको जिज्ञासा प्रकट गरी मानवीय सोचाइको सङ्केत गरेका छन् । सपनालाई केवल सपनामा मात्र सीमित राख्नुपर्ने कुरा व्यक्त गरेका छन् । तर सपनाले नै देशमा, समाजमा परिवर्तन्न ल्याउने कुरामा सहमति जनाउँछन । प्रत्येक मानव पिच्छे सबैको फरक फरक सपना हुने गर्छ तर भूत र वर्तमानलाई भन्दा भविष्यको सपना राम्रो हुने कुरा निबन्धकारले बताएका छन् । वर्णनात्मक अभिव्यक्ति प्रस्तुत गरिएको यस निबन्धमा मुगुकी फूलमाया विदेशमा नारकीय जीवन बिताईरहेको सोनामको सन्दर्भ प्रस्तुत निबन्धमा यसरी समेटिएको छ । *"यसरी फूलमायाको सपना, दधिराजको यथार्थ, दधिराजको सपना, सोनामको यथार्थ सोनामको सपना पीडा/स्मृति सबै एक आपसमा साइकलको पांग्रा घुमे झैं धुमीरशहेको छन् जीवन जगत । त्यसो त सबै क्षेत्र र पेशाको आ-आफ्नो सपना त हुन्छ नै ।"* (पृ. ४२) सपना सुखमय र दु:खमय दुवै हुने गर्छ तर सुखमय सपनाको सम्भावना कम र दु:खमय सपनाको सम्भावना बढी हुन्छ । विपनामा दु:ख भोग्नेहरूले सपनामा सुखको अनुभूति गर्छ, मानवीय सपना पीडा वा अभावमा आश्रीत भएर देखिन्छ भन्ने तर्क निबन्धमा पाइन्छ । भगवान प्रतिको धारणा अविस्वसनीयता प्रति र जन्मोत्सव मनाउनेहरूप्रति व्यङ्ग्य वाण प्रहार गरेका छन् । सपनाको सीमित घेरा नभई असीमित हुन्छ भन्ने अभिप्राय प्रस्तुत गरिएको छ ।

'प्रदूषित रङ्गीन जिजीविषाहरू' संवेदनाका स्वरहरू निबन्ध सङ्ग्रहको निबन्धकार श्रीओमको चौथो तथा अन्तिम निबन्ध हो । यसमा वातावरणीय प्रदुषण दिनानुदिन बढ्दै गइरहेको कुरा संवेदनशील बनेर लेखिएको छ । त्यस वातावरणीय प्रदुषणले मानव जीवन पनि प्रदुषित हुँदै गएको र प्रदूषित मानसिकताको उल्लेख गरिएको छ *"प्रदूषक हरेक पक्षको सर्वमान्य हो दृश्यात्मक र अदृष्यका भीडहरूभित्र जतातत्तै सूक्ष्मातिसूक्ष्म रूपमा तन, मन धन र चराचरका सम्पूर्ण आशामा माथि, तल र भित्र प्रदूषणको राज्य छ विकल्पहीन छ यो । निर्विकल्प ।"* (पृष्ठ ३५) वर्तमान शहरीया जीवनशैली यसले विकृतितर्फ उन्मुख गरिरहेको छ भन्ने कुरा व्यक्त गर्न श्रीओमले खोजेका छन् । प्रदुषणजन्य सामग्रीको प्रयोग आफै गर्ने र त्यसको विरुद्धमा नारा लगाएपनि समाधानको लागि एकजुट हुने मनोवृत्ति नभएको भन्दै व्यङ्ख्य प्रहार गरेका छन् । मानवीय इच्छा र आकाङ्क्षाले प्राकृतिक वस्तुहरू लोप हुँदै गएको र प्राकृतिक स्वच्छता पनि गुम्दै गएको कुरा उदाहरणका साथ प्रस्तुत गरिएको छ । धन र शिक्षा दुवै क्षत्रमा मानवीय दुर्मति बढेको र शहरीमा सौखिन जीवनले विभिन्न समस्याहरू निम्त्याइरहेको कुरा सशक्त ढङ्गमा प्रस्तुत गरेका छन् ।

### ४.२.२ भाव वा विचार

समसामयिक मानव जीवनमा देखिएका विकृति, समस्याहरूको प्रकटीकरण गर्दै मानवीय संवेदना, सामाजिक एवम् राष्ट्रिय समस्याप्रति सचेतता देखाउनु यस सङ्ग्रहको विचार वा भाव हो । बौद्धिकता, तार्किकता र कल्पनाको सन्तुलित प्रयोग गरी सूक्ष्म मनोविश्लेषण गर्नुपनि मुख्य विचार वा उद्देश्य हो । यस सङ्ग्रहभित्रका निबन्धहरूमा मानवता, व्यङ्ग्य आत्मपरकता पाइन्छ । मानवीय मुल्य मान्यता र अस्तित्वको पहिचानका साथै राष्ट्र र राष्ट्रियताको विकासका निम्ति यिनका निबन्धहरूले गहनीय विचारहरू अगाडि सारेको पाइन्छ । सङ्ग्रहभित्रका निबन्धहरूले बुद्धितत्व र हृदयतत्वलाई बरोबर स्पर्श गर्न सक्षम छन् ।

### ४.२.३ भाषा शैली

श्रीओमका निबन्धहरूमा सरल, सुवोध्य र संयमित भाषाको प्रयोग पाइन्छ । 'संवेदनात्मक स्वरहरू' निबन्ध सङ्ग्रहमा प्रसस्त उखान र टुक्काहरूका साथै भाषामा काव्यात्मकला पाइन्छ । उखान र टुक्काको प्रयोग भएको निबन्ध 'विपनामा सपनाको इतिवृत' मा यसरी व्यक्त गरेका छन्, "वर्तमानको सपना भूतको सपनाभन्दा मीठो हुन्छ, वर्तमानको भन्दा भविष्यको सपना मीठो हुन्छ । नाउँमा बसेर नदी तरे जस्तै, ज्योतिषीलाई हात देखाएर राम्रो दिनको प्रतीक्षा गरे जस्तै त हो नि सपना । भोलि पुरा हो्स्नहोस् तर आजलाई मल्हम जस्तो मात्र भएपनि बनिदिन्छ सपना ।" (पृष्ठ ४१) भाव अनुसारको भाषा र भाषा अनुसारको शैली पाइनुका साथै कर्त सूत्रात्मक कतै व्याख्यात्मक शैली पाइन्छ । श्रीओमका भाषा सुकोमल छन् । निबन्धको भाषाले भावलाई सहजरूपमा बहन गर्न सकेकाले भाषिक प्रयोगमा दृष्टिले यस सङ्ग्रहका निबन्धहरू सवल र सक्षम छन् । उखान र टुक्काहरूको प्रयोग गर्न रुचाउने श्रीओमका यस सङ्ग्रहका निबन्धहरूमा तिनीहरूले यथोचित स्थान पाएका छन् ।

## ४.३ 'अर्थहनि अर्थहरू' निबन्ध सङ्ग्रहको विश्लेषण

'अर्थहनि अर्थहरू' निबन्ध विधामा प्रकाशित दोस्रो निबन्ध सङ्ग्रह हो श्रीओम 'रोदन' हो । वसन्त कुमार चौधरीले वि.सं. २०५५ मा यस सङ्ग्रहको प्रकाशन गरेको हो । विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित सत्रवटा निबन्धहरू सङ्कलित रहेको यस निबन्ध सङ्ग्रहमा सत्रवटा निबन्धहरू रहेका छन् भने चौरानब्ने पृष्ठमा बाँधिएको छ । सङ्ग्रहकै सबैभन्दा सानो निबन्ध 'आदिम निरन्तरता' र लामो निबन्ध जे भयो ठीकै भयो रहेको छ । अनुच्छेदको दृष्टिले सातदेखि एक्काइस अनुच्छेद भएको निबन्धहरूले सङ्गृहीत निबन्ध सङ्ग्रह हो । 'आदिम निरन्तरता' सात अनुच्छेद र 'जे भयो ठीकै भयो' एक्काईस अनुच्छेदमा रहेको छ । अन्य निबन्धहरू आठदेखि एक्काईस अनुच्छेदको बीचको संरचनामा निर्मित छन् ।

प्रस्तुत सङ्ग्रहभित्र विभिन्न पत्रपत्रिकामा प्रकाशित निबन्धहरू पनि समेटिएका छन् । उक्त निबन्धहरूका साथै अन्य सङ्गृहीत निबन्धहरू यस प्रकार रहेका छन् :

| क्र.सं. | शीर्षक | प्रकाशन वर्ष | पत्रिका | पृष्ठ |
|---|---|---|---|---|
| १. | आदिम निरन्तरता | २०५० | झन्कार | ११ |
| २. | यो बाहिर निस्कने बेला हैन | २०५० | अभिभावक | १५ |
| ३. | अर्थहीन अर्थहरू | २०५० | जनमत | १९ |
| ४. | आस्थाको अवशेष मात्र | २०५१ | नयाँपुस्ता | २४ |
| ५. | रातजस्तो पीडा फूलजस्तो पीडा | २०५१ | दायित्व | २८ |
| ६. | निम्ताहरूको जुलुस | २०५१ | सुनकोसी | ३५ |
| ७. | म जे छु ठीकै छु | | | ४० |
| ८. | आकस्मिक नियमित मनहरू | २०५२ | बगर | ४५ |
| ९. | बन्दी गृहभित्रको सुन्दरता | १९९५ | हाम्रो ध्वनि | ४८ |
| १०. | समय नै यस्तै छ | २०५३ | तन्नेरी | ५२ |
| ११. | प्रेम महल हैन ताजमहल | २०५३ | गरिमा | ५७ |
| १२. | शीर्षकको प्रतिक्षामा | २०५३ | लालीगुराँस | ६३ |
| १३. | वर्षको बुई चढेर | २०५३ | मधुपर्क | ६७ |
| १४. | भनौ कि नभनौं | २०५४ | गरिमा | ७२ |
| १५. | जे भयो ठीकै भयो | २०५४ | मनोभाव | ७७ |
| १६. | भोली कसले देख्या छ र ! | ५०५४ | समकालीन | ८२ |
| १७. | थाहा छैन मलाई किन ! | | | ९० |

### ४.३.१ विषयवस्तु

सङ्ग्रहभित्रको पहिलो निबन्ध 'आदिम निरन्तरता' हो । गरिबी र यसबाट उत्पन्न अभावले मानिसलाई दयनीय अवस्थामा पुऱ्याएको र मानवीय पीडालाई देखेको र भोगेको कटु यथार्थमा विषयवस्तुको रूपमा लिइएको छ । एउटी विधवा आइमाईले आफ्नो गरिबीबाट ग्रसित परिवारलाई विहान बेलुकीको छाक कसरी पुऱ्याउने भन्ने सोचमा अरु केही नसोचेको कुरा 'आदिम निरन्तरता' मा यसरी व्यक्त गरिएको छ *"यस्ती बैंशले फुलेकी विधवाको रहर तिहारको पीङ्ग जस्तो कति मच्चिन्छ होला ।"* (

पृष्ठ १३) समाजमा बढ्दै गएको धर्म र राष्ट्र जोगाउने नाममा बढ्दै गएको विकृतिहरू र समाजमा शान्ति नभई जताततै भ्कुट छलले छाएकोले बाहिर हिडडुल गर्न गाह्रो हुने कुरा 'यो बाहिर निस्कने बेला हैन' निबन्धले विषयवस्तुको रूपमा अगाडि ल्याएको छ । जीवनलाई विसङ्गति देख्दै मनोविश्लेषणात्मक रूपमा मानव मनमा अव्यक्त चाहनाहरूको सूक्ष्म अध्ययन गरी त्यस भित्रको अर्थहरू खोजेको र उक्त अर्थहरू अर्थहीन भएको कुरालाई विषयवस्तुका रूपमा 'अर्थहीन अर्थहरू' निबन्धमा लिइएको छ । 'अर्थहीन अर्थहरू' ले निबन्धकारले देखेको भन्दा कल्पनामा हराएको र उक्त सपना अर्थपूर्ण हो होइन भन्ने कुरा व्यक्त गर्न खोजेका छन् *"सपनामा नै भनेको सबै देखे, सुनें र पाए भने यथार्थ कस्तो होला ........ ? अनुमानको मिटरले थेग्दैन । सगरमाथा होचो हुन्छ । भएरै पनि मलाई शंका लागिरहेको छ, अर्थहीन अर्थ हो कि ......... अर्थपूर्ण ....।"* (पृष्ठ २३)

राजनीतिक परिवेशले व्याप्त समाज र राजनीतिले पारेको प्रभाव र उक्त प्रभावका कारण आफ्नो मनका गजुरहरू आस्थाहरू ढल्दै गइरहेको सबैजना औपचारिकतामा वर्तमानमा बाँचिरहेको वैयक्तिक अनुभूतिलाई निबन्धकारले 'आस्थाको अवशेष मात्र' मा विषय बनाएका छन् । राजनीतिक विषयको कुरा प्रस्तुत निबन्धमा यसरी व्यक्त गरिएको छ *"अहिले रेडियोले उपचुनावको आधा आधीतिरको नतिजा सुनाउने लागेको छ । शिखरमा पुगेर विजयोद्‌घोष ओह्रालो लागेको मतसङ्ख्या समाचार बनेर प्रसारक हुँदैछ ।"* (पृष्ठ २४) त्यस्तै आफूले बांच्न प्रकृतिसँग गर्नुपर्ने युद्ध, 'एउटा कोपिलाले फूल्नको निम्ति गरेको संघर्ष' र 'शहरीया समाजमा रहने मानिसहरूको मन कठोर रहेको भन्ने व्यङ्ग्यलाई विषयवस्तुको रूपमा 'रातजस्तो पीडा फूलजस्तो पीडा' निबन्धले लिएको छ । अहिलेको जमानामा कसैको भर गर्न नहुने सबैसँग डर मान्नुपर्ने समय रहेकोले जे कुरा गर्न पनि सङ्घर्ष गर्नुपर्ने कुरा यस निबन्धमा पाइन्छ । 'निम्ताहरूको जुलुस' निबन्धमा धर्म र नीतिका नाममा अरु माथि अन्याय अत्याचार गर्ने, अर्काको पीडामा रमाउने र कुरीति, कुप्रथाको नाम गरेर आफ्नो ढुकुटी भर्ने खालका समाजमा रहेको त्यस्ता फोहोरी व्यक्तिहरूको बारेमा वर्णन गरिएका विषय रहेको छ । बाबुले मृत्युलाई क्षणिक पीडा मान्ने र छोरी अन्माएर

रमाइलो गर्ने समाजप्रति तीखो व्यङ्ख्य निम्ताहरूको जुलुस निबन्धमा यसरी चिनाएका छन्, *"बाबुको मृत्युजस्तो पीडा पनि कस्तो क्षणिका शायद पृथ्वी घुम्नु यस्तोकै सांकेतिक अर्थ पो हो कि ? समय/मन स्थिर र स्थायी हुन सक्दैनन् भन्ने ।"* (पृष्ठ ३६)

'म जे छु ठीकै छु' निबन्धमा निबन्धकारले आफूले भोगेका, देखेका सुनेका र अनुभव गरेका अनुभूतिहरूलाई नढाटीकन जस्तोको त्यस्तै प्रस्तुत गरिएको छ । कल्पना यथार्थ विषयवस्तुको रूपमा आएका छन् । जसले जे भनेपनि आफू आफ्नो लक्ष्यमा अडिग रहने र जस्तोसुकै परिणाम आए तापनि म आफू ठीक छु भन्ने भावना यस निबन्धमा पाइन्छ । 'आकस्मिक नियमित मनहरू' निबन्धका मुख्य विषयवस्तु मनको सम्झौता मनसँग हुनुपर्छ समय सँग हैन भन्ने हो । मनलाई केहीसँग तुलना गर्न नसकिने, छलकपट, षड्यन्त्र पाप, घोका आदिले वर्तमान व्याप्त हुनुको कारण वैदिक कालदेखि नै मन दुख्ने दुखाउने परम्पराबाट भएको हो । मनहरू च्यातिएका, फाँटेका हुनसक्छन् तापनि मनको तुलनायोग्य केही छैन यो क्षणभरमै रमाउने र क्षणभरमै दुःखी हुने प्रवृत्तिको हुन्छ भन्ने कुरा 'आकस्मिक नियमित मनहरू' निबन्धको केन्द्रीय विषय हो । त्यस्तै अर्को निबन्ध 'बन्दिगृह भित्रको सन्दुरता' हो जसमा वैदेशिक यात्रा त्यस ठाउँमा बिताएका समयहरूले बन्दीको आभास गराएको, बन्दीलाई सुन्दर तिरस्कारको रूपमा लिइएको र मान्छेको जीवनमा आइपर्ने आरोह अवरोहमा आत्तिनु र मात्तिनु हुन्न भन्ने विषयवस्तुलाई प्रस्तुत निबन्धमा यसरी व्यक्त गरिएको छ *"मान्छे भएर जन्मेपछि आरोह अवरोहमा मात्तिनु र आत्तिनुलाई आकस्मिक तर नियमित रूपमा स्वीकारेर नियन्त्रण गर्न सक्नुपर्छ । अन्यथा हामी हामी हुनुमा के को गर्व ? भन्नुको अर्थ हस्तरेखाहरूले आँसु र हाँसाको जोड घटाउ हुर्काउनु हुन्न मेरो मत ।"* (पृष्ठ ५०) फुर्सदको समयपनि बेफुर्सद रहेको विषयमा निबन्ध केन्द्रित छ ।

'समय नै यस्तै छ' निबन्धमा बोली र संस्कारमा कन्जुस्याई गर्न नहुने भन्दै परिवर्तित समाज र मानिसहरूको मन पनि परिवर्तित हुँदै स्वाथी र मान्छे नै मान्छेको ठूलो मनोरञ्जन भन्दै मीठो व्यङ्ग्य प्रहारको गरेको छ । त्यस्तै प्रेम मीठो अनुभूति हो तर प्रेमका नाममा अरुलाई पीडा दिएर आफ्नो प्रेमलाई टिकाउ राख्न खोज्ने प्रति तिखो व्यङ्ग्य गरेका छन् 'प्रेम महल हैन ताजमहल' निबन्धमा । 'ताजमहललाई प्रेममहल हैन

त ज्यादति र जनताहरूले पाएका दुःखको प्रतिक हो' भन्दै प्रमेका नाममा गरिने त्रास र भयको प्रतीक र शाहजहाको घृणाको नमूना 'ताजमहल' भन्ने निबन्धको विषय हो । अर्को निबन्ध 'शीर्षकको प्रतीक्षामा' पनि हो । यस निबन्धमा लेख्नु सजिलो छैन र गाह्रो पनि छैन त्यो भन्दा बढी गाह्रो शीर्षकको सम्बन्धमा हुन्छ भन्दै त्यसकै वरिपरिको कुराहरूलाई यस निबन्धको विषयवस्तुको रूपमा उभ्याइएको छ । त्यस्तै यसै सालमा मधुपर्क पत्रिकामा प्रकाशित 'वर्षको बुई चढेर' निबन्ध 'अर्थहीन अर्थहरू' निबन्ध सङ्ग्रहको अर्को निबन्ध हो । नववर्ष मनाईने, शुभकामना आदान प्रदान गर्नुले वर्षभरि भएका हत्या, हिंसा र आतङ्कलाई रोक्न सक्दैन राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा भइरहेका युद्ध आतङ्कले निम्त्याएको भयावह स्थिति मेटिवस शान्तिका पवनहरू बहुन् भन्ने सन्देश छर्ने विषयवस्तु 'वर्षको बुई चढेर' निबन्धको रहेको छ । खुशी भएर रमाउने तर दुःखी भएर शोक मनाउने प्रचलन नबनेको भन्दै उक्त विषयमा व्यङ्ग्य वाण प्रहार गर्नु निबन्धका विषयहरू हुन् ।

'भनौ कि नभनौ' अर्थहीन अर्थहरू निबन्ध सङ्ग्रहरूको निबन्धहरू मध्य अर्को एक हो । मानव जीवनमा आउने उतार चढाव, यसले मानव मनमा पार्ने प्रभावहरू र समाजमा रहेका व्यक्तिहरूप्रति असन्तोष रीसलाई निबन्धको विषयवस्तु बनाएका छन् । मानव जीवनमा भएका घटनाहरूलाई नकारात्मक रूपमा नलिएर सकारात्मक सोच राख्नुपर्छ भन्ने भावव्यक्त गर्नु नै 'जे भयो ठीकै भयो' निबन्धको मुख्य विषय हो । घटना राम्रा नराम्रा जे जस्ता भएपनि यसको निश्चित समय हुँदैन तसर्थ जे हुन्छ राम्रो कै लागि हुन्छ भन्ने गीताको सारलाई यस निबन्धमा यसरी राखिएको छ *"सानो घाउमा नचिच्याऊ, सानो हुरीसँग नबहकिऊ, अलिकति काडाँसँग नडराऊ अप्ठेरोहरू सँग नआत्तिउ । यी सब परीक्षा हुन यात्रामा । त्यसैले नै भनिएको होला हीजो गरेको गल्तीको पश्चताप गरेर समयलाई नदी बनाउनु हुँदैन ।"* (पृष्ठ ७७) धर्मको नाममा बढ्दै गएको हिंसा, आतङ्क र अदृश्य शक्तिको साथ समसामयिक समाजका मान्छेहरूको स्वार्थीपन 'थाहा छैन मलाई किन' निबन्धको मुख्य विषयवस्तु हो । 'भविष्य कसैले देखेको छैन' र भोलि के हुन्छ कसले देख्या छ र' निबन्धको विषयमा रूपमा आएका छन् । भोलिका बारेमा निबन्धमा यसरी व्यक्त गरिएको छ *।" भोलि कसैले देख्न*

*सक्दैन । भोलि जस्तो अँध्यारो आजसम्म केही बन्न सकेको छैन । तर मानिसहरू अध्यारोलाई चुक घोप्टाए जस्तो बताउन औंसीको रातलाई उदाहरण बनाउने गर्छन र भोलीलाई बिर्सन्छन् । तर भोलि जस्तो देख्न नसकिने अन्धकार र अन्धो अरु केही हुँदैन ।"* (पृष्ठ ९०)

### ४.३.२ भाव वा विचार

निबन्धकारका निबन्धहरू अलिकति कवितात्मक, अलिकति कथात्मक, अलिकति चिन्तनशीलता, अलिकति जनजीवनको अनुभूतिको ग्रहणशीलता अलिकति, प्रेरकशीलता, अलिकति आफूले ठम्याएको कुरालाई प्रतिस्थापित गर्ने अन्तर अभिलाषा, अलिकति आत्मप्रकाशन शीलता अनिअलिबढी एकालापताले बनेका छन् यो नै उनको निबन्धको पहिचान हो । समसायमिक लोक जीवनका राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक आदि विभिन्न पक्षहरूमा व्याप्त विकृतिहरूको सर्वेषण गरेर त्यस्ता विकृतिहरूलाई निरुत्साहित गर्न व्यङ्ग्यको भ्रटारो हानी सुधारको चाहना राख्नु सङ्ग्रहको अभिष्ट भाव हो भने आफूद्वारा अनुभूत लोक जीवनका अनुभूतिहरूको प्रकटन गर्ने उद्देश्य पनि निबन्धकारको देखिन्छ । सङ्ग्रह भित्र निबन्धकारका व्यक्तिगत अनुभूति आफ्नो स्वभाव, स्वकीय अनुभवजस्ता नितान्त वैयक्तिक अनुभूतिहरूको प्रस्तुतीले लेखकीय आत्मप्रकाशन प्रवलन बनेको छ ।

### ४.३.३ भाषाशैली

सहजगम्य शब्द कोमलकान्त पदावली र सुमधुर भाषाशैली निबन्धहरुको भाषिक वैशिष्ट्य हो । निबन्धकारको भावलाई भाषाले सहज रूपमा वहन गरेको देखिन्छ । त्यसैले भाषा शैलीमा मीठास छ । भर्रो नेपाली शब्दहरूको प्रयोगले निबन्धमा मीठासपन थपेको छ भने शैलीले त्यो भावलाई थप प्रभावोत्तेजक बनाएको छ । 'आडम्बरहीन सरल र शुद्ध भाषाको प्रयोग उनी आफू जस्तै स्वच्छ र निश्चल छ'।[१] भावनात्मक, विचारात्मक र वैयक्तिक शैलीशिल्पमा निबन्धकारले आफ्ना चिन्तन र अनुभूतिहरूलाई आत्मपरकताको सूत्रमा आवद्ध गरेका छन् । प्रशस्त उखान, आदर्श

१. देवीपन्थी, दिग्दशृन साप्ताहिक, वर्ष १९, अङ्क २६, २०५७

विचार मानवीय चिन्तन, महनीय सूक्ति, काव्यात्मक भाषा, अनौपचारिक शैली वाक्यगठन जस्ता भाषाशिल्पगत वैशिष्ट्यले निबन्धहरूलाई ओजपूर्ण बनाएको देखिन्छ । कृष्णचन्द्र सिंह प्रधानले अर्थहीन अर्थहरूको भूमिका खण्डमा भनेका छन् "नभनेजस्तो गरेर मनग्गे भनिदिने सीप, स-साना कुरा गेरेर दुखेको सत्य उप्काउँने शैली, आफैभित्र रुमलिएर बाहिरको यथार्थ छुने कला उनको निबन्धमा पाइन्छ" ।[२]

## ४.४ 'समयका सम्भावनाहरू' निबन्ध सङ्ग्रहको विश्लेषण

चितवन वाङ्मय प्रतिष्ठानले वि.सं. २०५९ मा पहिलो पटक यस सङ्ग्रहको प्रकाशन गरेको हो । भावनात्मक, विचारात्मक र वैयक्तिक शैलीमा लेखिएको प्रस्तुत सङ्ग्रहमा विभिन्न पत्र पत्रिकाहरूमा प्रकाशित पन्ध्रवटा निबन्ध सहित जम्मा सत्रवटा निबन्धहरू सङ्कलित छन् । प्रस्तुत सङ्ग्रह १०८ पृष्ठको बाह्य संरचनामा संरचित छ । सङ्ग्रहको सबैभन्दा सानो निबन्ध 'शम्भु राई अर्थात् आरोह अवरोह' हो भने 'देश दुखेको खबर', 'मूर्ख र मन' अनि 'मार्फत मार्फतहरू' सबैभन्दा ठूला निबन्धहरू हुन् । अनुच्छेदका दृष्टिले एघार अनुच्छेददेखि छब्बीस अनुच्छेद सम्मका निबन्धहरू रहेको यस सङ्ग्रहमा 'स्वादको भ्रम' र हामी र हाम्रो स्वार्थ सबैभन्दा थोरै एघार अनुच्छेद भएक निबन्ध हुन् भने मुर्ख र मन सबैभन्दा धेरै छब्बीस अनुच्छेद भएको निबन्ध हो । प्रस्तुत सङ्ग्रह भित्र सङ्ग्रहीत निबन्धहरू यस प्रकार रहेका छन् :

| क.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | स्वयम् वार्ता | १५ |
| २. | निम्तोपत्र | २१ |
| ३. | प्रारम्भ पुनः प्रारम्भ | २७ |
| ४. | मूर्ख र मन | ३२ |
| ५. | स्वादको भ्रम | ३९ |
| ६. | शम्भु राई अर्थात् आरोह-अवरोह | ४३ |
| ७. | अर्को अर्थ नलगोस् | ४७ |
| ८. | डायरीको एक दिन | ५२ |

२. श्रेष्ठ, २०५४ : २ ।

| | | |
|---|---|---|
| ९. | प्रतीक्षाको समय | ५७ |
| १०. | लोकको कुरा | ६३ |
| ११. | मेरो भ्रम मेरो लेखनी | ६९ |
| १२. | हामी र हाम्रो स्वार्थ | ७४ |
| १३. | अनुभव र अनुभूति | ७८ |
| १४. | हामी जिउँदो बुख्याचा | ८४ |
| १५. | मार्फत-मार्फतहरू | ८९ |
| १६. | आस्था र आडम्बर | ९६ |
| १७. | देश दुखेको खबर | १०२ |

### ४.४.१ विषयवस्तु

सङ्ग्रहभित्रको 'स्वयम्वार्ता' निबन्धले आत्मनिरीक्षण र यसबाट हुने फाईदाहरूलाई विषय बनाएको छ । यही वास्तविक सत्यलाई 'स्वयमवार्ता' निबन्धमा यसरी चिनाएका छन् *"यस्तो आफूले आफैसँग प्रश्न गरेर आफैलाई उत्तर दिने 'स्वयम्वार्ता' जीवनमा एकपटक पनि नगर्ने मान्छेहरू धेरै भन्दा धेरै हुनसक्छन् । यो अरुसँगको वार्ताजस्तो सजिलो पक्कै हुँदैन होला ।"* (पृष्ठ १६) मान्छेले जीवनमा धेरै जनासँग वार्ता गर्छ, अन्तर्वार्ता दिन्छ तर स्वयमवार्ता वा आत्मनिरीक्षण कहिले गर्दैन तसर्थ सधै आफैसँग पराजित हुन्छ तर आत्मावलोकन वा आत्मावार्ता गर्नेहरू सधैं अगाडि बढ्छन् र जीवनको वास्तविक रस प्राप्त गर्दछन् । निम्तो पत्रको उहापोह जानकारी 'निम्तो पत्र' निबन्धमा वर्तमान प्रजातान्त्रिक, राजनीतिक विसङ्गतिप्रति व्यङ्ग्य गर्दै समसायमिक चेतनाको अभिव्यक्ति यसरी भएको छ *"जुन ठाउँमा सहज यात्रा गर्न सकिन्छ, त्यहाँ खनी खनी हिड्नै नसक्ने बनाएर पुन बनाउन बाध्य बनाउने काम आजको सबैभन्दा राम्रो खेती भएर पो हो कि ? प्रजातन्त्रको सबैभन्दा प्रिय खेती र उपलब्धी पनि यही बनिरहेको हुनसक्छ ।"* (पृष्ठ २१) समाजमा निम्तोपत्रको आफ्नै मूल्य, महत्त्व, परम्परा भएपनि कुलीनवर्गहरूमा यसले पारेको प्रभाव र त्यसबाट उत्पन्न विकृतिहरूलाई 'निम्तोपत्र' निबन्धले विषयवस्तुको रूपमा ग्रहण गरेको छ । त्यस्तै मान्छेका हुतिहारा, अविवेकी प्रकृति र निरीह स्वभावको प्रस्तुती मुख्य विषय रहेको 'प्रारम्भ पुनः प्रारम्भ' मा प्रकृतिका हरेक वस्तुहरूको अन्त्य पुनः सिर्जनाको लागि

अग्रसर रहन्छ भन्ने विषयवस्तुको परिपुष्टिको लागि उपस्थित माकुरा, बाँस आदिको दृष्टान्तहरू पनि विषयका रूपमा आएका छन् । काम गरिरहेको बैङ्कको जागिर छोडेर गो.प.सं. मा जागिर खान आउँदा प्रवेशाज्ञा पाएको समय अगावै विदेशबाट नेपाल फर्कदा समाजको दृष्टिमा आफू मुर्ख बन्नु परेको वैयक्तिक अनुभूतिलाई निबन्धकारले 'मूर्ख र मन' को मुख्य विषय बनाएका छन् । त्यस्तै समकालीन नेपाली साहित्यिक क्षेत्रमा देखिएका विरूपता 'स्वादको भ्रम' निबन्धको केन्द्रीय विषयवस्तु हो । 'मरेपछि सम्मान गर्ने, गुण गाउने र पुरस्कार दिने साहित्यमा जतिको अन्य कुनै क्षेत्रमा पाइदैन । यस्तो मृत्युपछि मर्यादित हुने क्षेत्रमा पनि पैसासँगै हामफालिरहेका छन् संस्था र पुरस्कार स्थापना गर्नेहरू । बाँचुञ्जेल अरुलाई मार्ने समाजलाई गर्ने र आफू पनि मरेर बस्ने महामहिनहरू किन मरेपछि चाहि बाँच्न रहर गर्ने गर्छन् ?" (पृष्ठ ४०) जीवित रहुन्जेल साहित्यकारहरूको तिरसकार गर्ने मरिसकेपछि चाहिं उसको नाममा पुरस्कार र संस्थाहरूको स्थापना गर्न मान्छेहरू लालयित बन्दछन् भन्ने कुरालाई 'स्वादको भ्रम' निबन्धले व्यङ्ग्य गरेको छ । सङ्गीतकर्मी शम्भु राईको साधना सङ्घर्षमय जीवन र नेपाली साङ्गीतिक क्षेत्रमा उनको योगदानको चर्चा गर्दै दुई करोड नौ लाख शम्भुहरूकाबीच एउटा छुट्टै शम्भु राईको साङ्गीतिक यात्रा 'शम्भु राई अर्थात् आरोह अवरोह' निबन्धको विषयवस्तु हो । मान्छे अतिशय स्वार्थी भएकै कारण अर्काको प्रगति चाहँदैन । त्यसैले अरुले प्रगति गर्न लागे भने उसको पतन गराउन उद्यत हुन्छ । हाम्रो समाजका हरेक क्षेत्रका मान्छेहरू सँग सार्वभौमरूपमा रहेको यस्तो प्रवृत्ति प्रति आलोचनात्मक रूपमा निबन्धले आपत्ति जनाएको छ *"जुन क्षेत्रमा पनि एकले अर्कोलाई पुड्को बनाउने प्रवृत्ति राष्ट्रिय बनिसकेको छ ।"* (पृष्ठ ४५)

साहित्यिक क्षेत्रमा व्याप्त विसङ्गतिहरू मुख्य विषयवस्तु रहेको 'अर्को अर्थ नलागोस' ले ज्येष्ठ वरिष्ठ साहित्यकारहरूले कनिष्ठ साहित्यकारहरूलाई उपेक्षा गर्ने परिपाटीले नवोदित साहित्यकर्मीहरुमा पारेको दुस्प्रभावहरूलाई स्पर्श गरेको छ । डायरीलाई आधार मानी लेखिएको 'डायरीको एक दिन' निबन्धले सामाजिक, धार्मिक र आर्थिक क्षेत्रमा देखिएका विसङ्गतिहरूलाई मुख्य विषय बनाएको छ भने मानवताले ओतप्रोत भएको यस निबन्धका केही अंश यस प्रकार छ *"वरिपरि पर्खाल नभएको*

*प्रतीक्षालयमा जाडो नै ओढेर दुई बालक भने मस्त निदाइरहेका थिए । मलाई उनीहरूप्रति दया भन्दा उनीहरुको निद्राप्रति इर्ष्या लाग्यो । धनी घरमा झ्यालढोका बन्द गरी सिरक ओढर सुत्नेहरूका लागि यी बालकहरू कम आश्चर्य चकित पार्ने खबर लाग्दैन थिए ।"* (पृष्ठ ५३)

हत्या हिंसा र युद्धतर्फ उन्मुख भइसकेका कारण मानवीय मन, हार्दिकता र आत्मीयता मान्छेले गुमाइसकेकाले दया, माया, सहयोग र सद्भाव जस्ता मानवीय गुणका अभाव मानव समाजमा नै हुन थालेको छ । पुसको जाडो शरीर नै नदेखिने गरी उनका लुगाहरू लगाएर हिड्ने मान्छे चिसो सडकमा नाङ्गै सुतेका बालबालिकाहरूको आर्तपुकार सुन्न चाहँदैन । सन्तान जन्मने समयको कौतुहलपूर्ण प्रतिक्षालाई मुख्य विशेष बनाएको 'प्रतीक्षाको समय' मा निबन्धकारले आफ्नो दुई सन्तान जन्मदाको परिवेश विरोधका नाममा गरिने नेपाल बन्द र यसले जनजीवनमा पारेको प्रभाव एवम् हस्पिटलको द्रव्यमुखी प्रवृत्तिलाई केन्द्रिय विषय बनाएका छन् । आफू पहिलो पटक बाबु भएको क्षणलाई उनले यसरी व्याक्त गरेका छन् *"वहाँ (दिदी) मुस्काउँदै आएर बधाई दिनुभयो छोरी भएकोमा । म खुसीले बुर्लुक्क उफ्रिन्छु कसैले नदेख्ने गरी । तातिएर डढ्न लागेको छाती चिसो पानीमा डुबाएको आनन्दले अनुभव गर्छु ........ महिनौं देखिको कुतकुती घामजस्तो छ्याङ्ग हुन्छ ।"* (पृष्ठ ५९) त्यस्तै युवाहरूमा बढ्दो सङ्गीत प्रतिको मोह, मन्दिरमा दर्शनार्थीहरुको धार्मिक आस्था र योगी नरहरिनाथको वैचारिक धारणाको समीकरण 'लोकका कुरा' निबन्धको विषयवस्तु हो भने निबन्धकारको साहित्य सिर्जना, साहित्यिक मान्यता र साहित्य सिर्जनाका परिवेशहरू 'मेरो भ्रम मेरो लेखनी' निबन्धको मुख्य विषयवस्तु हो । मानवीय जीवनका यावत कर्तव्यहरू भ्रमात्मक भएकाले लेखनकार्य पनि आफैंमा एउटा भ्रम भएको विषयलाई पनि यस निबन्धले विषयको रूपमा ग्रहण गरेको छ भने दिन नचाहने तर लिन हतारिने एवम् कुनै पनि वस्तुलाई स्वानुकूल अर्थ्याउने समकालीन समाजका मान्छेहरूको अतिशय स्वार्थी मनोवृत्तिको उद्घाटन 'हामी र हाम्रो स्वार्थ' निबन्धको मुख्य विषय हो । आफूले लेखेको निबन्धात्मक कृति 'अर्थहीन अर्थहरू' सम्मानित भएको विषयमा आधारित निबन्धकारका वैयक्तिक अनुभूतिहरूको प्रकटन 'अनुभव र

अनुभूति' निबन्धको मुख्य विषय हो । निबन्धकारका वैयक्तिक अनुभूतिहरू यसरी व्यक्त गरिएको छ *"उमेरको खर्पनले बोकेको वर्षौंसम्मको अपार सफलता हो मेरो । यो पुरस्कार मेरो लागि पुरस्कार मात्र नभएर जीवनदर्शन पनि बन्न सक्यो । फलतः कम्तीमा आफ्नो परिभाषा केही हदसम्म गर्न सफल छु म ।"* (पृष्ठ ८०) यहाँ पहिलोपटक आफ्नो निबन्ध सङ्ग्रह 'अर्थहीन अर्थहरू' ले उत्तम शान्ति पुरस्कार प्राप्त गरेपछि निबन्धकार आफूले नेपाली साहित्यको निबन्ध विधामा स्थापित हुने अवसर पाएको स्वीकार्छन र यसै पुरस्कारले भावी जीवनदर्शन बनाइएकोले उक्त पुरस्कारलाई आफ्नो साहित्यिक सफलता मान्दछन् । निबन्धकारको वैयक्तिक अनुभवहरूको साथै समसामयिक सफलता मान्दछन् । निबन्धकारको वैयक्तिक अनुभवहरूको साथै समसामयिक यथार्थको प्रकटन गर्ने सन्दर्भमा मानवीय निरीहताको प्रस्तुति 'हामी जिउँदो बुख्याचा' निबन्धको मुख्य विषय हो । दक्षिणवर्ती मुलुक भारतद्वारा बलात्कृत नेपाली भूमिको चर्चा गर्दै देश, जनता र प्रजातन्त्रका ठेकेदारहरूको स्वार्थी र अवसरवादी प्रवृत्तिलाई 'मार्फत मार्फतहरू' ले विषयवस्तुको रूपमा लिएको छ । साहित्यिक यात्राको सन्दर्भमा राष्ट्रिय भावको अभिव्यक्ति यसरी गरेका छन् *"मलाई महाकाली हेर्न जानु बलात्कृत भएको आमाको आखाँ हेर्न नजिकै गएजस्तो लाग्न थाल्छ ।"* (पृष्ठ ८२) यहाँ नेपाली छातीमाथि स्वाभिमानको चोट लागेको देख्दा राष्ट्रियताका प्रवल पक्षपाती निबन्धकार मर्माहत भएका छन् । दशैं जस्तो राष्ट्रि र पवित्र सांस्कृतिक पर्वमा देखिएका विकृति, आडम्बर र वाध्यताहरूलाई स्पर्श गर्दै गरीब, दीन दुःखीहरूले समेत मनाउनै पर्ने बाध्यताले निम्त्याएका अध्यारा पक्षहरूको प्रकटन 'आस्था र आडम्बर' निबन्धको विषयवस्तु हो । यस्ता सांस्कृतिक पर्वमा देखिएका आडम्र र विकृतिलाई निबन्धले व्यङ्ग्य गरेको छ *"दशैंलाई सांस्कृतिक रूपले भन्दा फेसनको रूपमा मनाउँन हामी बढी मन पराउँछौं । पिङमा मच्चिएर भुई छोडेजस्तै जुवा र मदिरामा भुँई छोड्छौं र लड्छौं । आफूलाई जस्तो हैसियत भएपनि अर्काको नक्कल गर्नुपर्ने कडा संस्कृतिले हामीलाई दशैं भारी र महङ्गो पर्व बनाएको छ ।"* (पृष्ठ ९९) त्यस्तै, नेपालको समसामयिक यथार्थका समग्र पक्षको अभिव्यक्ति 'देश दुखेको खबर' निबन्धले ग्रहण गरेको विषय हो । देशमा विद्यमान गृहयुद्ध, यसले आर्थिक, शैक्षिक, सांस्कृतिक र पर्यटन क्षेत्रमा पारेको असर तथा सर्वसाधारण

जनमानसमा उत्पन्न युद्ध भय जस्ता विविध राष्ट्रिय सन्दर्भहरू 'देश दुखेको खबरभित्र' विषयका रूपमा आएका छन् । यही समकालीन परिवर्तित यथार्थको प्रतिबिम्ब निबन्धमा यसरी व्यक्त भएको छ । *"पहिले मेची पुलमा कुनै दुर्घटना हुँदा त्यसबाट अस्वस्थ भएकाहरूका स्वास्थ्य लाभको कामना महाकाली पुलमा हुन्थ्यो ......... अहिले रगतको अहलामा मारेका/मारिएका शवलाई टेलिभिजनमा हेर्दै हामी मासुभात खाइरहेका छौं ।* (पृष्ठ १०७)

### ४.४.२ भाव वा विचार

समसामयिक लोक जीवनमा देखिएका विकृती र विसंगत पक्षहरूप्रति व्यङ्ग्य गर्दै चौतर्फी सुधारको अपेक्षा गर्नु नै 'समयका सम्भावनाहरू' निबन्ध सङ्ग्रहको केन्द्रीय भावभूमि हो । निबन्धकारले विषयवस्तुलाई प्रस्तुत गर्ने साधन आत्मानुभूतिलाई बनाएका छन् । अतः आत्मानुभूतिको समीकरण वा आत्मप्रकाशन पनि सङ्ग्रहको महत्त्पूर्ण उद्देश्य हो । सङ्गृहित सम्पूर्ण निबन्धहरू आत्मपरक शैलमि लेखिएका हुनाले लेखकीय व्यक्तित्वको प्रकटन हुनु स्वभाविक नै हो तापनि यसमा निबन्धकारको वैयक्तिकता वा आत्मखण्डको प्रकाशन सङ्ग्रहकै उपलब्धी भएको देखिन्छ । समकालीन समाजमा घटित घटना, दुर्घटना, शिक्षाको विकास र यसले धार्मिक, सांस्कृतिक, क्षेत्रमा पारेको प्रभाव अनि यसबाट समाजमा देखापरेका परिवर्तनहरूलाई निबन्धकारले सङ्ग्रहभित्र देखाउन खोजेका छन् । समय र समाजको अकल्पनीय स्थिति र त्यसमा आइरहेका सांस्कृतिक र अन्य किसिमका परिवर्तनहरू मैले यस सङ्ग्रहभित्रका निबन्धहरूमा फोकस गरेको छु  भन्ने निबन्धकारको भनाईबाट पनि समसामयिक जीवनजगत्का प्रस्तुतीकरण सङ्ग्रहको मुख्य ध्येय हो भन्ने   बुझिन्छ ।

परिवर्तित समय, बढ्दो यद्धविभीषिका मान्छेको अविवेकी र आडम्बरीपन तथा समाजका विविध क्षेत्रमा व्याप्त विसङ्गतिहरूको यथार्थोद्घाटन गर्ने चेष्टा "समयका सम्भावनाहरू" ले गरेको छ । सामाजिक, राजनीतिक, आर्थिक, धार्मिक, सांस्कृतिक आदि पक्षहरूमा देखिएका छाडापनप्रति व्यङ्ग्य गर्दै यस्ता मनोमानी प्रवृत्तिले

३. भेटवार्ता

निम्त्याएका तिक्तता, रिक्तता, भय र द्वन्द्वले जीवन जगत नै जटिल बन्दै गएको अवस्थामा यस्ता समस्याहरूको उचित निदानान्वेषण नभए स्थिति विकराल बन्दै जाने भएकाले सम्बन्धित क्षेत्रमा रहेका व्यक्तिहरूले राष्ट्रियतालाई केन्द्रविन्दु बनाएर उचित समाधान गर्नुपर्ने धारणा सङ्ग्रहको देखिन्छ । यसरी समसामयिक लोकजीवनको यथार्थ चित्र उतार्दै राष्ट्रियता मानवता, व्यङ्ग्यविधान र समसामयिक चेतनाको वकालत गर्नु सङ्ग्रहको मुख्य विचार वा उद्देश्य हो ।

### ४.४.३ भाषाशैली

'समयका सम्भावनाहरू निबन्ध' सङ्ग्रह भाषाको सरल, सहज, पाञ्जल र स्वभाविक प्रयोग भएको छ । मौलिक स्रोतका तत्सम, तद्भवका अतिरिक्त नेपाली भाषामा पचिसकेका अङ्ग्रेजी स्रोतका शब्दहरूको पनि प्रयोग भएका छन् । दुरुह शब्द वा वाक्यहरूको कृत्रिम प्रयोग भएको छैन । आडम्बर रहित शब्दविन्यास, कोमलता काव्यात्मक, आलङ्कारिता, उखान टुक्का र सूत्रिमय वाक्य गठनले निबन्धको भाषिक उत्कर्षता बढाएको छ भने शैली पनि भाव र भाषा अनुकूल सुहाउँदो देखिन्छ । सङ्ग्रहभित्रका सम्पूर्ण निबन्धहरू निजात्मक एवम् टेबिलगफको अनौपचारक शैली शिल्पमा सिर्जित छन् । सङ्क्षेपमा भन्दा भाषभिव्यक्तिका लागि भावलाई भाषाले र भाषालाई शैलीले प्रसस्त मद्दत पुऱ्याएको देखिन्छ । यसै निबन्ध सङ्ग्रहमा हिन्दीवाक्य प्रयोग भएको 'मार्फत र मार्फतहरू' निबन्धको अंश यस प्रकार छ "यिसले आना नहआी चाहिए, चित्र लेनामना है ।" (पृष्ठ ९३) सूक्तिको प्रयोग गरिएको निबन्धांश "शरीरसँग मर्नेहरू साहित्यकार हुँदै हुँदैनन ।" (पृष्ठ ७९) यहाँ साहित्यकार भौतिक रूपमा मरेर गएपनि आत्मिक रूपमा पाठकहरूको मनमा रहिरहने हुन्छ । शरीरसँग मर्ने साहित्यकार असल साहित्यकार होइनन् भन्ने घुमाउरो अर्थ यहाँ अभिव्यक्त गरिएको छ ।

## ४.५ 'एक्लो परिचय' निबन्ध सङग्रहको विश्लेषण

'एक्लो परिचय' (वि.सं. २०६९) निबन्ध विधाको छैटौ तथा अन्तिम निबन्ध सङग्रह हो श्रीओम श्रेष्ठ 'रोदन' को । यस निबन्ध सङग्रहमा निबन्धकारको विविध भाव, विचार अर्न्तवस्तु तथा अनुभूतिहरूको प्रस्तुती पाइन्छ । अन्य निबन्ध सङग्रहमा भन्दा धेरै संख्यामा एक्काइसवटा निबन्धहरू रहेको यो सङग्रह छयानब्बे पृष्ठमा आवद्ध रहेको छ । यस सङग्रहको सबैभन्दा छोटो निबन्ध 'भ्रमको भ्रम' हो यो जम्मा बाह्र अनुच्छेदमा र सबैभन्दा लामो निबन्ध 'गण्डकी, गर्व र गौरब' हो यो छब्बीस अुनच्छेदमा आवद्ध रहेको छ ।

सङगंहभित्रका सम्पूर्ण निबन्धहरू मझौला आयामको संरचनामा छन् भने एकै बसाइमा पढेर सकिने भएकाले संरचनागत दृष्टि्ले सफल छन् । सङग्रहभित्रका केहि निबन्धहरू नियात्रा शैलीका पनि छन् । प्रस्तुत सङग्रहभित्र सङग्रहीत निबन्धहरू यस प्रकार रहेका छन् ।

| क्र.सं. | शिर्षक | पृष्ठ |
|---|---|---|
| १ | स्वेत सलाम | १ |
| २ | परदेशमा | ६ |
| ३ | गण्डकी, गर्भ र गौरब | १० |
| ४ | भ्रमको रात र सम्भावनाको विश्वास | १६ |
| ५ | साठीको साथी | २० |
| ६ | बढारिएको मन | २६ |
| ७ | बिक्न सकिनँ | ३१ |
| ८ | खगेन्द्र देखि सगरमाथासम्म | ३६ |
| ९ | पाइला पाइलामा सपना | ४१ |
| १० | इर्ष्या लाग्ने नाम | ४५ |
| ११ | सपेराका सर्पहरू | ४९ |
| १२ | खुसी होउँ कि दुःखी | ५४ |

| | | |
|---|---|---|
| १३ | बन्दको बाढी | ५८ |
| १४ | सधैंका र सबैका सत्यमोहन | ६२ |
| १५ | एक्लो परिचय | ६७ |
| १६ | भ्रमको भ्रम | ७१ |
| १७ | भूमिगत मृत्यु | ७४ |
| १८ | हिउँ परेको दिन | ८० |
| १९ | सेतो चिठी | ८४ |
| २० | लोकतान्त्रिक प्रश्नहरू | ८९ |
| २१ | के सुख के दुःख | ९३ |

### ४.५.१ विषयवस्तु

सङ्ग्रह भित्रको पहिलो निबन्ध 'श्वेत सलाम' हो । यो राजनीतिक विषयवस्तुले भरिएको निबन्ध हो । कम्युनिस्टहरूले गर्ने अभिवादन 'लाल सलामलाई व्यङ्ग्य गर्दै उनले जनताले गर्ने सलामलाई यो निबन्धमा श्वेत सलामको उपमा दिएको विषयवस्तु रहेको छ । जुन विषयलाई निबन्धभित्रको निम्न हरफले खुलस्त पार्दछ, *"किन सलामलाई अरु रङ्ग लगाएर प्रयोग नगर्ने ? प्रयोग त हो । कसैले कालो सलाम भनोस् र रिसाउँदा वा विरोध गर्दा गर्ने सलामको अर्थ अगाओस कसैले गुलावी सलाम भनोस र प्रेमी- प्रेमीकाबीच प्रयोगका लागि आह्वान गरोस् ।"* (पृष्ठ १) राष्ट्रियताको गीत गाइरहने नेपालीहरूले नमस्कारको अभिवादन नगरेर हिन्दी र अरबी शब्दको संयोग 'लाल सलाम' प्रयोग गरेकोमा विमती प्रकट गरेका छन् । समयले कसैलाई कुर्दैन समयलाई मात्र कुर्ने हो । जान्नेले त्यसलाई सद्रुपयोग गर्न सक्छ । नजान्नेले खेर पढाउँछ भन्ने वास्तविकता र यथार्थतालाई 'परदेशमा' ले विषयवस्तुको रूपमा लिएको छ । समयको अनौठो प्रवाहलाई निजी अनुभूतिको रूपमा प्रकट गरेका छन् । आध्यात्मिक जीवनसँग जोडिएको लेखकको निजात्मक अनुभूति 'गण्डकी गर्भ र गौरव' निबन्धमा कालीगण्डकी नदीको महिमा गानका साथै त्यहाँ देखिने तिर्थालु र ब्रम्हाचारी बन्नेहरूको प्रत्यक्ष अवलोकन निबन्धकारले गरेका छन् । आमाको गर्भ भन्दा पनि गण्डकीको गर्भ-गौरव भएको व्यङ्ग्यात्मक प्रस्तुति चित्रित गर्दै भनेका छन्, *"एउटै*

*समाजभित्र कत्रो अन्तर । आमाको गर्भ जन्मलाई अस्वीकार गरेर नदीको जन्मलाई स्वीकार"* । (पृष्ठ १३) जनताहरू आजसम्म भ्रममा बाँचिरहेको र अबका दिनहरू भोलीका दिनलाई कुनै सम्भावना नभएकाले युगीन यथार्थको प्रकटीकरण 'भ्रमको रात र सम्भावनाको विश्वासको' को मुख्य विषयको रूपमा आएको छ । यो वर्तमान कुरूप राजनीतिको यथार्थ प्रस्तुति हो । 'साठीको साथी' व्याक्तिकेन्द्रीत निबन्ध हो । यसमा निबन्धकारको साठीसालको शशीदाइसँगको मित्रताको प्रसङ्गसँग पूर्वजप्रतिको श्रद्धाभावको विषयवस्तु गहन रूपमा रहेको छ । 'बढारिएको मन' मा मान्छेको मन परिवर्तनशील हुन्छ भन्ने कुरालाई मातृत्व त्यागेर पुर्नविवाहको आँट गरेकी एउटी नारीका सङ्घर्षपूर्ण घटनासन्दर्भ विषयवस्तुको रूपमा आएका छन् । अमेरिका मोह प्रतिको व्यामोह हो भने स्वाभिमानी भएर आत्मपहिचानयुत्त जीवनप्रतिको मोह प्रकट भएको विषयवस्तु रहेको छ । निबन्धकारले विदेशमा पैसाको लागि स्वास्नी बेच्नुपर्ने वाध्यताको यस प्रकार उल्लेख गर्दै भनेका छन्, *"रोमानियाको एकजना किसानले आफूले लिएको चौतीससय डलरको ऋण तीर्न नसकेर आफ्नै श्रीमती दिएर चुक्ता गरे रे"*।(पृष्ठ ३१) पैसासँग साटिएको यान्त्रिक जीवनप्रति निबन्धकारको घोर विमति रहेको कुरा ज्यादै रोचक ढंगमा प्रस्तुत भएको छ । सगरमाथा जस्तो विश्वको सर्वोच्च शिखर भएको देश भनेर गर्व गरेपनि र प्राकृतिक रूपमा त्यो उचाई प्राप्त गरेपनि गरिबी, अभाव र विपन्नताले नेपालीहरूको उचाइ खगेन्द्र थापा जत्तिकै भएको मुख्य विषयवस्तु देखाएर पैसामुखी प्रवृत्ति र लोकतन्त्र पछिका नकारात्मक प्रवृत्तिहरूलाई व्यङग्यात्मक रूपम प्रस्तुत गरेका छन् 'खगेन्द्रदेखि सगरमाथा सम्म' निबन्धमा । नेपाल प्राकृतिक रूपमा धनी भएपनि यथार्थमा त्यति नै गरिव भएको विषयलाई निबन्धकारले यसरी व्यक्त गरेका छन्, *"आमाको कोखबाट जन्मेर रुनासाथ तेह्र हजारको ऋणभार लाग्छ रे नेपाली नागरिक भएका नाताले जन्मनासाथ ऋणको भारलाग्ने हाम्रो भाग्य भएपनि नेताहरूका घरमा भने आफ्नो देशमा अटाउन नसकेर विदेशी बैङ्कमा लैजानुपरिरहेको छ ।"* (पृष्ठ ३९) 'पाइला-पाइलामा सपना' निबन्धमा ऐतिहासिक व्यक्तित्वहरू पनि सपनामा चल्ने गरेको प्रसङ्ग कोट्याउदै सपनालाई कसैले विश्वास गर्ने र कसैले नगर्ने भएता पनि निबन्धकारले भने आफ्नो सार्थक सपना पाइला-पाइला हिँडिरहेको वैयत्तिक अनुभूतिहरूको प्रकटन भएको विषयवस्तु रहेको छ । व्यक्तिबिम्बको प्रस्तुति रहेको

'इर्श्या लाग्ने नाम' निबन्ध निबन्धकारको अग्रज व्यक्तित्व नाटककार प्रचण्ड मल्लको गहन व्यक्तित्वको विषयवस्तु रहेको छ । जस्तो सुकै डरलाग्दो काम भए पनि परिश्रमको फल मात्र खाने सपेराहरूको इमादारीता र सर्प डुलाएर परिवार पाल्ने पेसाको प्रसंसा गरिएको विषयवस्तु 'सपेराका सर्पहरू' निबन्धको रहेको छ । सपेराहरूको इमान्दारीतालाई निबन्धमा यसरी प्रस्तुत गरिएको छ, "हामी माग्दैनौं र विनापरिश्रमको फल पनि खादैनौं ।" (पृष्ठ ४९) अमेरिकामा हिँउपरेको रमणीय दृष्यको वर्णनका साथै अमेरिकाली हिउँले छोपिनुमा नेपालीहरूको आत्मपहिचान पनि छोपिएको अवस्थामा निबन्धकार खुसी हुने की दुःखी ? दोधारको अवस्थामा रहेको विषयवस्तु छ 'खुसी होउँ कि दुःखी' निबन्धमा । अमेरिकाको जीवन शैली र नेपालीहरूको वर्तमान अवस्थालाई छर्लङ्ग पारेका छन् ।

'बन्दको बाढी' निबन्धमार्फत सामान्य प्रसङ्गमा पनि नेपाल बन्द गर्ने विकृतिलाई अगाडि सारेका छन् । वर्षमा आधाजसो समय हुने नेपाल बन्दले मुलुकको प्रगतिमा पारेको असरलाई विषयको रूपमा प्रस्तुत गरेका छन् । यसै क्रममा निबन्धकार लेख्दछन्, *"जसले जति सुरापे पनि 'बन्द' त मल हालेको मुलाजस्तो भएर सप्रेको छ झन । बन्देबन्द । बन्दैबन्द ।"* (पृष्ठ ५८) व्यक्ति प्रधान निबन्ध 'सधैंका र सबैका सत्यमोहन' संस्कृतिविद् सत्यमोहन जोशीको आदर्श र अनुकरणीय मौलिक व्यक्तित्वको गुणगान पाइन्छ । जोशीले संस्कृतिको क्षेत्रमा दिएको योगदानबाट प्रफुल्ल र प्रभावित भएर निबन्धकारले वहाँको सिर्जना पक्षको चर्चा गर्दै आफू सँगको सर्म्पक तथा सिकाईका विषय उल्लेख गरेका छन् । कृतिको समेत नाम राखिएको 'एक्लो परिचय' निबन्धकारको अमेरिकाको र्भजिनियास्थित स्प्रिडफिल्ड शहरको सडक छेउमा रहेको एक घरमा एक्लै बसेका बेला उनका मनभित्र उब्जिएका आत्मानुभूतिहरूको तरङ्गलाई विषयको रूपमा प्रस्तुत गरेका छन् । वास्तवमा उनी अमेरिकामा एक्लो भएतापनि आफू साँच्चै एक्लो नभएको तथ्य स्पष्ट पार्दै भनेका छन्, *"यतिखेर म एक्लो छु तर त्यही एक्लोपन मात्र म होइन म असीमित छु । एक्लो भएर म एउटा जाति हुँ, एउटा संस्कृति हुँ, एउटा परम्परा हुँ । एउटा राष्ट्र हुँ ।"* (पृष्ठ ६७) अमेरिकाप्रतिको युवा पलायन र सुनौलो भविष्यको भ्रम बोकेका नेपालीहरू साङ्केतिक रूपमा भ्रमपूर्ण

जीवन बाँचिरहेको आजको मान्छेहरूप्रतिको व्यङग्यात्मक विषयवस्तु 'भ्रमको भ्रम' निबन्धको हो । अमेरिकनहरू नेपालमा आफ्नो जन्मदिने बाबुमर्दा पनि ग्रीनकार्डको लोभले नफर्कने गरेको तीतो यथार्थ पनि व्यक्त गरेका छन् । गीतकार, पत्रकार तथा चरा विशेषज्ञ श्री विक्रम राणाको दुःखद निधन जुन भूमिगतझैं भएको प्रसङ्ग मूल विषयवस्तुको रूपमा रहेको छ 'भूमिगत मृत्यु' निबन्धमा राणाले साहित्यको क्षेत्रमा दिएको योगदानबाट प्रभावित भएर निबन्धकारले राणाको सिर्जनापक्षको चर्चा गर्दै आफू सँगको भेटवार्ता तथा सिकाइका विषयहरू रोचक ढंगमा प्रस्तुत भएको छ । अमेरिकामा हिउँ परेको बेलामा जीवनमा पहिलोपल्ट हिउँ परेको देखेको र हिउँमा खेल्दाको सुखद र रमाइलो अनुभूति 'हिउँ परेको दिन' को विषयवस्तु रहेको छ ।

'सेतो चिठी' निबन्ध निबन्धकारको स्वप्नको सन्दर्भ हो जुन उनको सपना विविध अर्थमा व्यक्त गरिएको विषयवस्तु रहेको छ । 'लोकतान्त्रिक प्रश्नहरूले समकालिन युगका राजनीतिक विसङ्गती र विकृतीलाई अभिव्यक्त गरेको छ । लोकतन्त्रको वास्तविक अनुभूति गर्न नपाएका नेपालीहरूले सत्ता र शत्तिकैं धुन पिसाइमा पिसिनु परेको स्थिति विषयवस्तुको रूपमा आएका छन् । जनताको भूमिकालाई निबन्धमा यसरी व्यङ्ग्य गरिएको छ, *"अहिले नेताहरू चरित्र व्यवहारले नांगिएका छन् । आँखा हामीले छोपेर हिड्नु परेको छ । त्यसैले दोष उनीहरूको होइन, गल्ती हाम्रै हो ।"* (पृष्ठ ९२) के सुख के दुःख निबन्ध परम्परित संस्कारमा बाँचेका नेपालीहरूको अन्धपरम्परा ग्रस्त मानसिकतालाई देखाएर मान्छेले किन आत्महत्या गर्न खोज्छ ? भन्ने प्रश्नमाथि धेरै तर्क र वहस गरिएको विषयवस्तु मूल रूपमा आएको छ । यसमा अन्ध परम्परा र अन्धपरम्पराग्रस्त नेपालीहरूको मानसिकतालाई देखाएको छ ।

### ४.५.२ भाव वा विचार

समसामयिक लोकजीवनमा देखिएका विकृत र विसङ्गत पक्षहरूप्रति व्यङग्य गर्दै चौतर्फी सुधारको अपेक्षा गर्न ने 'एक्लो परिचय' निबन्ध सङग्रहको मुख्य भाव वा विचार

हो । एक नागरिकका हैसियतले राष्ट्रका विसङ्गतीया एक मित्रका हैसियतले मित्रत्वमा,

अनि पारिवारिक सदस्यका नाताले पारिवारिक कर्तव्यमा निबन्धकार जति दुःखेका छन् त्यति नै बसाइको क्रियाशील अर्थमा समाजप्रति गम्भीर बनेका छन् । यही अर्थभित्र समाज राजनीतिक धर्म, संस्कारको बिसङ्गत पक्षको व्यङ्ग्यात्मक आलोचनामा उनी जति सहज छन् त्यति नै सामाजिक नागरिकका कर्तव्यवोधमा सचेत छन् । यही कर्तव्यवोध र मानवताको गर्वबोध यिनका निबन्धको लेखनगत उद्देश्य हो । निबन्धकारका वैयत्तिक जीवन भोगाईका अनुभूति र स्मृतिविम्बहरूको कलात्मक आत्म प्रकटीकरण द्वारा व्यङ्ग्यात्मक रूपमा सुधारको चेतनाले सच्याउने कलात्मक सन्देश दिने प्रमुख विचार रहेको, छ । यो उनका निबन्धहरूको विशेषता पनि हो । 'एक्लो परिचय' का विषयहरू समग्रमा हेर्दा नेपाली समाज र संस्कृतिका वरिपरि र हामीले चिनेजानेकै खालका छन् तर तिनको प्रस्तुति र सन्दर्भहरू फरक छन् । यसको नयाँपन वा सन्देश पनि यही हो ।

### ४.५.३ भाषाशैली

सङग्रहमा भाषाको सहज सरल र स्वभाविक प्रयोग भएको छ । मौलिक स्रोतका तत्सभ तद्भवका अतिरिक्त नेपाली भाषामा पचिसकेका अङ्गेजी स्रोतका शब्दहरूको पनि प्रयोग भएको छ । आडम्बर रहित शब्द बिन्यास कोमलता, काव्यात्मकता उखान टुक्का र सूत्तिमय वाक्य गठनले निबन्धको भाषिक उत्कर्षतालाई बदाएको छ । 'लालित्यपूर्ण सरल भाषा शैली विम्ब र प्रतीकको सार्थक प्रयोग, गहन तर सरल अभिव्यक्ति, निजात्मक तथ्य तर पाठकमा साधारणीकरण गराउन सक्ने भाषिक क्षमता, विषय र सन्दर्भका सिलसिलेवार प्रस्तुति, उखानहरूको प्रयोग आदिले 'एक्लो परिचय' का निबन्धहरू पाठकमैत्री बनेका छन् ।' तृतीय पुरुष बाह्रय दृष्टिविन्दुका व्यक्ति वा वस्तुलाई पनि आत्मगत रङ्गले रङगाएर आन्तरिक दृष्टिविन्दुको निजात्मक शैलीमा निबन्धलाई प्रवाहशील बनाउनु र अनौपचारिक शैलीमा कथ्यलाई कलात्मक तरिकाले पस्कनु यस कृतिका निबन्धकारको विशेषता हो र यिनै धेरै आधारहरूले नै यस कृतिलाई समकालीन नेपाली निबन्धको अब्वल कोटिमा राख्दछन् ।

---

४. डा.लक्ष्मण प्रसाद गौतम,' व्यङग्य र आत्म प्रकटीकरणको यर्थार्थ बिम्ब : एक्लो परिचय' पुस्तक समीक्षा प्र. स. २०६९

### ४.६ निष्कर्ष

निबन्धकार श्रीओम श्रेष्ठ 'रोदन' द्वारा लिखित निबन्ध सङ्ग्रहहरू वैयक्तिक अनुभूति र समसामयिक विषयवस्तुमा आधारित भावनात्मक विचारात्मक निबन्धहरूमा सङ्ग्रहहरू हुन् । निबन्धकारले मूलतः आफू द्वारा अनुभूत जीवनजगतको अनुभूति समकालीन नेपाली समाजमा बढिरहेको युद्ध आतंकले देश र जनतामा पारेको दीर्घकालीन दुस्प्रभावलाई सङ्ग्रहका निबन्धहरूको विषयवस्तु बनाएका छन् । समकालिन समाजका राजनीतिक आर्थिक, धार्मिक, सांस्कृतिक, साहित्यिक र अन्तराष्ट्रिय क्षेत्रहरूमा देखिएका विकृतिहरूलाई टिपेर यथावत् प्रस्तुत गर्न र त्यस्ता विकृतिहरू प्रति व्यङ्ग्य गर्न निबन्धहरूको अभीष्ट हो । मानवीय स्वार्थी र निरीहपन पैसा प्रतिको मोह, राजनीतिकर्मीहरूको संकुचित र घृणित व्यवहार वर्तमानमा देश र जनताले भोल्नुपरेको युद्ध सन्त्रास आदिको जीवन्त प्रस्तुति निबन्धहरूमा भएको छ । यसका अतिरित्त सांस्कृतिक पर्वमा देखिएका आडम्वरीपन र कृत्रिमता, धर्मको नाममा भएको व्यापार र साहित्यकारहरूलाई प्रोत्साहन दिन जथाभावी खोलिएका साहित्यिक प्रतिष्ठानहरूको ठोंगीपन स्वार्थता एवम् अपारदर्शिताले भित्रिएका विकृतिहरू तथा निबन्धकारका वैयत्तिक अनुभूतिहरू निबन्धको विषय बनेका छन् ।

समसामयिक क्षेत्रमा देखिएका विकृतिहरूप्रति व्यङ्ग्य गर्दै सुधारको अपेक्षा गर्नु सङ्गहको मुलभूत उद्देश्य हो भने आफ्ना विकीर्ण चिन्तन र अनुभूतिहरूको आत्मप्रकाशन गर्न पनि निबन्धकारले चाहेका छन् । परिवर्तित समाज र समयका विविध सम्भाव्यताहरू र लोक जीवनमा विकृत गतिविधिजन्य तित्तता र रिक्ततालाई अनि समस्याहरूलाई निबन्धहरूले आकाशजस्तै स्पष्ट देखाएका छन् । आधुनिकताको नाममा समाजमा भित्रिएका उच्छृङखल र आडम्बरी पनले मानव समाज आक्रान्त मात्र बनेको छैन, अनेक कुणा नैराश्य र तनावहरू पनि सहन बिवश छ । यस्तो अवस्थामा मानवतावादको पुनर्जागरणका लागि निबन्धहरूले आहवान गरेका छन् अनि मानवोचित प्रकृति र गुणहरूलाई लत्याएर कृत्रिम बन्न पुगेको मान्छेको अतिशय स्वार्थी मनोवृत्तिमा सुधार गरेका छन् । नेपाली स्वाभिमान र गहृयुद्धले जर्जर बनेको वर्तमान नेपाललाई बचाउँन सबै पक्षहरूमा एकता र पारदर्शिता हुनुपर्ने धारणा

निबन्धहरूको रहेको छ । क्षमता र विचारको अभाव भएका नेताहरूलाई आदर सम्मान गर्न अभ्यस्त मानव उपहासको पात्र बनेको भनी व्यङ्ग्य गरिएको छ । समाजमा भएका विविध विकृतिप्रतिको व्यङग्यले यिनका निबन्धहरू आकर्षक बनेका छन् । संस्कृतिका नाममा सभ्यताका कुरा गर्दै आडम्बरयुक्त व्यवहारलाई समाजले अँगाल्न लागिरहेको छ । चाडपर्व मनाउँनै पर्ने बाध्यता एकातिर रहेको छ भने अर्को तर्फ छिमेकीको सिको गर्दै अस्वस्थ्य प्रतिस्पर्धा गर्ने बानीले नेपाली समाजले कतै आफ्नो पन हराउने हो कि : भन्ने निबन्धकारलाई चिन्ता  छ । मानिसले आफ्नो परिचय दिन राष्ट्रियतालाई अगाँल्नुपर्छ । राष्ट्र र राष्ट्रियता एकअर्काका पूरक भएको ठान्ने निबन्धकारमा राष्ट्रवादी भावना मुखरित भएको पाइन्छ । आडम्बररहित परम्परित संस्कार र संस्कृतिलाई अँगाल्दै देशप्रतिको श्रद्धा अन्तहृदयबाटै गरिनुपर्छ भन्ने निबन्धकारको विचार रहेको छ । भय र त्रासले लेखिटिएर बाँचेको मान्छे ठगिदै, खिइँदै गरेको धारणा प्रस्तुत गरेका छन् । हार्दिकता प्रतिबन्धित छ, स्नेह सद्भाव कुण्ठित भएको अवस्था उनका निबन्धमा प्रस्तुत छ । यान्त्रिकतातर्फ उन्मुख भएको मानव अन्धकार निम्त्याइरहेको छ । सर्वशक्ति सम्पन्न बन्ने लालसा पालेर बाँचेको मानव दिन प्रतिदिन कमजोर हुँदैछ । कृत्रिम एंव अस्वस्थ बन्दै जानुको मूल कारण मानव आफै हो भन्ने देखाइएको छ । आज सुविधाको खोजीमा लागेर भविष्यतर्फ भौतांरित बाध्य भएको मानव सवल र सक्षम बन्न सकिरहेको छैन भन्ने धारणालाई यिनका निबन्धले अँगालेका छन् । मानिसमा संवेदना हराएको छ । दया, स्नेह जस्ता कुरा आज खोज्नुपर्ने भएको छ । व्यात्तिहितको स्वार्थका लागि अन्याय अत्याचार बढेको र आज जताततै उत्साह हराएको देख्ने निबन्धकार उज्यालोका सट्टा अन्धकार आँधी भएर थुप्रिएको देख्दछन् निबन्धमा । इच्छापूर्तिका निम्ति स्वप्निल तरङ्गमा रमाउनु भन्दा कर्म गर्नतिर लाग्नुपर्छ भन्ने निबन्धकार कर्मवादी बनेका छन् । स्वप्न महल धेरै भएपनि कर्मअनुसार मात्र इच्छापूर्ति हुन्छ । उज्यालोमा रमाउनेले उज्याले कर्म गर्नुपर्छ तब मात्र उसको अभिलाषा पूर्ति हुन्छ भन्ने धारणा व्यक्त गरेका छन् । सन्तुष्टि नै सुखको कारण हो भन्ने यिनको मूल दर्शन रहेको छ ।

निबन्ध लेखनमा सरलता र सहजता यिनको विशेषता नै हो भने सहजगम्य शब्द, कोमलकान्त पदावली र सुमधुर भाषाशैली निबन्धहरूको भाषिक वैशिष्ट्य हो । निबन्धकारको भावलाई भाषाले सहजरूपमा वहन गरेको देखिन्छ भने शैलीले त्यो भावलाई प्रभावोत्तेजक बनाएको छ । भावनात्मक, विचारात्मक र वैयत्तिक शैलीशिल्पमा निबन्धकारले आफ्ना चिन्तन र अनुभूतिहरूलाई आत्मपरकताको सूत्रमा आवद्ध गरेका छन् । प्रशस्त उखान, आदर्श विचार,मननीय चिन्तन महनीय सूक्ति, काव्यात्मक भाषा, अनौपचारिक शैली तरल- प्राञ्जल वाक्यगठन जस्ता भाषा शिल्पगत वैशिष्ट्यले भाषिक पक्षलाई रोचक बनाउनका साथै निबन्धहरूलाई ओजपूर्ण बनाएको देखिन्छ । गफ गराइको पारामा प्रस्तुत निबन्धहरू छोटो छरितो हुनुका साथै सरल वाक्य तार्किक अभिव्यक्ति रागात्मक प्रस्तुतीकरणले उनका निबन्धहरू विशिष्ट बन्न पुगेका छन् ।

# पाचौं परिच्छेद

## श्रीओम श्रेष्ठ “रोदन” को नियात्रा सङ्ग्रहहरूको विश्लेषण

### ५.१ विषय परिचय

वि.स. २०३८ सालमा विविध पत्रपत्रिकामा प्रकट भएर साहित्यक लेखनयात्रा शुभारम्भ गरेका श्रीओमको हालसम्म दुईवटा नियात्रा सङग्रहरुहरु प्रकाशित छन् । उनको ‘समुद्रपारि-समुद्रवारि (वि.स. २०६०) पहिलो र ‘नविर्सने दिनहरु’ (वि.स. २०६२) दोस्रो नियात्रा सङग्रह हो । नियात्राकारले विभिन्न प्रयोजनलाई लिएर स्वभाविक रुपमा आफूले यात्राका क्रममा देखे भोगेका र अनुभूत गरेका वास्तविकता, यर्थार्थता वर्तमान अवस्था प्रतिको व्यङग्यलाई मूख्य विषयवस्तु बनाएर नियात्रा रचना गरेका छन् । परिच्छेद दुईमा बनाइएको नियात्राको तत्वहरुका आधारमा नियात्रा सङ्ग्रहरुको विश्लेषणमा विषयवस्तु सहभागी र गतिशीलता, परिवेशगत, स्थानीयता र तथ्यात्मकता चित्रात्मक र कुतूहलता भाव वा विचार र भाषा शैलीलाई मुख्य आधार मानिएको छ ।

### ५.२ ‘समुद्रंपारि- समुद्रवारि’ नियात्रा सङग्रहको विश्लेषण

‘समुद्रपारि समुद्रवारि’ श्रेष्ठ ‘रोदन’ को विभिन्न देशहरूमा भ्रमण गर्दा आफूले भोगेका, देखेका र सुनेका विविध अनुभूतिहरूलाई संगालेर लेखिएको नियात्रा सङ्ग्रह हो । साझा प्रकाशनले वि.सं. २०६० सालमा पहिलो पटक यस सङ्ग्रहको प्रकाशन गरेको हो । यात्राका भोगाइहरूलाई आत्मपरक ढङ्गमा प्रस्तुत गरिएको यस नियात्रा सङ्ग्रहमा विभिन्न पत्र पत्रिकाहरूमा प्रकाशित पन्ध्रवटा नियात्राहरू समावेश छन् । प्रस्तुत सङ्ग्रह बयानब्य पृष्ठको बाह्य संरचनामा संरचित छ ।

सङ्ग्रहभित्रका नियात्राहरुमा श्रीओम श्रेष्ठ ‘रोदन’ द्वारा यात्राका क्रममा भोगेका गहन अनुभवहरूलाई प्रकट गरेको छ । ‘समुन्द्रपारि समुन्द्रवारि’ भित्र समुन्द्रपारि र समुन्द्रवारि गरी दुई भागमा विभाजन गरिएको छ । सबै नियात्रा छोटो, छरितो र मनोरञ्जक भएकोले एक बसाईमा पढेर सकिने खालको भएकोले सीमित आयामको

रहेको छ । सङग्रहभित्रको दोश्रो नियात्रा 'लेखेको पत्र नै हो भयो भएन' पत्रात्मक शैलीमा लेखिएको नियात्रा हो त्यस्तै युरोपमा इथोपियनहरूसँगको एक रात लेखकको दैनिकीको रूपमा रहेकोले दैनिकी शैलीमा रहेको छ । अनुच्छेदका दृष्टिले एघारदेखि सत्ताइस अनुच्छेदसम्मका नियात्राहरू पाइन्छन् । सबैभन्दा लामो अुनच्छेद भएको नियात्रा 'दार्जिलिङको मुस्कान दार्जिलिङको चित्त' शीर्षकको नियात्रा हो । यसमा सत्ताइस अुनच्छेद रहेको छ । सङग्रहभित्रका नियात्राहरू यस प्रकार छन् :-

| क.स | शीर्षक | पृष्ठ |
|---|---|---|
| क) | समुन्द्रपारि | |
| १ | ऐतिहासिक शहर प्राग कसरी बिर्सने ? | ३ |
| २ | लेखेको पत्र नै हो भयो भएन | ८ |
| ३ | पाँच देशका हामी पाँच | १५ |
| ४ | ट्युनिसको समुन्द्र छ म भित्र | १९ |
| ५ | निषेधित भएर कैद भयो कार्लोविभारी | २३ |
| ६ | युरोपमा इथोपियनहरूसँगको एक रात | २८ |
| ७. | प्रागलाई शिरबाट हेरेका दिन | ३४ |
| ८ | भियना पुग्नुअघि र पछि | ४० |
| ख) | समुन्द्रवारि | |
| ९ | गान्तोक जुनी रहे फेरी भेटौंला | ४७ |
| १० | जङ्गलयात्राको संस्कृति र एक्लोपन | ५६ |
| ११ | स्वेदशी र विदेशी दुबै बनाउने सिक्किम | ६० |
| १२ | कालेबुङका हतारिला स्मृतिहरू | ६३ |
| १३ | दार्जिलिङको मुस्कान दार्जिलिङको चित्त | ७३ |
| १४ | जहिलेपनि नयाँ लाग्ने नयाँ दिल्ली | ८१ |
| १५ | झ्यालभित्र झ्यालबाहिर | ८७ |

## ५.२.१ विषयवस्तु

समुन्द्रपारि अन्तर्गतको पहिलो नियात्रा 'ऐतिहासिक सहर प्राग कसरी बिर्सने ?' रहेको छ । जसमा प्राग सहर जाँदाको समय र प्राग सहरको बारेमा जानकारी गराउँदै त्यहाँका प्रमुख स्थलहरूको बारेमा वर्णन गरिएको छ । र यो वि.सं. २०५१ सालमा गोरखापत्रमा प्रकाशित भएको नियात्रा हो । मनरूप नेपच्युनलाई पत्र लेखिएको र उक्त पत्रभित्र प्रागमा बिताएका पलहरू र भाषाको कठिनाइका कारण परेको समस्याहरूलाई अवगत गराउँदै लेखिएको पत्रात्मक नियात्रा 'लेखिएको पत्र नै हो भयो भएन' को विषय रहेको छ । 'पाँच देशको हामी पाँच' नियात्राको विषयवस्तु विभिन्न देशको भएपनि एउटै रम्ने थलो प्राग र एकअर्कोप्रति भएको मित्रवत् व्यवहार रहेको छ । श्रीओमले यस नियात्रामा पाँच जना मित्रसँग बिताएका समयलाई यसरी बताएका छन् "हामी पाँच जना थियौ । विविध राष्ट्रका विविध भाषीका, विविध स्वभावका भएरै पनि मिलेर पकाउँथ्यौ । मिलेर घुम्थ्यौं ।" (पृष्ठ १७) ट्युनिसहरूसँग श्रीओमले बिताएका क्षणहरू र उनीहरूले देखाएका एक अर्काप्रतिको मित्रवत् व्यवहार ट्युनिसको समुन्द्र छ म भित्र नियात्राको मुख्य विषय हो । 'निषेधित भएरै कैद भयो कालोविभारी' नियात्राका कार्लोविभारीको परिचय उक्त ठाउँको सामाजिक, भौगोलिक र ऐतिहासिक विश्लेषण विषयवस्तुको रूपमा रहेको छ । त्यस्तै 'युरोपमा इथोपियनहरूसँगको एक रात' मा डायरी शैलीमा लेखिएको त्यहाँका विशेषता प्राकृतिक सौन्दर्यको वर्णन, प्राकृतिक सुन्दरताले भरिएको दृष्यमा त्यहाँका विशेषता, मान्यताहरूको वर्णन विषयको रूपमा ग्रहण गरेको छ । प्रागमा बिताएका रमाइलो क्षण, त्यहाँका प्रसिद्ध ठाउँहरू प्राकृतिक मात्र नभई कृतिमताले पनि उत्तिक्कै रमाइलो बनाएको र त्यहाँको मनोरम दृष्यहरूको वर्णन 'प्रायलाई शिरबाट हेरेको दिन' नियात्राको विषय रहेको छ । त्यस्तै समुन्द्रपारिको अन्तिम नियात्रा 'भियना पुग्नु अघि र पछिले भियनाका पर्यटकीय स्थलहरूको भ्रमण र त्यस ठाउँका विशेषता त्यहाँका महँगो मूल्यको शौचालय, ट्रामको यात्रा विषयवस्तुको रूपमा ग्रहण गरेको छ ।'

समुन्द्रवारिको पहिलो नियात्रा 'गान्तोक जुनी रहे फेरि भेटौला हो । यसले रिगुदेखि गान्तोक जादाँको यात्रा वर्णन, गान्तोकको ऐतिहासिक प्राकृतिक, भौगोलिक

परिचयका साथमा विभिन्न साहित्यकारहरूसँगको भेटवार्तालाई विषयको रूपमा ग्रहण गरेको छ र उक्त नियात्रा २०५५ कार्तिक महिनाको 'गरिमा पत्रिकामा प्रकाशित रहेको छ । 'जङ्गल यात्राको संस्कृति र एक्लोपन' नियात्राको विषयवस्तु एकै जाति एकै संस्कृति भएपनि भूगोलले पारेको प्रभाव, रिगुमा लेखकको जङ्गलयात्रा रहेको छ । साथै सांस्कृतिक विषयवस्तुलाई यसरी प्रस्तुत गरेका छन्, "आजको दिन रामनवमी हो, नेपाली वर्षको पहिलो चाड । यता यो चाडमा खाएरपिएर निकै रमाइलो गरेर मनाउँछन् । आज त सिकार खेल्नै पर्छ ।" रिगुदेखि सिक्किमको लागि प्रस्थान र प्राकृतिक सौन्दर्य र त्यससँगको लुकामारी 'स्वेदेशी र विदेशी दुबै बनाउने सिक्किम' को विषयवस्तुको रूपमा रहेको छ । संस्कृतिविना जाति अस्तित्वविहीन हुने, यात्राका क्रममा आइपर्ने समस्याहरू, कालिपोङको बनावट, 'कालेपोङ्गका हतारिला स्मृतिहरू' नियात्राको मुख्य विषय रहेको छ । प्रकाश कोविदसँगको भेटको पुनरावृत्ति, दार्जिलिङ्गको समस्या, त्यहाँका पर्यटकीय स्थलहरूको भ्रमण दार्जिलिङ्गको महिमा 'दार्जिलिङ्गको मुस्कान दार्जिलिङ्गको चित नियात्राको मुख्य विषय रहेको हो । त्यस्तै जतिपटक गएपनि त्यति नै नौलो लाग्ने दिल्ली र नेपालको व्यङग्यात्मक तुलना 'जहिले पनि नयाँ लाग्ने नयाँ दिल्ली' नियात्राको मुख्य विषय हो । *"हाम्रो राजधानी भने जुन गोरूको सिङ्ग छैन उसको नाम तीखे भनेजस्तै छ । जहाँ खानोपानीको व्यवस्था छैन, घरघरका फोहर उठाउन नसकेर मूल चोकहरू तीन चार दिनसम्म डम्पिङ साइड बन्छ,.... यस्तै महानगरपालिकाको मन्त्र नारा छ -स्वच्छ सफा हराभरा मेरो काठमाडौं । बहुला कुकुरले भुकेजस्तो अर्थहीन भुकाइहरु ।"* (पुष्ठ ८५) यहाँ दिल्ली र नेपालको व्यङग्यात्मक तुलना गर्दै श्रीओमले यस्तो लेखेका छन् । नियात्रा सङग्रहकै अन्तिम नियात्रा 'झ्यालभित्र झ्यालबाहिर' ले झ्यालभित्र र बाहिरका वस्तुहरुको फरक आफ्नो माटोको माया जहाँ भएपनिलाई विषयवस्तुको रूपमा ग्रहण गरेको छ । नयाँ दिल्लीको 'अपोलो हस्पिटलमा आफ्नो 'एन्जियोग्राफी' गराई जानु सित स्वेदेश फिर्ती अवस्थामा देखेको घटनाक्रममा संक्रमणकालीन मनसाय छन् । रेलयात्राको क्रममा झ्यालको भित्र र बाहिरका धरातलपरक कतिपय बिम्ब र प्रतीकहरूको विविधता र मातृभूमिको प्रत्यागनको हुट्हुटीलाई निबन्धकारले उल्लासपूर्वक प्रकट गरेका छन् । झ्यालभित्र झ्यालबाहिरले प्राकृतिक विषयवस्तुलाई यसरी व्यक्त गरेको छ "झ्यालबाहिर धानका

पहेला बालाका उन्मुत्त फाँटैफाट देखिन्छन् । केही वयस्कहरू धान काटिरहेका छन् भोलि र बच्चाहरूका लागि । सँगै केटाकेटीहरू खोलिरहेका छन् ।" (पृष्ठ ८९)

## ५.२.२ सहभागी र गतिशीलता

प्रस्तुत नियात्रा सङग्रहका नियात्राहरूमा नियात्राकार श्रीओम श्रेष्ठ 'रोदन' स्वयं नै प्रमुख तथा केन्द्रीय सहभागी रहेका छन् । त्यसैले प्रस्तुत सङग्रहका नियात्राहरूमा प्रथम पुरुषात्मक कथन शैलीको आन्तरिक दृष्टिबिन्दुमा समेटिएको छ । सहायक रूपमा विदेशी मित्रहरू, सुडानी मित्र, यमन र चेककी महिला मित्र, के.वी.राई, जय छाङछा, दिनेश मरहट्टा आदि सहभागी भएका छन् ।

नियात्राकार श्रेष्ठ 'रोदन' स्वयं मस्कोको विमानस्थनबाट चेक राष्ट्रको राजधानी प्राग पुगेपछि यात्राको गति आरम्भ हुन्छ  समुन्द्रपारिको । समुन्द्रपारीको विभिन्न ठाउँ टयुनिस् कार्लोबीभारी हुदै भियना पुगेपछि समुन्द्र पारिको यात्राको गति समाप्त भएको छ भने समुन्द्रवारिको भागमा यात्राटोली रिगु बस्तीबाट गान्तोक हुदै सिक्किम, कालेबुङ, दार्जिलिङ्ग हुँदै दिल्लीबाट नेपाल आउने क्रममा गोरखपुरबाट रेलयात्रा गर्न थालेपछि यात्राको गति पनि समाप्त भएको छ ।

## ५.२.३ परिवेशगत स्थानीयता र तथ्यात्मकता

मस्कोमा रातको तीन बजेको छ, शून्य छ जताततै यात्राकारले एक्लो र असुरक्षित महशुस गर्दै चिसो रात काटेका छन् । प्रागको बियर प्रसिद्ध र सफाइप्रति जनता सचेत छन् । चिसो मौसममा विदेशी मित्रहरूका साथमा समुन्द्रपारिको प्रसिद्ध ठाउँहरूको भ्रमण गरिएको छ । छिमेकी मुलुकको विभिन्न ठाउँहरूमा पनि यात्राटोली पुगेको छ । रामनवमी नेपालीहरूको वर्षको पहिलो चाड र प्रवासी नेपालीहरूले पनि उक्त चाड मनाउने गरेपनि विपरित तरिकाले मनाइने हुँदा एकै जाति, एकै संस्कृति भएपनि भूगोलले प्रभाव पारेको कुरा नियात्राकारको रहेको छ । जतिसुकै राम्रो र रमाइलो भएपनि आफ्नो मातृभूमि प्रतिको माया बेग्लै हुने र जहाँ गए पनि  माटोको

माया हुने कुरा व्यक्त गरिएको छ । देशप्रतिको माया र राष्ट्रियता प्रस्तुत नियात्रा सङ्ग्रहका नियात्राहरूमा पाउन सकिन्छ ।

### ५.२.४ चित्रात्मकता र कुतूहलता

नियात्राकार गएको ठाउँ प्राग ज्यादै सफा र स्वच्छ छ । 'ऐतिहासिक सहर प्राग कसरी बिर्सने' नियात्रामा नियात्राकारको निजी अनुभव यस्तो रहेको छ 'पहिला तिमीले आफ्नो पाइन्टमा लागेको धुलो झार अनिमात्र ट्याक्सी चढ' (पृष्ठ ३) यातायातको सुविधा चौबीसै घण्टा छ । त्यस्तै 'जहिले पनि नयाँ लाग्ने नयाँ दिल्ली' नियात्रामा 'स्वच्छ दिल्ली साक्षर दिल्ली' भन्ने छोटो वाक्यले वातावरण र शिक्षालाई एकसाथ जोड दिएको कुरा गर्दै तर हाम्रो नेपालमा राजधानी भएर पनि फोहर उठाउन वास्ता छैन, खानेपानीको व्यवस्था नभएको कुरा र जनस्वस्थ्यप्रति बेवास्ता भएको काठमाडौं को झझल्को आम पाठकको मनमा आउँछ ।

नियात्राकार आफू गएको ठाउँ प्रागलाई शिरबाट हेरेको दिन, दार्जिलिङ्गको मुस्कान दार्जिलिङ्गको चित्त, कालेबुङका हतारिला स्मृतिहरू भियना पुग्नु अघि र पछि झ्यालभित्र झ्यालबाहिर जस्ता नियात्राहरूले एकपछि अर्को के हुने हो भन्ने कुतूहलता नियात्राकारका अतिरिक्त नियात्राका पाठकहरूमा समेत जागृत हुन्छ ।

### ५.२.५ भाव वा विचार

विदेशी भूमिका मनोरम स्थलहरूको चर्चा गर्नुका साथै त्यहाँका प्रकृति जनजीवन र संस्कृतिसित साक्षात्कार गर्ने अभिप्रायले लेखिनु प्रस्तुत नियात्रा सङ्ग्रहभित्रका नियात्राहरूको विचार हो । 'समुन्द्रपारि समुन्द्रवारि' नियात्रा सङ्ग्रह यात्रा साहित्यिक कृति रहेको छ । देश बाहिर यात्रा अनुभूतिहरु समुन्द्रवारिका सिक्किम, दार्जिलिङ्ग, कालेपोङ्ग लगायतका ठाउँहरूसँगको अनुभूतिका साथमा समुन्द्रपारिका धेरै ठाउँमा आफ्नो यात्राक्रमका भोगाईहरूलाई पाठक समक्ष पोखी पाठकलाई डोऱ्याउने भाव वा विचार रहेको छ । भौगोलिक परिवेश फरक भएपनि एक अर्कोप्रतिको आत्मीय व्यवहारले मित्रवत् हुन सिकाउनु, संस्कृति, रीतिरिवाजको पहिचान, फरक फरक

रीतिरिवाज भएपनि सम्मान र सद्भाव हुन जरुरी हुन्छ । संस्कृतिको जगेर्ना फरक फरक तरिकाले गरिए पनि उद्देश्य एक रहेको भौगोलिक बनावटले पारेको प्रभाव र प्रकृतिको सुन्दर चित्रण गर्न प्रस्तुत सङ्ग्रहको मुख्य भाव रहेको छ । त्यसै सिल सिलामा नेपाल बाहेक धेरै नेपालीहरू बसोबास गरेका ठाउँहरू जस्तैः कालेम्पोङ्ग, दार्जिलिङ्ग, सिक्किम आदि भूमिमा यात्रा गरेर त्यहाँका नेपालीहरूलाई भेटी दुःख सुखका कुराकहानीगरी नेपाली साहित्य विकास र भाषा सम्बन्धी उनीहरूको विचार, आफ्नो विचार आदान, प्रदान गर्ने पनि सङ्ग्रहको उद्देश्य हो ।

### ५.२.६ भाषाशैली

सङ्ग्रहमा यात्रावर्णनहरूलाई र भोगेका घटनाहरूलाई अत्यन्त रोचक मर्मस्पर्शी र संवेदनशील रूपमा प्रस्तुत गरिएको छ । सङ्ग्रह भित्रका भाषा दुर्वोध्य र असम्प्रेष्य छैन । तत्सस र तद्भव शब्दहरूको प्रयोग बृहत रूपमा भएको छ भने नेपाली भाषामा पचिसकेका 'म्युजियम', 'ड्राइभर','ट्राम', 'मेट्रो' जस्ता अङ्ग्रजी शब्दहरूको स्वभाविक प्रयोग देखिन्छ । भाषा सुकोमल हुनुका साथै अब्यात्मकता पनि पाइन्छ । "विशेष हेर्न लायकका स्थानहरूमा नेसनल म्यजियम नेसनलथेटर, वेनसेस्लास, स्क्वाएर, भास्लाम नामेस्की सेन्टर आदि छन् ।" देश बाहिरका विभिन्न ठाउँमा प्रयोग गरिने भाषाहरूलाई जस्ताको तस्तै शब्दमा यसरी उतारेका छन् । "नियात्राहरू भाषाशैली, शिल्प र उद्देश्यमा सुनिर्दिष्ट छन्" । सङ्ग्रहभित्रका नियात्राहरू आत्मपरक छन् । र शिल्पगत सवलताले स्तरीय देखा पर्छन ।

## ५.३ 'नविर्सने दिनहरू' नियात्रा सङ्ग्रहको विश्लेषण

'नविर्सने दिनहरू' श्रीओम श्रेष्ठ 'रोदन' नितान्त रूपले स्वदेश यात्रामा केन्द्रित नियात्रा सङ्ग्रह हो । वि.सं. २०६२ सालमा साझा प्रकाशनले यो नियात्रा सङ्ग्रहको प्रकाशन गरेको हो । यस अन्गार्तत विभिन्न शीर्षकमा आवद्ध र विविध पत्रपत्रिकाहरूमा पूर्व प्रकाशित पन्ध्र वटा रचना समाविष्ट छन् । यो छ्यानब्बे पृष्ठमा संरचित रहेको छ ।

सङग्रह भित्रका नियात्राहरू सीमित आयाममा विस्तारित सुहाँउदा देखिनुको साथै एक बसाइमा पढेर सकिने खालको संरचनामा संरचित छ । सङग्रहमा सबैभन्दा सानो नियात्रा 'हिमालपारिको सुरक्षा र शिष्टता' हो । सबै भन्दा ठूला नियात्राहरू 'जुम्ला र रारा मुटुभरि आँखाभरि', 'उखानको उत्तर छैन ओखलढुङ्गासँगै' र 'डर रहरको जङ्गलयात्रा' हुन् । अुनच्छेदको दृष्टिले दशदेखि पैतीस अुनच्छेद रहेको यस सङग्रहमा सबैभन्दा धेरै अनुच्छेद भएको नियात्रा 'जुम्ला र राराः मुटुभरि आखाँभरि' पैतीस अुनच्छेद भएको नियात्रा हो । 'नबिर्सने दिनहरू' नियात्रा सङग्रह भित्र सङग्रहीत नियात्राहरूको तालिका यस प्रकार रहेको छः-

| क.सं | शीर्षक | पृष्ठ |
|---|---|---|
| १ | मुक्तिनाथमा मुत्ति खोजिन मैले | १ |
| २ | हिमालपारिको सुरक्षा र शिष्टता | ७ |
| ३ | उखानको उत्तर छैन ओखलढुङ्गसँग | ११ |
| ४ | तौल घटाउने घुर्मीको यात्रा | २० |
| ५ | अभीप्सित मायावी नगरकोट | २५ |
| ६ | फेरि महसुस पानी र पातको | ३१ |
| ७ | नजिकको ठाउँ टाढाको गाउँ | ३६ |
| ८ | नयाँवर्षे यात्रा मेचिवारिसम्म | ४२ |
| ९ | श्रेया र लुमनासँगको सराङकोट | ४७ |
| १० | राजधानीको सगरमाथाः हिउँको यात्रा | ५३ |
| ११ | डँडेलधुरा पुग्नु अघि | ५८ |
| १२ | जुम्ला र राराः मुटुभरि आखाँभरि | ६३ |
| १३ | डर र रहरका जङ्गलयात्रा | ७५ |
| १४ | हुस्सुको जाडोमा न्यानो कार्यक्रम | ८२ |
| १५ | गढीमाइको मेलामा दङगैदङ्ग | ८९ |

### ५.३.१ विषयवस्तु

सङग्रहभित्र वस्तुवर्णनमा आदाँ मुक्तिनाथमा मुक्ति खोजिन मैले मा संवत् २०६० मा ललिता राजेशदम्पती, कवि शशी भण्डारी र लेखकले मुक्तिनाथको यात्रा गर्दाको विगतकालीन समयको झलक छ । निबन्धकारले २८०० मीटरको जोमसोम को प्राकृतिक विविधतालाई तन्मयतापूर्वक व्यक्त गर्दै पौराणिक कथन अनुसार मुक्तिनाथ नाम रहनुको कारण बताएका छन्, मुत्तिनाथ मन्दिर भएको स्थललाई नामाकरण गर्दै उनले नियात्रामा उल्लेख गरेका छन्, “पौराणिक कथन अनुसार जालन्धर राक्षसकी पतिव्रता पत्नीलाई उनी नभएको मौका पारी विष्णु भगवान्ले जालन्धरको रूप लिएर बृन्दाको सतीत्व हरण गरिदिए । विष्णुले आफ्नो पतिको भेषमा आएर सतीत्व हरेकी थाहा पाउनासाथ बृन्दाले दिएको श्रापले विष्णु शिलामा परिवत भएका थिए रे । सो कुरा थाहा पाएपछि ब्रम्हाजी आएर अग्निको ज्वाला पैदा गरी हवन गरेर विष्णुलाई मुत्ति दिलाएर स्वर्गमा लगेकाले यो स्थललाई मुत्तिक्षेत्र र मन्दिर भएको स्थललाई मुत्तिनाथ भन्न थालिएको रे” । रात्रिकालमा होटेलको बसोबास भूत लाग्ने एकले भट्टी, घोडासाहू पेम्बाको व्यवहार र शशीले धुम्रपान नगर्ने घोषणा गर्नु जस्ता केही पक्षले यो रचना रोचक तथा मनोरञ्जक बनेको छ । ‘हिमालपारिको सुरक्षा र शिष्टता’ मा संवत् २०४२ पछि पुनः एकपटक संवत् २०६० तिर जोमसोम पुग्दाका विवरण छन् । नीलगिरि हिमालखण्डको चिसो स्पर्शानुभूति, द्वन्द्वकालको बहुपक्षीय सर्तकता र सुरक्षाकर्मीको प्रश्नपूर्ण चियोचर्चालाई व्यवहारोपयोगी दृष्टिले यसमा चित्रण गरिएको छ । पर्वतीय वातावरणको शुभ्रता स्निग्धता र मुदुलताले प्रत्यक नौला आगन्तुकलाई शान्तिप्रेमी एंव संभ्रान्त तुल्याउने सद्भावनायुत्त आशयलाई सर्जकले यसमा प्रस्तुत गरेका छन् । ‘उखानको उत्तर छैन ओखलढुङ्गासँग’ मा ओखलढुङ्गे सदरमुकामको दक्षिणी क्षेत्रको माने भन्ज्याङ, माधवपुर, टोक्सेल, थाकले र केतुके गा.वि.सं. मा सामुदायिक विकासको निम्ति गरिएको काम र परिणामहरूको वृत्ताचित्र बनाउन साथीभाइको टोली उत्तपरिवेशमा टेक्दाको भावुक अभिव्यक्ति छन् यसमा । नेपालको प्रत्येक प्रदेश, क्षेत्र, अंचल र जिल्लाको आ-आफ्ना विशेषता रहेको कुरा सर्जकले अनुभूति र अन्तरक्रियामा दर्शाएका छन् ।

'तौल घटाउने घुर्मीको यात्रा' मा कटारीदेखि ओखलढुङ्गसम्मको घुर्मीको स्तरहीन नराम्रो सडकले गर्दा आफ्नो पाँच किलो वजन घटेको कुरा बताएका छन् । जनजातिका एकजना राई बूढाले कटारीदेखी घुर्मी पुग्दा अव्यवस्थित एकतर्फी साँघुरो बाटोले गर्दा प्रत्येक यात्रीको अनुमानित तौल घट्ने गहिरो तथ्यको प्रभाव यसमा छ । धेर थोर पछौटे क्षेत्रका नागरिकले यातायातीय असुविधाले भोग्ने कहरलाई व्यङग्य र विस्तार पूर्वक छामिएको छ यस नियात्रामा । यात्राको क्रममा राई बुढाले भनेका भनाइलाई यस प्रकार व्यक्त गरिएको छ "यो यात्राले काठमाडौंमा मोटाउनु भएका भए घटाइदिन्छ । कटारीबाट बेतेनीसम्म बस चढ्दा तीन केजी घटिन्छ । घुर्मीसम्म पुग्दा हजुरहरु पाँच केजी घट्नु हुनेछ । नपत्याए घुर्मी पुग्नासाथ जोख्नु होला ।" 'अभिप्सित मायावी नगरकोट' मा काठमाडौं र भक्तपुर निकटस्थ रमणीय थलोको भ्रमण गर्दाको जानकारी छ । मन लागेको बेला, पितृश्राद्ध गर्ने, अर्थपूर्ण जीवनको लागि केहि गरिरहने सक्रियता र विदेशीहरूको प्रकृतिप्रेमका ध्यानयोग्य कुरा यसमा छन् । विशिष्ट कवि एंव गीतकार कालीप्रसाद रिजालको 'विहान उठ्ने बित्तिकै हिमाल हेर्न पाइयोस, यी हातहरू ले नेपाल लेख्न पाइयोस' भन्ने गीतमा राष्ट्रिय स्नेह र पारस्परिक सद्भाव साट्ने चेष्टा यसमा रहेको विषयवस्तु हो। 'फेरी महसुस पानी र पातको' मा नारायणी नदी वारिपारीको मानवीय श्रम र सहकार्य चित्रित छन् । चितवनको 'टाइगर आइल्याब्ड रिसोर्ट' बाट नवलपरासीको वडा नं. १ स्थित अमरापुरी गा.वि.सं. को गोमा थापाको अध्यक्षताको 'नेपाल मगर उत्थान सेपा समिति' ले संचालित सांस्कृति कार्यक्रम सुकुल र मान्द्रोमा बसी अवलोकन गर्दाका भावपूर्ण विम्ब छन् । फुच्चे रुखबाट पात झर्नु र पातबाट पानीको थोपा तप्किनुमा जीवनको गुढता र सारवत्ता खोज्ने प्रयासले यस यात्रावृत्तको दार्शनिक पक्ष सुन्दर बनेको विषय प्रस्तुत गरिएको छ । 'नजिकको ठाउँः टाढाको गाउँ' मा कवि मनरूप नेप्च्युन, गीतकार पुष्प श्रेष्ठ ताइवानी मित्र गोङलोन शिन र बैकुष्ठवासी जनकदाई जस्ता बिना र अपेक्षा अरुको सेवागर्ने व्यक्तिको छविलाई यसमा कुशलताले उतारिएको छ । लोकतन्त्रको न्यानो ताप्न नपाएका दनुवार जातिको उल्लेख केटाकेटीलाई लुगाफाटा, वितरण, खेतवारीको श्रमपूर्ण सहभागिता र सहकार्यलाई निबन्धकारले मुख्य विषय बनाएका छन् । 'श्रेया र लुमनासँग सरांगकोटमा श्रीओम र सहभागी परिवार केटाकेटी सहित १५८२ मीटर उचाइको

भौगोलिक क्षेत्रमा रमाएको समानुभूति यस रचनामा पाइन्छ । यात्रु परिवारले गण्डकी अञ्चलको सराङकोटको टावरबाट विहान ५ बजे प्रथम सुर्यको दर्शन गर्दै धौलागिरी अन्नपूर्ण र माछापुछ्रे (फिस्टेल पिक) को सुन्दर प्राकृतिक दृष्यहरूको रमाइलो मानी दृश्यावलोकन गरेको वैयत्तिक अनुभूतिहरूको प्रकटन यस नियात्रा को विषयवस्तु हो । यात्रा लामो होस वा छोटो त्यसको महत्व भोगिरहेका क्षणहरूमा पर्दछन् भन्दै फूलचोकीको सौन्दर्य वर्णन गर्ने अनुभूतिहरूको अभिव्यक्ति 'राजधानीको सगरमाथा हिउँको यात्रा' को विषयवस्तु हो । डँडेलधुरा जानको लागि भारतको पनि यात्रा गर्नुपरेको, यात्राको क्रममा आफु ठगिनुपरेको अनुभव डँडेलधुरा पुग्नुअघि नियात्राको केन्द्रिय विषय हो । राराताल घुम्नको लागि जाँदा जुम्ला पुगेको र त्यहाँबाट पैदल यात्राका अुनभव र राराको सौन्दर्य अविस्मरणीय बनेको प्रंसङग 'जुम्ला र रारा: मुटुभरि - आँखाभरि' नियात्राको विषय वस्तुका रूपमा यसरी आएका छन् ।" राराको निश्चलता देखेर मलाई झकझकाएर ब्यूझाउन मन लाग्छ, चञ्चल बनाउन मन लाग्छ, मौनभङ्ग गराएर गम्रङगै अँगालो हाल्दै अकिकति हासोका, अलिकति आँसुका कुरा सुनाउन मन लाग्छ । (पुष्ठ ६७) रारातालको प्राकृतिक सुन्दरतालाई अत्यन्त सुन्दर ढंगले वर्णन गरेका छन् । त्यस्ते चितवन राष्ट्रिय निकुञ्जको लोभलाग्दो स्थल, जनावरले गर्न सक्ने हमला र त्यस बारेको जानकारी डरलाग्दो तर रहरलाग्दो यात्राहरूलाई 'डर र रहरको जङ्गलयात्रा' नियात्राले विषयवस्तुको रूपमा ग्रहण गरेको छ । 'हुस्सुको जाडोमा न्यानो कार्यक्रम' मा संवत् २०५५ पुस २६- २७ गतेको वीरगंज साहित्य परिषद्को वार्षिकोत्सवको प्रतियोगितात्मक राष्ट्रिय कवि गोष्ठीका सामूहिक अनुभूति प्रतिबिम्वित् छन् । कालीदेखि मेचीसम्म थुप्रै स्रष्टासित एकै थलोमा भेटघाट र परिचय गर्न पाउँदाको निबन्धकारको रमाइलो क्षणको अनुभूति र थुपै धनाढ्य करोडपति र अरबपति रहेका लक्ष्मी माताको व्यावसायिक र व्यापारिक संर्केन्द्र वीरगञ्जमा गरिमामय राष्ट्रिय साहित्यिक महोत्सव हुनुलाई ठूलो उपलब्धि मानेको प्रसङ्ग मुख्य विषयको रूपमा आएको छ । गढीमाइको ऐतिहासिक, धार्मिक वर्णन, त्यहाँ लाग्ने गरेको मेला, सर्वसाधारणबाट गरिएका विविध सन्दर्भहरू 'गढीमाईको मेलामा दङगै दङ्ग' भित्र विषयका रूपमा आएका छन् । गढीमाइको मेलाको धार्मिक वर्णन यसरी गरिएको छ, "मङ्सिर शुक्ल पञ्चमीदेखि अष्टमीसम्मको चार दिन मेलाका

प्रमुख दिन हुन् । पञ्चमीको दिन मुल पुजारीको घर आँगनको मठबाट पूजाको शुभारम्भ हुन्छ । षष्टीको दिन मेवामिष्ठान चढाएर सनातनी रूपमा र सप्तमीको मध्यरातमा रागाँ, बोका, हाँस, परेवा र सेतो मुसाको पञ्चबलि दिइन्छ ।" (पृष्ठ ९४) गढीमाइको मन्दिरमा गरिने पूजाआजाको धार्मिक मान्यतालाई वर्णन गरिएको छ ।

### ५.३.२ सहभागी र गतिशीलता

प्रस्तुत सङ्ग्रहका नियात्राहरूमा नियात्राकार स्वयं नै प्रमुख तथा केन्द्रीय सहभागी रहेका छन् । त्यसका साथै सहायक रूपमा श्रेया, लुमना, निर्मोही व्यास, शशी दाई, मनोहर, राजेस आदिका साथमा यात्राटोलीका अन्य सदस्यहरू सहभागी भएका छन् ।

नियात्राकार र अन्य यात्राटोली जोमसोसमा पुगेर मुक्तिनाथका लागि यात्रा आरम्भ गरे पश्चात प्रस्तुत सङ्ग्रहको पहिलो नियात्रा 'मुक्तिनाथमा मुत्ति खोजिने मैले' को यात्राको गति आरम्भ हुन्छ । त्यस्तै अरु नियात्राहरूमा ओखलढङ्गा, धुर्मीको यात्रा सराङकोट, फूलचोकी, वीरगन्ज आदि ठाउँहरूमा यात्रा गरिएको छ र अन्तिम नियात्रामा नियात्राकारका साथ निर्मोही व्यासका साथ कलैयाको भरत चोकबाट गढिमाइको मेलामा पुगेपछि यात्राको गति पनि समाप्त भएको छ ।

### ५.३.३ परिवेशगत स्थानीयता र तथ्यात्मकता

सङ्ग्रहको पहिलो नियात्रामा जोमसोममा मङसिरे हावाको कारण निकै जाडो बढेको छ । सङ्ग्रंहको अर्को नियात्रा 'तौल घटाउने घुर्मीको यात्रा' मा यात्राटोली चढेको गाडी पुरानो र थोत्रो हुनुका साथै यात्रुहरूको कोचाकोच छ । पहाडी बाटो अप्ठेरो र एउटा मात्र बस गुडाउन मिल्ने छ । यस्तो डरलाग्दो यात्रा जोखिम हुने भएकाले नेपालका अन्य पहाडी क्षेत्रका यातायातको पनि यस्तो हाल होला भन्ने दृष्टिकोण नियात्राकारको छ । त्यस्तै जोमसोममा सेनाले गरेको सुरक्षा व्यवस्था आीद जस्ता विविध सत्यघटना यस सङ्ग्रहका सेनाले गरेको सुरक्षा व्यवस्था आदि जस्ता विविध सत्यघटना यस सङ्ग्रहका नियात्राहरूमा पाउन सकिन्छ ।

### ५.३.४ चित्रात्मकता र कुतूहलता

प्रस्तुत नियात्रा सङ्ग्रहमा नेपालका प्राकृतिक सौन्दर्यको वर्णन गरिएको छ जुन जति हेरेपनि मन नअघाउने जस्ता छन् । त्यस्तै नेपालका विकट क्षेत्रमा गरिने यात्रा अत्यन्त रोमाञ्चक, डरलाग्दो र अव्यवस्थित रहेको कुरा सङग्रहका नियात्राहरूमा उल्लेख गरिएको छ । 'तौल घटाउने घुर्मीको यात्रा' मा नियात्राकार र अम्बिका भाइ र अन्य चढेको गाडी एकदमै थोत्रो छ । त्यस गाडीमा चढेका नियात्राकारको निजी अनुभव यस्तो रहेको छ,"अप्ठेरो पहाडी बाटोमा बसको क्षमताभन्दा दुई गुणा बढी बसभित्रै र छतमा अर्को आधाआधी यात्रु कोचिएको यात्रा" । (पृष्ठ २१) यसो भन्दा नेपालमा चल्ने थोत्रा गाडीको झन्झटको आम पाठकका मनमा आउँछ ।

नियात्राकारले स्थान र समय अनुकूलका सन्दर्भहरूको चर्चा गरेर परिवेश अनुकूलका कुतूहलता पाठकहरूका मनमा जागृत गरिदिएका छन् । सङग्रहभित्रका नियात्राहरू पढदै जाँदा प्रत्येक ठाउँ अनुसार कहाँ के हुने हो भनेर नियात्राकार अतिरिक्त नियात्राका पाठकमा समेत जागृत हुन्छ । नियात्राकारले आफू चढेको थोत्रो गाडी बीचमा रोकिदाँ र कहालीलाग्दो पहाडी बाटोको यात्रामा कहाँ गएर के हुने हो भन्ने कुतूहलता 'उखानको उत्तर छैन ओखलढुङ्गासँग' नियात्रामा पाइन्छ ।

### ५.३.५ भाव वा विचार

'नबिर्सने दिनहरू नियात्रा सङग्रंह भित्रका नियात्राहरूमा सम्बद्ध यात्रा स्थलका भूगोल, प्रकृति, समाजसंस्कृति र तिनका सुरूपता कुरूपताहरू तथा राष्ट्रिय परिस्थितिजन्य वर्तमान नेपाली जीवनका दैनन्दिन अप्ठ्यारा र असहजता आदि विविध पक्षहरू सजीव रूपले प्रतिविम्बित भएका छन् । यात्राकारको सौन्दर्य चेतना र वस्तुसंवेदना यिनमा यत्रतत्र पाइन्छ । नेपाली प्रकृतिप्रतिको मोह प्रकृतिसितको सानिध्य, निश्चल जीवनप्रति अगाध स्नेह, सामाजिक सुधारको चाहना शान्ति कामना र मैत्री भावना यस सङग्रहभित्रको मुख्य भाव हो । स्वेदशभित्रकै प्राकृतिक मनोरम दृष्यहरूको बारेमा सबैलाई जानकारी गराउनु आफूले भोगेका आइपरेका समस्याहरूको बारेमा कलात्मक र रसात्मक रूपमा यात्राकारको निजात्मक रागले प्रयाप्त मात्रामा रञ्जित

अनुभूतिहरूलाई आफूसँगै सहयात्रीका रूपमा यात्रा गरिरहेको मोहक अनुभूति गराउनु यस सङ्ग्रहको ध्येय हो । भौगोलिक विकटताले निम्त्याउन सक्ने दुष्परिणाम आफ्नो देशको ग्रामीण परिवेश कला संस्कृतिको पहिचान गराई त्यसको जगेर्ना गर्नुपर्छ भन्ने मानसिकताको बोध जगाइएको छ । निबन्धकारको यो लेखन यात्रा एक प्रकारको रहर, मनभरिको उत्सुकता फरक सोच र नौलोपनको खोजी रोमाञ्चसित साक्षात्कार र जीवनलाई हरदम व्यस्त बनाइरहने आग्रहको उपलब्धि हो ।

### ५.३.६ भाषाशैली

सहजगम्य शब्द, कोमलकान्त पदावली र सुमधुर भाषाशैली निबन्धहरूको भाषिक वैशिष्ट्य हो । नियात्राकारको भावलाई भाषाले सहज रूपमा बहन गरेको देखिन्छ भने शैलीले त्यो भावलाई प्रभावोत्तेजक बनाएको छ । उनका नियात्राहरूमा निजात्मकता, हार्दिकता, आत्मीयता, अनुभूतिमयता संस्मरकात्मकता आदि गुणले सम्पन्न यथार्थपरक र सौन्दर्यपूर्ण निश्चल अभिव्यक्ति हुनाका कारणले भाषागत सरलता एंव प्रस्तुतीगत रोचकता समेतले गर्दा सङ्ग्रहभित्रका नियात्रा आस्वाद्य बनेका छन् । 'साहित्यक पत्रकारिता, रंगमञ्च र कला संस्कृतिसँग सरोकार राख्ने 'रोदन' को प्रस्तुति यात्रा निबन्धात्मक कृतिमा वर्णित कलात्मक र ओजपूर्ण शब्द शक्तिले गर्दा पाठक स्वयं लेखक पुगेको ठाउँमा पुगेको अनुभूति गर्न सक्छ"। सुक्ष्मातिसुक्ष्म विषयवस्तुलाई समेत सरल सहज र स्वभाविक गति तथा शैलीमा अभिव्यक्त गर्न उनको विशेषता रहेको छ । स्थानीय भाषाको प्रयोग र पचिसकेका अङ्ग्रेजी शब्दहरूको प्रयोगका साथै तत्सम र कथ्य भाषाको उचित प्रयोग प्रस्तुत सङ्ग्रहका नियात्राहरूमा पाउन सकिन्छ । श्रीओमले फन्किनु, डङ्ग्रङ्ड-डङ्ग्रङ्ङ गन्द्रङ्गगन्द्रङ्ग, च्वाँच्वाँ सिर्सिर जस्ता झर्रा एंव अनुकरणात्मक शब्दको प्रयोग गरेको पाइन्छ । झर्रा शब्द प्रयोग गरिएको. एउटा अंश यस्तो छ" कतै सँगुरका पाठाहरू पेरूङ्गोमा च्वाँच्वाँ कराइरहेका थिए, कतै कुखुराहरू । (पृष्ठ १४) त्यस्तै अर्को नियात्रा को अंश "अकस्मात् त्यही बेला ठूलो ढुङ्गा गन्द्रङ्ड. आवाज सहित डाँडाबाट हाम्रै अगाडि बज्रिन्छ ।" (पृष्ठ १७)

स्थानीय रूपमा बोलिने भाषालाई जस्ताको तस्तै नियात्रामा प्रस्तुत गरेका छन् । प्रस्ततु नियात्रा प्रथम पुरुषात्मक कथन शैलीको आन्तरिक दृष्टिविन्दुमा समेटिएको छ ।

## ५.४ निष्कर्ष

नियात्राकार श्रीओम श्रेष्ठ 'रोदन' द्धारा लिखित 'समुद्रपारि समुद्रवारि' वि.सं २०६० र 'नविर्सने दिनहरू' वि.सं २०६२ सालमा प्रकाशित यात्रा अनुभवको विषयवस्तुमा आधारित वैयक्तिक नियात्राहरूको सङ्ग्रह हो । नियात्राकारले मूलतः यात्राका क्रमश आफूद्धारा अनुकूल जीवनजगत्को अनुभूतिलाई सङ्ग्रहको विषयवस्तु बनाएका छन् । समकालीन समाजका धार्मिक, राजनीतिक, आर्थिक, साँस्कृतिक, साहित्यिक आदि क्षेत्रहरूमा देखिएका विकृतिहरूलाई टिपेर यथावत प्रस्तुत गुर्न र त्यस्ता विकृतिहरूप्रति व्यङ्ग्य गर्नु सङ्ग्रहको अभिष्ट हो । मानवीय स्वार्थी र निरीहपन, पैसाप्रतिको मोह, नेपालीहरूको सङ्कुचित र घृणित व्यवहार वर्तमान देश र जनताले भेल्नुपरेको समस्या, साहित्यसम्वन्धि समस्या, छिमेकी देशका विभिन्न ठाउँको रितिोस्थिति, गाउँ शहर वस्तीतिरको अवस्था र त्यस क्षेत्रका मानिसहरूको दीनचर्या, सामाजिक स्थिति र आफूले देखेका भोगेका स्थितिका विषयहरू आदिको जिवन्त प्रस्तुती सङ्ग्रहहरूमा भएको छ । यसका अतिरिक्ति साँस्कृतिक प्रवाहमा देखिएका आडम्वरीपन र कृत्रिमता धर्मको नाममा भएको व्यापार र साहित्यकारहरूलाई प्रोत्साहन दिन खोलिएका साहित्यिक प्रतिष्ठानहरूको ढोंगीपन, स्वार्थता एवं अपारदर्शिताले भित्रिएका विकृतिहरू तथा नियात्राकारका वैयत्तिक अनुभूतिहरू सङ्ग्रहका विषयवस्तु वनेका छन् ।

सहजगम्य शव्द, कोमलकान्त पदावली र सुमधुर भाषाशैली यिनका नियात्राहरूको भाषिक वैशिष्ट्य हो । नियात्राकारको भावलाई भाषाले सहजरूपमा वहन गरेको देखिन्छ भने शैलीले त्यो भावलाई प्रभाव उत्तेजक वनाएको छ । त्यस्तै स्थानिय भाषाको प्रयोग र पचिसकेका अङ्ग्रेजी शव्दहरूका प्रयोगका साथै तत्सम र कथ्य भाषाको उचित प्रयोग प्रस्तुत सङ्ग्रहका नियात्राहरूमा पाउन सकिन्छ । भावनात्मक वर्णनात्मक र वैयक्तिक शैली शिल्पमा नियात्राकारले आफ्ना चिन्तन र अनुभूतिहरूलाई आत्मपरकताको सुत्रमा आवद्ध गरेका छन् ।

## छैटौं परिच्छेद

## श्रीओम श्रेष्ठ 'रोदन' का निबन्ध र यात्रा संस्मरणका प्रवृत्तिहरू

### ६.१ विषय परिचय

श्रीओम श्रेष्ठ 'रोदन' का निबन्ध र नियात्रामा विषयगत र शैलीगत भिन्नता रहेको पाइन्छ। उनका  रचनाहरुमा प्राकृतिक र साहित्यिक पक्ष प्रवल रहेको पाइन्छ। प्रकृति चिन्तन, यर्थाथता, समसामयिकता राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भाव रहेको पाइन्छ । आत्मपरकता यिनका रचनाको मूख्य शैली हो । यिनै प्रवृत्तिको आधारमा अध्ययन यस अध्ययनमा प्रस्तुत छ ।

### ६.२ श्रीओम श्रेष्ठ 'रोदन' को निबन्धात्मक प्रवृति

श्रीओम श्रेष्ठ 'रोदन' नेपाली साहित्यको निबन्ध विधामा कलम चलाउने दीर्घ साधक हुन् । वि.सं. २०४६ सालदेखि निबन्ध विधामा कलम चलाउने 'रोदन' वि.सं. २०५४ सालमा प्रकाशित 'संवदेनाका स्वरहरू' (संयुक्त निबन्ध सङग्रह) प्रथम प्रकाशित पुस्तकाकार कृतिको रूपमा देखापरेको छ । त्यसपछि वि.सं. २०५५ सालमा 'अर्थहीन अर्थहरू' (निबन्ध सङग्रह) वि.सं. २०६९ मा एक्लो परिचय, (नियात्रा सङग्रह) प्रकाशित भएको पाइन्छ । यसर्थ यिनै निबन्धगत रचनाका आधारमा 'रोदन' को निबन्धात्मक प्रवृत्तिलाई केलाउन सकिन्छ ।

#### ६.२.१ आत्मपरकता

निबन्धकार श्रीओमश्रेष्ठ 'रोदन' का निबन्धात्मक रचनाहरूमा आत्मापरकताको प्रखरता देखिन्छ । निबन्धमा निबन्धकारले विषयवस्तुको स्पर्श मात्र गरेर आफ्ना गुनासा एंव अनुभवहरूलाई प्रथम पुरुष शैलीमा प्रस्तुत गरेका छन् । निबन्धकारले यांहा कुनै कल्पनाको नजिक नपुगि वास्तविक सत्य घटनालाई टिपेर आफ्नो निबन्धमा प्रस्तुत गरेका छन् । व्यक्तिगत जीवनमा देखेका, भोगेका, जानेबुझेका, अनुभव गरेका अनुभूतिलाई विषयवस्तु बनाई निबन्धको रचना गर्ने काम 'रोदन' बाट भएको छ ।

निबन्धकारले आफैलाई आफ्ना निबन्धको विषयवस्तु बनाएर आफ्नो जीवनका दुःख, सुःख, हाँसो, आँसु, हर्ष र विष्मात आदिको अभिव्यक्ति आफ्नो निबन्धमा अभिव्यक्त गरेका छन् ।

'रोदन' का निबन्ध सङग्रहहरूको 'सवेदनाका स्वाहरू' निबन्ध सङग्रहमा प्रकाशित सबै निबन्धहरू आत्मपरक शैलीमा प्रस्तुत भएका छन् । त्यस्तै 'अर्थहीन अर्थहरू' निबन्ध सङग्रहमा यो बाहिर निस्कने बेला हैन समय नै यस्तै छ, निम्ताहरूको जुलुस, लगाएतका निबन्धहरू आत्मपरक शैलीका रहेका छन् । त्यस्तै, 'समयका सम्भावनाहरू' निबन्ध सङग्रहमा 'मूर्ख र मन, अर्को अर्थ नलागोस, मेरो भ्रम मेरो लेखनी, प्रतीक्षाको समय, लोकका कुरा, अनुभव र अनुभूति जस्ता निबन्धहरू आत्मपरक शैलीका रहेका छन् । "श्रीओम श्रेष्ठको 'समयका सम्भावनाहरू' लेखकीय आत्मपरकताका दृष्टिले अब्वल श्रेणीको निबन्ध सङग्रह रूपमा देखिन्छ ।[१] त्यसैगरी 'एक्लो परिचय' निबन्ध सङग्रहमा प्रकाशित निबन्धहरू मध्य 'बिक्न सकिन बढारिएको मन, शीर्षकको नामाकरण भएको निबन्ध एक्लो परिचय, 'हिउँपरेको दिन जस्ता निबन्धहरू आत्मपरक शैलीका साथै निजी अनुभव र अनुभूतिले विषयवस्तुलाई टिपेर आत्मपरकताको जलप दिएकाले आत्मपरकता यिनको मूलभूत प्रवृत्ति हो ।

## ६.२.२ यथार्थता

निबन्धकार श्रीओमश्रेष्ठ 'रोदन' का निबन्ध रचनामा प्रचुर मात्रामा यथार्थता भेटिन्छ । यिनले जीवनमा घट्न सक्ने र घटित हुने घटनालाई यथार्थको धरातलबाट टिपेर गरेका छन् । श्रेंष्ठ 'रोदन' ले अधिकांश आफ्नो जीवनसँग सम्बद्ध वास्तविक यथार्थता लाई टिपेर निबन्धात्मक रूपमा प्रस्तुत गरेका छन् । सरल एंव सहज भाषा शैली प्रयोग गर्दै वास्तविक घटनालाई अगाडि सारेर निबन्धको कलेबर निर्माण गर्न सक्ने सामर्थ्य भएकाले पनि यिनलाई यथार्थवादी निबन्धकार भन्नुपर्ने हुन्छ । यिनका निबन्धहरू मध्य 'संवेदनाका स्वरहरू' निबन्ध सङग्रंहमा रहेका श्रृङखलाहीन मनोदशाहरू प्रदूषित रंगीत जिजीविषाहरू कलम खोज्नेहरूको जुलुस जस्ता

---

१. गरिमा वर्ष २३, अंक ४, पूर्णङ्क २६८, चैत्र २०६१ पृ. ६३

निबन्धहरूमा यथार्थताको प्रस्तुति पाइन्छ । "श्रीओमले दार्शनिकता थर्प्दे यथार्थको् चिरफार गर्नमा बढी उत्सुकता देखाएको यी निबन्धको अध्ययनबाट प्रष्ट हुन्छ । त्यस्तै 'अर्थहीन अर्थहरू' निबन्ध सङग्रहमा रहेका शीर्षक नामाकरणक भएको 'अर्थहीन अर्थहरू' यो बाहिर निस्कले बेला हैन, समय आदिम निरन्तरता लगाएतका अधिकांश निबन्धहरूमा यथार्थताको प्रस्तुति रहेको छ । त्यस्तै, 'समयका सम्भावनाहरू' निबन्ध सङग्रहमा प्रारम्भ पुनः प्रारम्भ : हामी र हाम्रो स्वार्थ हामी जिउँदो बुख्याचा मार्फत मार्फतहरू देश दुखेको खवर जस्ता निबन्धहरूमा यथार्थता पाइन्छ । त्यस्तै गरी 'एक्लो परिचय' निबन्ध सङग्रहमा रहेका निबन्धहरूमा सपेराका सर्पहरू, हिउँ परेको दिन, भ्रमको रात र सम्भावनाको विश्वास लगाएतका अधिकांश निबन्धहरूमा यथार्थको प्रस्तुति पाइन्छ ।

यिनै निबन्धका माध्यमबाट श्रेष्ठ 'रोदन' ले आज समाजमा विभिन्न कुसंस्कार बढेको र यस संस्कारमा हुर्केका समग्र मानिसले भोग्नु परेको दुर्दशालाई यथार्थ रूपमा प्रस्तुत गरेकाले यथार्थता पनि यिनको अर्को मूलभूल निबन्धात्मक प्रवृत्ति हो ।

### ६.२.३ व्यङग्यात्मकता

श्रीओम श्रेष्ठ 'रोदन' का अधिकांश निबन्ध रचनामा व्यङग्यात्मकताको छनक पाइन्छ । निबन्धहरूको व्यङग्य गर्ने शैली रोचक भइकन पनि ज्ञानर्वद्धक छ । निबन्धकार समसामयिक समाजका विभिन्न पक्षहरूमा देखिएका सङ्गतिहीनता माथि व्यङ्ग्य गर्न सिपालु छन् । उनले विशेषतः सामाजिक धार्मिक, साँस्कृतिक, आर्थिक, राजनीतिक, साहित्यिक आदि पक्षहरूमा व्यङ्ग्य गरेका छन् । उनको व्यङ्य हास्यमिश्रित छ भने विकृत पक्षहरूमा सुधारको अपेक्षा गरेको देखिन्छ ।

'समयका संभावनाहरू' निबन्ध सङ्ग्रहमा रहेको 'लोकको कुरा' निबन्धमा धर्मका नाममा चाडपर्व वा मन्दिरहरूमा बलिदिने चलनप्रति निबन्धकारले विमती जनाउँदै व्यङ्ग्य गरेका छन्, "साच्चै बलि दिएको जनावर मन्दिरबाट घर लैजान नपाउने व्यवस्था भए बलि प्रथा के हुन्थ्यो होला" (पृ. ६७) त्यस्तै, 'अर्थहीन अर्थहरू' निबन्ध सङ्ग्ह मा रहेको अधिकांश निबन्धहरू व्यङ्ग्यात्मक अभिव्यक्तिहरूले सजिएका

छन् । यसमा रहेको 'यो बाहिर निस्कने बेला हैन' निबन्धमा "दे दे प्यार दे, प्यार दे, प्यार दे . . . ." जस्ता व्यङव्य युक्त वाक्यहरूले अर्थहीन अर्थहरू को शीर्षकको सार्थकतामा समेत थप बल पुऱ्याएको छ ।" त्यस्तै गरी 'संवेदनाका स्वरहरू' निबन्ध सङ्ग्हमा रहेको 'विपनामा सपनाको इतिवृत्ति' र 'एक्लो परिचय' निबन्ध सङ्ग्रहमा रहेको श्वेत सलाम, खगेन्द्र देखि सगरमाथासम्म, खुसी होउँ कि दुःखी ? बन्दको बाढी, लगाएतका अन्य निबन्धहरू व्यङ्ग्यात्मक शैलीको प्रयोग भएको पाइन्छ । 'खगेन्द्रदेखि सगरमाथा सम्म' निबन्धमा सगरमाथा जस्तो विश्वको सर्वोच्च शिखर भएको देश भनेर गर्व गरेपनि र प्राकृतिक रूपमा त्यो उचाई प्राप्त गरेपनि गरिबी, अभाव र विपन्नताले नेपालीहरूको उचाइ खगेन्द्र थापा जत्तिकै भएको कुरा देखाएर मान्छेका पैसामुखी प्रवृत्ति र लोकतन्त्र पछिका नकारात्मक प्रवृत्तिप्रति व्यङ्व्य गर्दै मान्छेका यान्त्रिक जिवनप्रति विमती प्रकट भएको छ ।[२] तसर्थ यि उल्लेख आधारहरूमा हेर्दा व्याङ्ग्यात्मकता पनि यिनको मूलभूत प्रवृत्ति हो ।

## ६.२.४ राष्ट्रवादी भावना

राष्ट्रप्रति देखाइने प्रेम र ममता गरिने सेवा र कर्म राष्ट्रियता हो र त्यस्ता धारणाहरूको धारणाहरूको अभिव्यक्ति राष्ट्रवादी चेतना हो । श्रेष्ठ 'रोदन' का निबन्ध सुङ्ग्रहहरूले राष्ट्रप्रति, राष्ट्रियताप्रति र राष्ट्रिय धरोहरका विषयप्रति अगाध श्रद्धा र आस्था प्रकटगरेको छ । राष्ट्रवादी चेतनाको सुगन्धले सङ्ग्रहहरू सुगन्धित भएका छन् । अन्तर्राष्ट्रिय तत्वहरूको हावी भइरहेको वर्तमान परिप्रेक्ष्यमा राष्ट्र र राष्ट्रियता प्रति बफादार बन्न नसके राष्ट्रप्रतिको दायित्व वहन गर्न नसके भोलिका दिनहरूमा हाम्रो अस्तित्व इतिहासभित्रै अल्पिन सक्छ । अत : हत्या र विनासलाई त्यागेर राष्ट्रिय धरोहरका विषयहरूको संरक्षण र संवर्धन गर्नुपर्ने कुरामा निबन्धहरूले जोड दिएका छन् । राष्ट्रियता सन्दर्भमा निबन्धकार संवेदनशील देखिन्छन्, सुन्दर शान्त नेपाल अहिले आन्तरिक युद्धका करण जर्जर र बनिसकेको छ भने यसले गर्दा नेपालको सामाजिक, आर्थिक, साँस्कृतिक-धार्मिक, शैक्षिक साथै अन्तर्राष्ट्रिय परिवेशमा समेत

२. लक्ष्मण प्रसाद गौतम, व्यङ्ग्य र आत्मप्कटीकरणको यथार्थ विम्ब : 'एक्लो परिचय निबन्ध सङ्ग्र', पाठय्यपुस्तक सन्दर्भ समीक्षा ।

प्रतिभा पलायन जस्ता सबै पक्षमा नकारात्मक असर परेको छ । यिनै परिवेशमा रहेर निबन्धकारले राष्ट्रवादी भावना व्यक्त गरेका छन् ।

राष्ट्रवादी भावना भएका उनका निबन्धहरू 'अर्थहीन अर्थहरू' निबन्ध सङ्ग्रहको आस्थाको अवशेषमा निम्ताहरुको जुलुस 'समयका सम्भावनाहरू' निबन्ध सङ्ग्रहमा रहेको 'मार्फत साथीहरू' देश दुःखेको खवर, मूर्ख र मन, रहेका छन् । त्यस्तै 'एक्लो परिचय' निबन्ध सङ्ग्रहमा रहेका निबन्धहरू भ्रमको रात र सम्भावनाको विश्वास, श्वेत सलाम, खगेन्द्रदेखि सगरमाथा सम्म, लोकतान्त्रिक प्रश्नहरू, बन्दको बाढी जस्ता निबन्धहरू राष्ट्रवादी भावनाले ओतप्रोत भएका निबन्धहरू हुन् ।

देशमा चलिरहेको गृहयुद्धले जनतामा समस्या, पीडा, अभाव र नैराश्य बढाएको मात्र नभई सिङ्गो देश नै जर्जर बनेकाले हत्या हिंसालाई त्यागेर राष्ट्रको अभ्युत्थानमा लाग्नु पर्नेश्रेष्ठ 'रोदन' का निबन्धहरूको राष्ट्रवोध हो । सङ्क्षेपमा भन्दा राष्ट्र प्रेमको स्वरलहरीले निबन्धहरूको गरिमालाई बढोत्तर बनाएको छ । त्यसैले उनी राष्ट्रवादी र देशभक्त निबन्धकार हुन् ।

### ६.२.५ समसामयिकता

श्रीओम श्रेष्ठ 'रोदन' का निबन्ध रचनामा पाइने अर्को प्रमुख प्रवृत्ति समसामयिकता हो । श्रेष्ठ 'रोदन' का अधिकांश निबन्ध रचनाहरूमा समसामयिकता प्रचुर मात्रामा भेटिन्छ । श्रेष्ठ 'रोदन' ले अहिलेको वर्तमान समयमा देखेका, सुनेका, भोगेका र अनुभव गरेका घटनाहरूलाई समसायिक धरातलबाट टिपेर प्रस्तुत गरेका छन् । सरल एवम् सहज भाषा शैलीको प्रयोग गर्दै वर्तमान समाजमा घट्ने घट्न सक्ने घटनालाई अगाडि सारेर निबन्धको रचना गरेका छन् । 'निम्तोपत्र' प्रारम्भ पुन : प्रांम्भ :, स्वाद, को भ्रम अर्को अर्थ नलागोस, मेरो भ्रम मेरो लेखनी, देश दुखेको खवर, प्रतीक्षाको समय श्वेत सलाम, खगेन्द्र देखि सगरमाथासम्म, लोकतान्त्रिक प्रश्नहरू, भ्रमको रात र सम्भावनाको विश्वास, थाहा छैन मलाई किन ? लगाएत अधिकांश निबन्धहरूमा समसामयिकता पाउन सकिन्छ ।

समकालीन समाजमा घटेका घटना-दुर्घटना, विकृति र विसङ्गतिहरूलाई सचेततापूर्वक निबन्धहरूमा उपस्थापन गरिएको छ । राजनीतिक, आर्थिक, धार्मिक, साँस्कृतिक, स्वस्थ, वर्तमानमा देखिएको युद्धमय इत्यादि समकालिन समाजका सर्वाङ्गीण पक्षहरूको यथार्थभिव्यक्ति भएकोले निबन्धसङ्ग्रह समसामयिक चेतनाका दृष्टिले उत्कृष्ट छ ।

यि बाहेक श्रीओम श्रेष्ठ 'रोदन' का निबन्धमा, चित्रात्मकता, साहित्यिक विकास, मानवीयता, नैतिक आदर्श, प्रकृतिक प्रेम, कारुणिकता, प्रगति चेतना जस्ता निबन्धात्मक प्रवृत्तिहरू पाइन्छन् ।

## ६.३ श्रीओम श्रेष्ठका "रोदन" का नियात्राका प्रवृत्तिहरू

श्रीओम श्रेष्ठ 'रोदन' नेपाली साहित्यको नियात्राका विधामा कलम चलाउने दीर्घसाधक हुन् । वि.सं २०४६ सालदेखि निबन्धविधामा कलम चलाउने नियात्राकारको वि.सं.२०६० मा 'समुद्रपारि समुद्रवारी' र वि.सं २०६२ सालमा 'नर्विसने दिनहरू' नियात्रा सङ्ग्रह प्रकाशित भएको पाइन्छ । यसर्थ यिनै नियात्रागत रचनाका आधारमा उनको प्रवृत्ति केलाउन सकिन्छ ।

### ६.३.१ आत्मपरकता

नियात्राकार श्रीओम श्रेष्ठ 'रोदन' का रचनाहरूमा आत्मपरकता प्रखरता देखिन्छ । नियात्रामा नियात्राकारले यात्राका क्रममा देखिएका भोगेका र अनुभव गरेका विषयहरूलाई प्रथम पुरुषशैलीमा प्रस्तुत गरेका छन् । नियात्राकारले यहाँ कुनैपनि कल्पनाको नजिक नपुगी वास्तवीक सत्य घटनालाई टिपेर आफ्नो रचनमा प्रस्तुत गरेका छन् । यात्रा गर्दा व्यक्तिगत जीवनमा देखिएका, भोगेका, अनुभव गरेका र जानेवुझ्केका अनुभूतिलाई विषयबस्तु बनाई नियात्रा रचना गर्ने काम उनीबाट भएको छ । श्रेष्ठ रोदनले आफैलाई आफ्ना निबन्धको विषयवस्तु वनाएर आफ्नै जीवनका भोगाइहरूको अभिव्यक्ति आफ्ना रचनामा गरेका छन् ।

श्रेष्ठ 'रोदन' का संङ्ग्रहका नियात्राहरू आत्मपरक शैलीका साथै निजी अनुभूति र आत्मरागले ओतप्रोत भएका नियात्राहरू छन् । त्यसैले आत्मपरकता यिनको मूलभूत प्रवृति हो ।

### ६.३.२ दृश्यात्मकता

नियात्राकार श्रीओम श्रेष्ठ 'रोदन' का नियात्रा रचनाहरूमा दृश्यात्मकता प्रखरता देखिन्छ । यिनका अधिकांश नियात्राहरूमा दृश्यात्मकता प्रचुर मात्रामा पाइन्छ । कतै नियात्राको पहिलो पृष्ठमा त कतै विचमा आएको दृश्यहरूको प्रयोगले गर्दा उनका रचनाहरू अतिनै रमणिय र रोचक वनेका छन् । यस्ता दृश्यहरूमा मुक्तिनाथको मन्दिर अगाडि श्रेष्ठसहितको सामूहिक दृश्य, जोमसोमको विमानस्थलको दृश्य, सिद्धिचरण श्रेष्ठको सालिक सहितको ओखलढुङ्गा, कहालि लाग्ने घुर्मीको वसयात्राको दृश्य, नगरकोटको सुन्दर दृश्य, जंगलयात्राको दृश्य साहित्यिक कार्यक्रममा सहभागिहरूको सामूहिक दृश्य, हिउँले सेताम्ये फूलचोकी डाँडाँको दृश्य लगायतका दृश्यहरू रहेका छन् । 'नविर्सने दिनहरू' नियात्रासंङ्ग्रहका प्राय नियात्राहरूमा यस्तो दृश्यहरू पाइन्छ । जसले गर्दा उनका रचनाहरू थप आकर्षक वनेका छन् । त्यसैले दृश्यात्मकतालाई नियात्राको प्रवृत्तिको रूपमा लिन सकिन्छ ।

### ६.३.३ व्यङ्ग्यात्मकता

नियात्राकार श्रीओम श्रेष्ठ 'रोदन' का अधिकांश यात्रा संस्मरणमा व्यङ्ग्यात्मकता  पाइन्छ । उनले नियात्रामार्फत् नेपाल र नेपालीहरूले भोग्नुपरेका र भोगिरहेका असङ्गति र विकृतिजन्य कुसस्कारप्रति व्यङ्ग्य गर्दछन् र सुधारको चाहना राख्दछन् । यसर्थ उनका नियात्रासङ्ग्रहहरू व्यङ्ग्य विधानका दृष्टिले सम्पन्न देखिन्छन् । श्रीओमको व्यङ्ग्य गर्ने शैली रोचक भैकन पनि घोचक सरल भइकन पनि कसिलो छ । आजका मान्छेका आडम्वरपूर्ण व्यवहार देखि श्रेष्ठ रोष प्रकट गर्न पुग्दछन् र यथार्थलाई खोतल्न चाहन्छन् ।

'जहिले पनि नयाँ लाग्ने नयाँ दिल्ली' नियात्रामा दिल्ली र नेपालको व्यङ्ग्यात्मक तुलना गर्दै श्रेष्ठ भन्दछन् 'हाम्रो राजधानी भने जुन गोरुको सिंङ छैन उसको नाम तिखे भने जस्तै छ । जहाँ खानेपानीको व्यवस्था छैन । घरघरका फोहोर उठाउँन नसकेर मूलचोकहरू तीन चार दिनसम्म डम्पीङ् साइड बन्छ ............. यस्तै महानगरपालिकाको मन्त्र नारा छ - स्वच्छ, सफा हराभरा मेरो काठमाडौं । बहुला कुकुरले भुकेजस्तो अर्थहीन भुकाइहरू" (पृ.८५) कामगरेर देखाउने भन्दा खोको भाषण गर्नेहरू प्रति व्यङ्ग्य प्रहार गरेका छन् । त्यसैले उनका अन्य प्रवृत्तिहरू जस्तै व्यङ्ग्यात्मकता पनि थप प्रवृत्तिको रूपमा विकसित भएको पाइन्छ ।

### ६.३.४ प्रकृति चिन्तन

प्राकृतिक वातावरणमा भ्रमण गर्न पाउँदा सुखको अनुभूति गर्ने  गरेका श्रेष्ठको नियात्रामा प्रकृतिप्रेम पाइन्छ । प्राकृतिक वस्तुलाई मानविकरण गरेर त्यसको माध्यमबाट आफ्ना विचारहरू प्रस्तुत गर्ने श्रेष्ठका प्राय नियात्राहरूमा प्रकृतिको चित्रण गरिएको छ । उनको प्रकृति प्रेम प्रवृत्ति भएका नियात्राहरूमा मुत्तिनाथमा मुत्ति खोजिन मैले, हिमालपारिको सुरक्षा र शिष्टता तौल छटाउने घुर्मीको यात्रा, अभीप्सित मायावी नगरकोट राजधानीको सगरमाथा : 'हिउँको यात्रा' लगायतका अधिकांश नियात्राहरू रहेका छन् ।

'हिमालपारिको सुरक्षा र शिष्टता' मा 'डाँडाहरू हेर्छु नाङ्गाको नाङ्गै छ हावाको फुर्ति जस्ताको तस्तै छ' 'हिमाल पूर्वत् कुमारी र सुन्दरी नै छे' (पृ.७)। यहाँ प्रकृतिमा रहेका डाँडा, हावा र हिमाललाई मानवीकरण गरी प्रसंसा गरिएको संकेत छ । यी वस्तुहरू मानव झै सुन्दर रहेको भाव व्यक्त गरेका छन् । यसर्थ प्रकृति चिन्तन यिनको अर्को प्रवृत्ति हो ।

### ६.३.५ साहित्यक चिन्तन

साहित्यप्रेमी श्रेठ 'रोदन' ले उनका नियात्राहरूमा साहित्य, साहित्यकार, साहित्यिक कार्यक्रम र साहित्यिक भ्रमणको सन्दर्भमा कलम चलाउँदै आएको  पाइन्छ

। साहित्यको क्षेत्रमा देखिएका विकृति हटाउन र सचेतनाका लागि केहि यस्ता रचनाहरू लेखेको पाइन्छ । 'समुद्रपारि समुद्रवारी' नियात्रासंङ्ग्रहका समुद्रपारिका नियात्राहरू त्यहाँको समाज रिति स्थिति भौतिक विकास तथा त्यहाँका नविन तथ्यहरूको खोजिमा केन्द्रित रहेका छन् भने समुद्र वारिका दार्जलिङ, सिक्किमतिरका नियात्राहरू भाषासाहित्यसँग सन्निकट देखिन्छन् । उनका दार्जलिङ्गको चित्त, कालेबुङ्का हतारिला स्मृतिहरू, गान्तोक जुनी रहे फेरि भेटौला लगायतका नियात्राहरू साहित्यिक विषयसँग सम्वन्धित छन् । सिकिमेली साहित्यकारहरू नेपाली साहित्यकारहरूसँग नजिक हुन नचाहेको प्रत्यक्ष अनुभव वटुलेका रोदनले 'गान्तोक जुनी रहे फेरी भेटौला नियात्रामार्फत् भन्दछन् "सिक्किमेली साहित्यकारहरू नेपालका साहित्यकारप्रति त्यति खुल्ला हुन चाहदैनन् नेपालबाट आएका लेखक भन्नासाथ सतर्क भएजस्तो लाग्यो । भावनात्मक सौहार्दता हुनुपर्ने तर हुन नसकेको ठाने मैले' । यस दृष्टिबाट रोदन साहित्क चिन्तनको प्रवृति बोकेका नियात्राकार हुन् भन्ने पुष्टी हुन्छ । त्यसैगरी उनका प्रायः नियात्राहरूमा एकनासक कोणबाट साहित्यिक चिन्तन झल्केको पाइन्छ ।

### ६.३.६ धार्मिक तथा साँस्कृतिक चिन्तन

हाम्रो समाजमा धार्मिक तथा रुढीबादी अन्धविश्वासले कैयौ शताव्दीदेखी असर पार्दै अएको छ । यसलाई निराकरण गर्नको लागि श्रेष्ठ रोदन साँस्कृतिक परिर्वतनका लागि कलम चलाउँदै आएको पाइन्छ । मानव स्वतन्त्रता र मुक्तिका लागि सवैभन्दा पहिला साँस्कृतिक रूपान्तरण गर्नु आवश्यक छ भन्ने मान्यता रहेका रोदन धर्मले पारेको असर र विकृतिलाई हटाउन वा सचेतनाका लागि केहि यस्ता नियात्राहरू लेखेको पाइन्छ । 'मुत्तिनाथमा मुत्ति खोजिन मैले' 'फेरि महसुस : पानी र पातको' 'गडिमाईको दङ्गै दङ्गा', कालेबुङका हतारिला स्मृतिहरू, ऐतिहासिक सहर प्राग कसरी विर्सने, 'यूरोपमा इथोपियनहरूसँगको एक रात' आदि रहेको छन् ।

'मङ्सिर शुक्ल पंचमीदेखि अष्टमीसम्मको चार दिन मेला प्रमुख दिन हुन् । पन्चमीको दिन मूल पुजारीको घरआँगनको मठबाट पुजाको सुभारम्भ हुन्छ । षष्ठीको दिन

मेवामिष्ठान्न चढाएर पन्चवली रूपमा र सप्तमीको मध्यरातमा राँगाँ बोका, हास, परेवा र सेतो मुसाको पन्चवली दिइन्छ” (पृ.९४) । गढीमाइको मन्दिरमा गरिने पुजाआजाको धार्मिक मान्यतालाई वर्णन गरेका छन् भने पंचवली प्रथाको विरोध गरेको उल्लेख पाइन्छ । यी राष्ट्रिय तथा अन्तराष्ट्रि समाजमा धर्मको नाममा भएको विकृतिलाई हटाएर उन्नत समाज र सस्कृतिको विजारोपण गर्न योगदान पुऱ्याउने आशा अभिव्यक्त रहेको  देखिन्छ ।

यि बाहेक, मानवियता, नैतिक आदर्श, कारुणिकता, दार्शनिकता, पत्रात्मकता, यथार्थाता, निजात्मकता जस्ता यात्रासस्मरणात्मक प्रवृति यिनका रचनामा पाइन्छन् ।

## ६.४ निष्कर्ष

निबन्धकार श्रीओम श्रेष्ठ ‘रोदन’ द्वारा लिखित निबन्ध सङ्ग्रहहरू वैयक्तिक यात्रानुभूति र समसामयिक विषयवस्तमा आधारित भावनात्मक, विचारात्मक निबन्धमा सङ्ग्रहहरू हुन् । निबन्धकारले मूलत : आफूद्वारा अनुभूत जीवनजगत्को प्रस्तुति, समकालिन नेपाली समाजका  बढीरहेको युद्ध आतङ्कले  देश र जनतामा पारेको दीर्घकालीन दुस्प्रभावलाई सङ्ग्रहको विषयवस्तु बनाएका छन् । समकालीन समाजका राजनीतिक, आर्थिक, धार्मिक, साँस्कृतिक, साहित्यिक र अन्तर्राष्ट्रिय क्षेत्रहरूमा देखिएका विकृतिहरूलाई टिपेर यथावत् प्रस्तुत गर्नु र त्यस्ता विकृतिहरूप्रति व्यङ्ग्य गर्नु उनका निबन्धहरूको अभीष्ट हो । मानवीय स्वार्थी र निरीहपन, पैसा प्रतिको मोह, र राजनीतिकर्मीहरूको संकुचित र घृणित व्यवहार, वर्तमानमा देश र जनताले भेल्नुपरेको युद्ध सन्त्रास आदिको जीवन्त प्रस्तुति निबन्धहरूमा पाइन्छ । विषयवस्तु विविध क्षेत्रबाट टिपेर पनि यिनले आफ्नो रचनालाई अनुभूतिले सजाएर प्रस्तुत गरेका छन् । यिनका निबन्धमा व्यक्तितत्वको प्रवलता रहेको स्पष्ट हुन्छ श्रेष्ठ ‘रोदन’ का निबन्धात्मक प्रवृत्तिलाई हेर्दा आत्मपरकता यिनको मूलभूत प्रवृत्ति हो । यसका साथै यथार्थता, व्यङ्ग्यात्मकता, चिन्तनशीलता, राष्ट्रवादी भावना, प्रकृतिप्रेम, मानवीयता, समसामयिता चित्रात्मकता पत्रात्मकता, नैतिक आर्दश, कारुणिकता, निजात्मकता प्रगति चेतना जस्ता निबन्धात्मक प्रवृत्तिहरू यिनका निबन्धमा पाइन्छ ।

नेपाली निबन्धको समसामयिककाल अन्तर्गतका नेपाली निबन्ध र नियात्रामा यात्रा संस्मरणात्मक, आत्मसस्मरणात्मक हाँस्यव्यङ्ग्यात्मक आत्मपरक राष्ट्रप्रेम र समसामयिक विषयवस्तुले ओतप्रोत भएका निबन्धहरू लेख्ने क्रमले तिव्रता पाएको छ । यस समयमा श्रीओमका समवर्ती निबन्धकारहरू भीष्म उप्रेती, युवराज नयाँघरे श्रवण मुकारुङ, प्रा.डा. अभि सुवेदी, धनुषचन्द्र गोतामे, निमोही व्यास, कुमारी लामा, पूर्ण प्काश यात्री, कृष्ण धारावासी, डी.पी. भण्डारी, केदार शर्मा, ठकाल, जस्ता प्रखर निबन्धकारहरूको लेखनी पनि यसै मूलभूत विशेषता भएका निबन्धमा बढी तीव्र रहेको पाइन्छ । यस बाहेक निबन्धकारका नियात्राहरूका समष्टिगत मूलभूत प्रवृत्तिका रूपमा निजात्मकता, नवीन प्राप्तिको सम्प्रेंषण, यथार्थता, प्रकृति चित्रण, राष्ट्रप्रेम, मानवता, पत्रात्मकता, सामाजिक र आर्थिक चित्रण, जाति संस्कृति र राष्ट्रप्रेम, धार्मिक साँस्कृतिक पुरातात्विक सूचना सम्प्रेषणमा दृश्यात्मकता, अन्तराष्ट्रिय चित्रण र सुधारवादी विचार आदि देखिन्छन् । निबन्धकार ‘रोदन’ भने वि.सं. २०४६ देखि नै चित्रात्मकता, वर्तमानवोध र युगचेतना, सान्दर्भिक उखान र टुक्काहरुको प्रयोग प्रयोगधर्मिता र विषयवस्तुमा समसामयिकता शैलीमा सरलपन, भनाइमा छरितोपन, विविध भाव र अनुभूतिहरूको विकीर्णता, साहित्यिक परिवेशसँग सम्बद्ध, निजी विषयहरूको उद्घाटन वौद्धिकता र हार्दिकताको सन्तुलन, काव्यात्मकता एव्म सुक्तिमय भाषिक प्रयोग जस्ता नयाँ सोचका साथ निबन्ध र नियात्रामा अगाडि बढेका छन् । यिनै विविध विशेषताहरूले श्रेष्ठ ‘रोदन’ लाई समसामयिक प्रतिनिधि निबन्धकारको रूपमा स्थापित गराएको देखिन्छ ।

# सातौं परिच्छेद

## उपसंहार

श्रीओम श्रेष्ठ 'रोदन' (२०१९) प्रगतिवादी साहित्यकार हुन् । उनका जीवनी व्यक्तित्व र कृतित्ववारे अध्ययन भइसकेको छ । यो शोध उनको निबन्धकार व्यक्तित्वमा केन्द्रित छ । उनको निबन्धकार व्यक्तित्वको चिनारी, निबन्धयात्रा , निबन्ध सङ्ग्रहहरूको अध्ययन र निबन्ध प्रवृत्तिको अध्ययन गरी श्रेष्ठ 'रोदन' को निबन्धको मूल्याङ्कन गरिएको छ ।

### ७.१ सारांश

प्रस्तुत शोधपत्रको पहिलो परिच्छेमा शोधपत्रको परिचय दिइएको छ । शोधपत्रको परिचय दिने क्रममा विषय परिचय, समस्या कथन, शोधको उद्देश्य, शोधकार्यको औचित्य शोधकार्यको सीमाङ्कन र शोधपत्रको रूपरेखा प्रस्तुत छ ।

प्रस्तुत शोधपत्रका दोस्रो परिच्छेदमा श्रीओम श्रेष्ठ 'रोदन' को जीवन र व्यक्तित्व अध्ययन अन्तर्गत उनको जीवन, जन्म र जन्मस्थान वाल्यकाल, अक्षराम्भ तथा शिक्षादीक्षा, विवाह र सन्तान, पारिवारिक आर्थिक अवस्था, श्रेष्ठ 'रोदन' को लेखन प्रेरणा र स्रोतका साथै अन्य व्यक्तित्वका पक्षहरूलाई उपशीर्षकमा पनि अध्ययनको चिनारी प्रस्तुत छ ।

प्रस्तुत शोधपत्रको तेस्रो परिच्छेदमा चिनारी प्रस्तुत छ । प्रस्तुत शोधपत्रको तेस्रो परिच्छेदमा नेपाली निबन्धको चिनारी निबन्धका तत्वहरु, निबन्धको वर्गीकरण र नेपाली निबन्धको विकास प्रक्रिया प्रस्तुत छ ।

प्रस्तुत शोधपत्रको चौथो परिच्छेदमा श्रेष्ठ 'रोदन' को निबन्ध यात्रा र उनका निबन्ध सङ्ग्रहहरूको विधा तत्वका आधारमा विषयवस्तु भावा वा विचार र भाषाशैली गरी विश्लेषण गरिएको छ । यसमा श्रेष्ठ 'रोदन' को संवेदनाका स्वरहरू (संयुक्त निबन्ध सङ्ग्रह) २०५४, अर्थहीन अर्थहरू (२०५४) समयका सम्भावनाहरू (२०५९)

समुद्रपारि समुद्रवारि (नियात्रा, २०६०), नर्बिसर्ने दिनहरू (नियात्रा, २०६२) र एक्लो परिचय :२०६९ निबन्ध सङ्ग्रहहरूको अध्ययन गरिएको छ ।

प्रस्तुत शोधपत्रको पाँचौ अनुच्छेदमा श्रीओम श्रेष्ठ 'रोदन' का विविध प्रवृत्तिको अध्ययन गरिएको छ । उनको प्रवृत्तिमा आत्मपरकता, यथार्थता, व्यङ्ग्यात्मकता, राष्ट्रवादी भावना, समसामयिकता,प्रकृतिप्रेम, मानवतावादी चिन्तन र अन्तर्राष्ट्रियतावादी चिन्तन, साहित्यिक चिन्तनको अध्ययन रहेका छन् ।

## ७.२ निष्कर्ष

कथा र कविता भन्दा निबन्धको फाँटमा प्रभावकारी र प्रौढ लेखनी चलाउने श्रीओम साहित्यको क्षेत्रमा निबन्धकार व्यक्तित्वको रूपमा स्थापित भएका छन् । उनका हालसम्म प्रकाशित कृतिहरूको अध्ययनबाट उनका निबन्धगत प्रवृत्तिहरूको पहिचान गर्दा उनी आत्मपरक निबन्ध स्रष्टाका रूपमा चिनिन्छन् । निबन्धमा समसामयिक युग जीवनको यथार्थ प्रस्तुति उनको निबन्धात्मक वैशिष्ट्य हो । नजिकैबाट जीवनजगतको अध्ययन गरी निबन्धहरूमा तिनीहरूको चित्रण गर्न यिनका निबन्धहरू सक्षम रहेका छन् । समकालीन समाजमा विभिन्न पक्षहरूमा देखापरको विकृति र विसङ्गतिहरूलाई विषयवस्तुका रुपमा ग्रहण गरेर त्यस्ता सङ्गतिहीन पक्षहरूमाथि व्यङ्ग्य गर्नु उनको निबन्धगत प्राप्ति हो ।

निबन्धकार श्रेष्ठको अर्को मुख्य विशेषता आत्म प्रकाशनको प्रवतला पनि हो । जीवन जीउने क्रममा आफूले देखेका सुनेका र भोगेका तीता-मीठा अनुभूतिहरूलाई यिनले अधिमूल्यन वा अवमूल्यन नगरी जस्ताको त्यस्तै प्रस्तुत गरेका छन् । अत : अधिकांश निबन्धहरूमा आफैलाई प्रस्तुत गर्न सक्नु उनको शिल्पगत खुबी हो । आफूले घुमेका, देखेका र भ्रमण गरेका विभिन्न देश र स्थानहरूलाई विषय बनाई उनले लेखेका नियात्रा निबन्धहरू नेपाली निबन्ध साहित्यकै महिमामय उपलब्धी हुन् । श्रीओमका नियात्राहरूमा नियात्राकारमा हुनुपर्ने निजात्मकता, हार्दिकता, आत्मियता, संस्करणात्मक तथा अनुभूति जन्य गुणहरू प्रशस्त पाइन्छन् । प्रकृतिसितको साक्षत्कार र सामित्य

जनजीवन र संस्कृतिप्रतिको अगाध स्नेह सामाजिक चेतनाका आग्रह र चाहना शान्ति मैत्री र यथार्थका भावहरू प्रसस्त भेटिन्छन् ।

समकालीन समय र समाजवोध एवम् युगीन चेतना भएका श्रीओम साहित्यिक परिवेशसँग सम्बद्ध विषयवस्तुको यथार्थ प्रस्तुति उनको रचना कलाको वैशिष्ट्य हो । शैलीमा सरलता, भनाइमा द्रुतता, अनुभूतिहरूको विकीर्णता, बौद्धिकता, तार्किकता, काव्यात्मकता, सूक्तिमयता आदर्श विचार व्यङ्ग्यत्मकता चातुर्य प्रयोगधर्मिता, विषयगत समसामयिकता, मन र मस्तिष्कको कलात्मक सन्तुलन, राष्ट्रियता र मानवताको उद्घोषण, उखान प्रयोगमा सान्दर्भिकता जस्ता वैशिष्ट्यहरूले गर्दा श्रेष्ठ नेपाली निबन्ध विधाका समकालीन प्रतिनिधि निबन्धकारका रूपमा रहेका छन् । त्यसैले नेपाली निबन्धका फाँटमा उनको योगदान अविस्मरणीय रहन गएको छ ।

## सन्दर्भसामग्री सूची


उपाध्याय, केशव प्रसाद, **पूर्वीय साहित्य सिद्धान्त,** ते. सं. सा. प्र. काठमाण्डौं, २०५४ ।

गौतम, देवीप्रसाद र खगेन्द्र लुइटेल, **नेपाली निबन्ध,** चौ. सं नवीन प्रकासन काठमाडौं, २०५४ ।

थापा, मोशन हिमांशु, **साहित्य परिचय,** चौ. सं., साझा प्रकाशन, काठमाण्डौं, २०५० ।

देवकोटा, लक्ष्मीप्रसाद, **लक्ष्मी निबन्ध सङ्ग्रह,** बा.सं. साझाा प्रकाशन, काठमाडौंः २०४९ ।

पिग्विन, रवर्ट पी, **दि इन्साइक्लोपेडिया ब्रिटानिका,** भोलुम ४, प्र. सं., अमेरिकी युनिभर्सिटी अफ सिकागो, १९९० ।

विनय (सम्पा.), **निबन्धालोक,** दिल्ली : साहित्यकेन्द्र, १९९८ ।

शर्मा, गोपीकृष्ण, **नेपाली निबन्धको परिचय,** चौं सं. रत्न पुस्तक भण्डार, काठमाण्डौं, २०४६ ।

शर्मा, मोहनराज, **समकालीन समालोचना सिर्द्धिान्त र प्रयोग,** ने. प्र. प्र. काठमाण्डौं : २०५४ ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास,** आ. सं, साझा प्रक्ाशन, काठमाण्डौंः २०६३ ।

श्रेष्ठ, श्रीओम, **‘अर्थहीन अर्थहरु’** प्रं सं., वसन्तकुमार चौधरी, २०५४ ।

श्रेष्ठ, श्रीओम, **‘समयका सम्भावना’** प्र.स्. चितवन वाङ्मय प्रतिष्ठान (२०५९) ।

श्रेष्ठ, श्रीओम, **‘समुद्रपारि समुद्रवारि’** प्र. सं., साझा प्रकाशन, २०६० ।

श्रेष्ठ, श्रीओम, **‘नबिर्सने दिनहरु’** प्रं सं साझा प्रक्ाशन, २०६२ ।

श्रेष्ठ, श्रीओम, **‘एक्लो परिचय’** प्र. सं साझा प्रक्ाशन, २०६९ ।

सुवेदी, राजेन्द्र, **स्रष्टा सृष्टि : द्रष्टा -दृष्टि,** ते.सं साझा प्रकाशन, काठमा(डौं : २०५८ ।

अधिकारी, शारदा, ‘ कम्मर कसेका युवा पुस्ताको सङग्रह’, **मधुपर्क**, वर्ष ३१, अङ्क १, पूर्णङ्क ३५८, २०५५ । पृ. २६ ।

अवस्थी, महादेव, ‘ निबन्धको सैद्धान्तिक परिचय र निबन्ध लेखनका औचित्य एवम् फाइदा’, **कुञ्जिनी,** वर्ष ६, अंक ४ । पृ.

गोर्खाली, रमेश, ‘ समयका सम्भावनाहरुमा स्रष्टाको आयमिक अनुभूति,’ **समष्टि,** वर्ष २३४ अङ्क छ, २०६० । पृ.

ढकाल, कृष्ण ‘यात्रामा साहित्य’, **गरिमा**, वर्ष २३, अङ्क १००, २०६१। पृ.

पोखरेल, ठाकुर प्रसाद, ‘ रोदनको निबन्धकारिता’ **गरिमा** वर्ष २६, अङक ३, २०६४ । पृ. ११७ ।

पन्थी, देवी, ‘निबन्ध लेखन र रोदनको अर्थहीन अर्थहरु, **दिग्दर्शन साप्ताहित,** वर्ष १९, अंक २६, २०५७) पृ.

राउत, रामेश्वर मातृदास, ‘समुद्रपारि - समुद्रवारि विचमा रोदन, **खवरकागज,** वर्ष २३, अङ्क ४ २०६१. पृ ।

शर्मा, सुकुम, ‘पठनीय निबन्ध सङ्ग्रह - संवेदनका स्वरहरु’ **समाचार पत्र,** वर्ष ३१, अङ्क १, पूर्णङ्क ३४८, २०५५ । पृ.

सापकोटा, बन्धु, ‘तीन सन्दर्भका यात्रा एकै सन्दर्भका नियात्रा’, **जनधारणा,** वर्ष १२, अङ्क ३, २०६० । पृ. ६

श्रेष्ठ, श्रीओमको जीवनी व्यक्तित्व र कृतित्व, एम. ए. शोधपत्र, त्रि.वि. क्या. २०६३ ।

सिंह मोहन विक्रमको निबन्धकारिता, एम. ए. शोधपत्र त्रि.वि.वि., २०६८ ।

## परिशिष्ट

साहित्यकार एंव समाजसेवी श्री ओम 'रोदन' का बारेमा शोधखोज गर्ने सिलसिलामा यो शोधकर्ताले उहाँकै निवासस्थलमा भेटेर साहित्यक, पारिवारिक र सामाजिक क्षेत्रसगं सम्बन्धित रही लिखित रुपमा लिएको अन्तवार्तालाई यस परिशिष्ट खण्डमा प्रस्तुत गरिएको छ ।

१. तपाईको पूरा नाम थर बताइदिनुहोस् न ।

२. तपाईको जन्म कहाँ र कहिले भएको हो ?

३. तपाँइको बुवा आमाको नाम के हो ?

४. बुवाआमाले के कति शिक्षा प्राप्त गर्नुभएको थियो ?

५. तपाईको शिक्षाबारे केही बताईदिनुहोस् न ?

६. तपाइको पारिवारिक आर्थिक अवस्थाबारे बताईदिनुहोस् न

७. लेखन बाहेक तपाईको रुचि के मा छ ?

८. पहिले अभिनय पनि गनुहुन्थ्यो होइन र ?

९. तपाईले कुन पेसा वा व्यवसाय अँगाल्नु भएको छ?

१०. तपाई कुन -कुन संस्थासँग आवद्ध हुनुहुन्छ?

११. देश विदेश कहाँ भ्रमण गर्नुभएको छ ?

१२. हालसम्म के कति मानसम्मान र पुरस्कार प्राप्त गर्नुभएको छ?

१३. साहित्यक लेखनयात्रा कहिले देखि सुरु गर्नुभयो ?

१४. तपाईले साहित्यका कुन -कुन विधा वा क्षेत्रमा कलम चलाउनु भएको छ ?

१५. तपाईको प्रथम रचना कुन हो र त्यो कुन पत्रिकामा छापिएको थियो ?

१६. साहित्यका विविध विधाहरु मध्य तपाईको मूख्य विधा चांहि कुन हो ?

१७. साहित्यलाई कसरी प्राप्त गर्नुहुन्छ ?

१८. तपाईको विचारमा जीवन र जगत के हो ?

१९. नेपाली निबन्ध फाँटको उत्थानमा के के गर्नुपर्ला ?

२०. निबन्धको मूल भाव वा विचार कस्तो हुनुपर्छ ?

२१. हाल के लेख्दै हुनुहुन्छ ? कुनै कृति प्रकाशोन्मुख छ कि ?

२२. एक सम्पादकको दृष्टिमा नेपाली निबन्धको वर्तमान स्थिति के कस्तो छ?

२३. तपाईको निबन्ध लेखनको उद्देश्य के हो ?

२४. अन्त्यमा आफ्ना साहित्यक पाठक र शुभचिन्तकलाई केही भन्नुहुन्छ कि ?